जि.प्र.का. पाल्पा स्थायी द.न. : २९/०७३/७४ पा.जि.हु.का.द.नं : १६/०६८/६९

# उत्तरदायित्व

त्रैमासिक

Uttardayitwa Quarterly

वर्ष:१० अंक:२ पूर्णाङ्क:२३ साउन २०७८ Jul-Aug 2021



- महाभारत ग्रन्थमा पञ्चशिखका विचारहरु
- सोभियत नेता निकिता खुश्चेभसँग जम्काभेटको कथा
- ऐतिहासिक अन्याय
- कृषि उत्पादन र वातावरण

"गुणस्तरीय आर्थिक, भौतिक, सामाजिक पूर्वाधार विकासको माध्यमद्वारा समृद्ध रिब्दीकोट"

# रिब्दीकोट गाउँपालिकाको गाउँवासीहरूमा अनुरोधः

- जन्म, मृत्यु र बसाईसराई जस्ता व्यक्तिगत घटनाहरू आ-आफ्नो वडा कार्यालयमा दर्ता गराऔं ।
- जेष्ठ नागरिक र असक्त मानिसहरूप्रति सधै मानवीय व्यवहार गरौं ।
- समाज र समुदायप्रतिको नागरिक दायित्व पुरा गरौं ।
- गाउँ घर सफा राखौं, आफ्नो घर वरिपरि सफा राखौं र सभ्य नागरिकको परिचय दिऔं ।
- फोहोर मैला निश्चित स्थानमा मात्र फाल्ने बानी बसालौं ।
- खानेपानीको मूल संरक्षण गरौं र वातावरण मैत्री समाजको निमार्ण गरौं ।
- सार्वजनिक सम्पत्तिहरूको संरक्षण गरौं ।
- गाउँपालिकामा दर्ता नभएका व्यापार, व्यवसाय, उद्योग तथा फर्महरू तुरुन्त दर्ता गरौं ।
- गाउँपालिकालाई बुझाउन पर्ने करहरू समयमै बुझाउने गरौं ।
- गाउँपालिकाबाट पारित भएका योजनाहरू समयमै सम्पन्न गरौं ।
- नमुना गाउँपालिका बनाउन सबैले आ-आफ्नो ठाउँबाट सक्दो सहयोग गरौं ।

| प्रेमचन्द्र अर्याल | लक्ष्मी खनाल | नारायण बहादुर जि.सी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**रिब्दीकोट गाउँपालिका**

**खस्यौली,पाल्पा**

*लुम्बिनी प्रदेश, नेपाल*

Website: www.ribdikotmun.gov.np
Email: info@ribdikotmun.gov.np

फोन.नं: ०७५-६२००५५,६९२३०७

जि.प्र.का.पाल्पा स्थायी द.नं. २९/०७३/०७४
जि.हु.का.पाल्पा द.नं. १६/०६८/६९

उत्तरदायित्व
Uttardayitwa Quarterly
त्रैमासिक

**प्रकाशक/सम्पादक**
गणेशराज ज्ञवाली

**प्रबन्ध सम्पादक**
नवराज ज्ञवाली

**सह सम्पादक**
रामराज ज्ञवाली

**व्यवस्थापक**
विवेक ज्ञवाली

**सल्लाहकार**
डा. कर्ण बहादुर बानियाँ
डा. नेत्रप्रसाद न्यौपाने

**प्रतिनिधि**
तारामिलन छन्त्याल
राजेन्द्र न्यौपाने
अन्जु भट्टराई
गीता खनाल
निरु पौडेल (खनाल)
भीष्म केसी

**पत्राचार एवं प्रतिक्रियाका लागि**
उत्तरदायित्व त्रैमासिक
रिब्दीकोट गाउँपालिका-०४, भैरवस्थान,पाल्पा
सम्पर्क नं.: ९८४७०४३८४७ , ९८४७१२८४५१
इमेल: uttardayitwapalpa@gmail.com

**मुद्रण तथा सम्पर्क कार्यालय**
कलर्स अफसेट प्रेस
बुटवल उपमहानगरपालिका-४,
लक्ष्मीनगर, रुपन्देही
फोन: ०७१-५५१३५६, ९८५७०३६९००





भैरव मन्दिर उद्यानबाट ऐतिहासिक मन्दिरतर्फ हेर्दा देखिने मनोरम दृश्य

# यस अंकमा


| | | |
|---|---|---|
| | सम्पादकीय | २ |
| रामराज रेग्मी | महाभारत ग्रन्थमा पञ्चशिखका विचारहरू | ३ |
| लोकनारायण सुबेदी | बाह्य लगानीबाट मात्र देशको विकास असम्भव | ७ |
| राम ज्ञवाली | असल मान्छेहरू... (अन्तर्वार्ता) | ९ |
| गणेश ज्ञवाली | विजय गाथा | १५ |
| कृष्ण प्रकाश श्रेष्ठ | सोभियत नेता निकिता ख्रुश्चेभसँग जम्काभेटको कथा | १६ |
| पुस्कर अथक रेग्मी | ऐतिहासिक अन्याय | १९ |
| सदानन्द अभागी | कृषि उत्पादन र वातावरण | २२ |
| सूब सेन | पाल्पाले बालेको ज्योति कहिल्यै निभ्ने छैन | २६ |
| गोम विक्रम | कोरोना संक्रमणपछि कतिमा कालो फङ्गस देखिदैछ | २८ |
| गायत्री लम्साल | कुर्ची खेलको रमिता | ३१ |


*मूल्य रु :५०/-*

सम्पादकीय

# नयाँ सरकारसँगका नयाँ अपेक्षाहरु

करिब दुई तिहाइ जनमतसहित सत्तारुढ भएको नेकपाको सरकार आफ्नै अन्तर्विरोध हल गर्न नसकेर ढल्ने परिस्थितिमा पुग्यो । अदालती निर्णयबाट एमाले र माओवादी घटकहरू पुनः अस्तित्वमा आए भने एमाले भित्रको आपसी कलह नराम्ररी झाँगियो । यही परिवेशमा तात्कालिन प्रधानमन्त्री केपी ओलीले दोश्रो पटक संसद विघटनको सिफारिस गरे ।शेर बहादुर देउवालाई प्रधानमन्त्री बनाउने निवेदन लिएर कांग्रेस, माओवादी,जसपा उपेन्द्र पक्ष,राजमो र एमालेका माधव झलनाथ समूहका केही साँसदहरू गरी १४६ जना सर्वोच्च अदालतमा सशरीर उपस्थित भई मुद्दा दर्ता गरे।अन्ततः संविधानको धारा धारा ७६(५) अनुसारको प्रधानमन्त्री बनाउने गरी शेर बहादुर देउवाको पक्षमा सर्वोच्च अदालतले परमादेश जारी गर्‍यो ।यसै निर्णयको जगमा शेरबहादुर देउवा प्रधानमन्त्री भए भने केपी ओली पदबाट बाहिरिए । यो परिस्थिति निम्त्याउन जो जति जिम्मेवार भए पनि देश र जनताका लागि सुखद स्थिति होइन । यसले देश र जनतालाई निराशा र संशयतिर धकेलिरहेको छ ।

यसअघिको केपी ओलीको सरकारप्रति जनताका प्रशस्त गुनासाहरू र असन्तुष्टिहरू थिए । कोभिडले आक्रान्त पारिरहेका जनताहरुलाई खोप र समुचित उपचार प्रबन्ध हुन सकेको देखिएन ।जनअपेक्षा अनुसारको सुशासनको व्यवस्था हुन सकेन ।राष्ट्रपतिको भूमिका पनि प्रधानमन्त्रीको कठपुतली जस्तो भयो, निष्पक्ष देखिएन । दुई पटकसम्म संसद विघटन गरी राष्ट्रपतिको आडमा अध्यादेशको भरमा सरकार चलाउन खोज्दा लोकतन्त्र र संवैधानिक व्यवस्था नै धरापमा पर्न गएको अनुभूति भयो । विकास निर्माणका गफहरू धेरै भए, काम कम भए । असन्तुलित परराष्ट्र नीतिले गर्दा देश भारत ,चीन र अमेरिकी स्वार्थको टक्करमा पर्न गएको अनुभूति भयो । सपना जगाएर सत्तारोहण भएको सरकार आफ्नै सपनाहरू हुर्काउन असफल सिद्ध भयो । सबै प्रमुख नेताहरूका धेरै थोरै दोषहरू छन्।तर नेकपाका प्रमुख नेता केपी ओलीले थोरै लचकता र सुझबुझ अपनाएको भए ,कम हठ लिएको भए शायद समग्र देश, नेकपा र केपी ओलीलाई पनि राम्रो हुन्थ्यो । तर यो नमिठो इतिहासबाट भविष्यमा शिक्षा लिनु बाहेक अरू केही बाँकी रहेन ।

जे होस् शेरबहादुर देउवा नेतृत्वको नयाँ सरकार वर्तमानको यथार्थ हो । शेरबहादुर देउवा, कांग्रेस, माओवादी,जसपा, एमालेको माधव झलनाथ समूह सबै सबै इतिहासमा कुनै न कुनै परीक्षा दिइसकेका हुन् । तसर्थ जनताले यस सरकारसँग धेरै अपेक्षा गरेका छैनन् । विगतमा केपी सरकारप्रति जे गुनासो रह्यो त्यो अब दोहोरिनुहुन्न । यस सरकारको मुख्य काम भनेको कोरोनाले आक्रान्त जनतालाई खोप प्रदान गर्नु हो । प्राकृतिक विपद्मा परेका जनतालाई यस सरकारले तत्काल राहत प्रदान गर्नुपर्छ ।बढ्दो भ्रष्टाचारका कारणले जनता निराश छन् । यो सरकारले भ्रष्टाचारको ग्राफ केही मात्रामा भएपनि ओरालो लगाउनै पर्छ । एमसीसीको सवाल पुनः टड्कारो भएर आएको छ । एमसीसी पास गर्नुहुन्न यो सरकारले । दण्डित हुनु पर्नेहरू छुट्नुहुन्न । मुख्य गरेर शान्तिप्रक्रियाका बाँकी कामलाई यो सरकारले पूर्णता दिनुपर्छ । सधैँ घाटामा चलाइएका आयल निगम, वायुसेवा निगमको चुहावट नियन्त्रण गरी नाफामा चलाउनु पर्छ । सन्तुलित परराष्ट्र नीतिमा जोड दिई सुदृढ अर्थतन्त्रको आधार तयार गर्नु पर्छ । संविधान र लोकतन्त्रमा आँच आउने कुनै काम गर्नु हुँदैन । नयाँ बोतलमा पुरानै रक्सीको कथन नदोहोर्‍याओस् यो सरकारले ।

दर्शन

रामराज रेग्मी

# महाभारत ग्रन्थमा पञ्चशिखका विचारहरू



## १. पञ्चशिखबारे

साङ्ख्य दर्शनका आचार्यहरूमा पञ्चशिखको नाम अग्रस्थानमा आउँछ । बरियताको हिसाबले उनी तेस्रो स्थानमा पर्दछन् । भनिन्छ साङ्ख्य दर्शनका प्रणेता कपिलले आफूले प्रतिपादन गरेको दर्शन सबैभन्दा पहिले आफ्ना विश्वासी चेला आशुरीलाई बताए र आशुरीले फेरि आफ्ना चेला पञ्चशिखलाई बताए । त्यसबेला लिपीको आविस्कार नभएको अवस्थामा एक जना व्यक्तिले प्राप्त गरेको ज्ञान आफ्ना चेलालाई कण्ठस्थ बनाउन लगाउने चलन थियो र ज्ञानको हस्तान्तरण पछिल्लो पुस्तामा त्यसरी नै हुँदै जान्थ्यो ।

कपिलको दशर्नका कट्टर अनुयायी भएका कारण पञ्चशिखलाई कतिपय संस्कृत ग्रन्थमा 'कपिलेय' भनेर सम्बोधन गरेको पाइन्छ । महाभारत ग्रन्थमा उनलाई 'महामुनी' (महान साधु), 'ऋषिनम् एकम्' (प्रख्यात ऋषिहरूमध्येका एक जना), 'परम ऋषि' (ठूला ऋषि) आदि विभूषण दिइएको छ । इ.पू. पाचौं शताब्दीका जैगीषव्य यिनका शिष्य भएकाले यिनको समय काल पनि इ.पू. पाचौं शताब्दी भएको ठहर्छ । 'पञ्चशिख' नाम वास्तविक नाम नभएर उपनाम हो । वास्तविक नाम के हो त्यो आजसम्म जानकारीमा आएको छैन । पाँच नदीहरूका स्रोतको ज्ञाता, पञ्चरात्र ज्ञानमा निपूण, पाँच इन्द्रियहरूलाई वशमा राख्न सक्ने, पाँच कोशभित्रका सम्पूर्ण कुराको जानकारी पाउन सक्ने आदि कारणले उनलाई पञ्चशिख भनिएको हो भन्ने मत महाभारत ग्रन्थमा नै उल्लेख गरिएको छ (पाण्डेय 'राम', २०५५ : ४९८०) । तर साङ्ख्य दर्शनमा उल्लेखित पाँच संख्याका प्राकृतिक तत्त्वहरू पञ्चज्ञानेन्द्रीय, पञ्चकर्मेन्द्रीय, पञ्चतन्मात्रा र पञ्चमहाभूतबारे स्पष्ट व्याख्या गर्न सक्ने क्षमता भएकाले नै उनलाई 'पञ्चशिख' भन्ने गरिएको हुनुपर्दछ ।

पञ्चशिखको पारिवारिक पृष्ठभूमि सम्बन्धमा प्रस्ट चित्र जनसमक्ष आएको छैन । उनी मध्य नेपालका निवासी थिए भन्ने कुरा जानकारीमा आएको छ (रेग्मी, २०७७ : ६९) । उनको जन्म परासर गोत्रीय ब्राह्मण परिवारमा भएको हो भनिन्छ । तर अशुर निवासी आशुरीका चेला भएकाले उनको पारिवारिक पृष्ठभूमि अनार्य देखिन्छ । स्वयं साङ्ख्यको बारेमा खोजी गर्ने विद्वान्हरूले दर्शनको जन्म आर्यइतर अवैदिक समाजमा भएको हो भन्ने कुरा बताएका छन् । महाभारतमा कपिला नाम गरेकी महिलाले पञ्चशिखलाई आफ्नो स्तन पान गराएर हुर्काएकी हुन् भनिएको छ । कपिला आशुरीकी पत्नी हुन् । यसबाट के अनुमान लगाउन सकिन्छ भने पञ्चशिख टुहुरा भएकाले गुरुकै आश्रममा हुर्कीएका थिए । एक जना भारतीय विदूषी प्रासन्नाले पञ्चशिखलाई हुर्काउने महिला कफा हुन् भनेर उल्लेख गरेकी छन् (Sree, 2008 : 101) ।

ईश्वरकृष्णद्वारा रचना गरिएको साङ्ख्य कारिकाले पञ्चशिखको ग्रन्थ भनी 'षष्टितन्त्र' को उल्लेख गरेको छ । त्यसमा साठी अध्याय छन् र प्रत्येक अध्यायमा एक हजार श्लोक छन् भनिएको छ । तर उक्त ग्रन्थ अहिलेसम्म कहीँ कतै भेट्टिएको छैन । साङ्ख्यकारिकामा उल्लेख गरिएको त्यस ग्रन्थको व्याख्या विश्लेषणबाट नै पञ्चशिख र उनको विचारबारे धारणा बनाउने काम भएको छ । ईश्वरकृष्णले "सृष्टिका दुई स्रोत प्रकृति र पुरुषमा प्रकृति नै प्रधान हो र त्यसका अधिनमा पुरुष रहन्छ" भन्ने मत नै पञ्चशिखको प्रमुख मत हो भनी बताएका छन् जब कि कपिलको साङ्ख्य सूत्रमा पुरुषबारे कहिँ कतै उल्लेख गरिएको छैन र पञ्चशिखको समयसम्ममा पुरुषको भूमिकाको सवाल उपस्थित भएको बुझिन्न । प्रकृति नै प्रधान हो र यो नै सृष्टिको एकल स्रोत हो भन्ने एक तत्त्ववादी दृष्टिकोण पञ्चशिखको हुनुपर्दछ । ईश्वरकृष्णले प्रकृति र पुरुष सम्बन्धी द्वैतवादी अवधारणाका व्याख्याताका रूपमा पञ्चशिखलाई प्रस्तुत गरेपनि उनले प्रकृतिलाई नै प्राथमिकतामा राखेका थिए र प्रकृतिलाई नै एक मात्र आद्यतत्व मानेका थिए भन्ने कुरा ईश्वरकृष्णको साङ्ख्यकारिकाभन्दा अघि प्रकाशित चरक संहिताले बताउँछ (चट्टोपाध्याय, २००७ : ४०४) ।

ईश्वरकृष्णले साङ्ख्य दर्शनलाई द्वैतवादी दर्शनका रूपमा प्रस्तुत गरे पनि उनले द्वन्द्ववादी विश्लेषण प्रस्तुत गरेका छन् र आफू भौतिकवादको घेराभन्दा बाहिर गएका छैनन् । उनले प्रकृति र पुरुषमा प्रकृति प्रधान हो र पुरुष सहायक हो भनी प्रष्ट उल्लेख गरेका पनि छन् । तर एक तत्त्ववादी दर्शनलाई द्वैतवादी बनाउने उनको कमजोरीका कारण गौडपाद र वाचस्पति मिश्रजस्ता उनीभन्दा पछिका व्याख्याता, टीकाकार र भाष्यकारहरूले जगत्को सृष्टिमा साङ्ख्य दर्शनले आत्म वा चेतन तत्त्वको भूमिका अनिवार्य मान्दछ भन्ने सवाललाई अघि सार्दै साङ्ख्य दर्शनको मौलिक भौतिकवादी विषयवस्तुलाई प्रत्ययवादी धारतर्फ मोडे । तिनीहरूले पुरुषलाई चेतनाको प्रतिक मान्दै सांसारिक गतिविधिको सञ्चालक चेतन तत्त्व (ब्रह्म) हो भन्ने वेदान्त दर्शनको प्रत्ययवादी चिन्तनलाई साङ्ख्य दर्शनमा प्रत्यारोपण गरे (रेग्मी, २०७७ : ८६) । भौतिकवादी दर्शनका कट्टर व्याख्याता पञ्चशिखलाई तिनीहरूले प्रत्ययवादी

धारको प्रतिनिधित्व गर्ने दार्शनिकका रूपमा उभ्याए । तर पञ्चशिखबारे खोजी गर्नेहरूले उनलाई कपिलको आद्य भौतिकवादी चिन्तनको व्याख्याताका रूपमा लिएका छन् ।

## २. महाभारत ग्रन्थमा प्रस्तुत पञ्चशिखको साङ्ख्य मत

महाभारतको पाचौँ खण्डको मोक्षपर्व सम्बन्धी २१८ र २१९ औं अध्यायमा उल्लेख भएअनुसार राजा जनकको मनमा धेरै पहिलेदेखि मानिसले देहत्याग गरेपछि पुनर्जन्म हुन्छ कि हुँदैन भन्ने प्रश्न उठ्ने गरेको थियो र आफ्नो दरवारमा आउनेजति सबै विद्वान्हरूसमक्ष उक्त प्रश्न राख्ने गर्दथे । तर कसैले पनि उचित तर्क दिएर उनको जिज्ञासा मेट्न सकिरहेका थिएनन् । यस्तै परि वेशमा विभिन्न ठाउँमा घुमफिर गर्ने क्रममा एक दिन पञ्चशिख उनको दरवारमा आइपुग्छन् । त्यतिखेर पनि जनकले पञ्चशिखसमक्ष "मानव शरीर नष्ट भएपछि जीवको सत्ता (आत्मा) रहन्छ कि रहन्न ?, अथवा देहत्यागपछि त्यसको पुनर्जन्म हुन्छ कि हुँदैन ?, आत्म तत्त्व सम्बन्धी वास्तविकता के हो ? ..."आदि विषयमा प्रश्नहरू राख्दछन् । उनका प्रश्नहरूको प्रत्युत्तरमा पञ्चशिखले नास्तिकहरू ती विषयहरूका सम्बन्धमा यसो भन्दछन् भनी आत्मा, देह आदि विषय सम्बन्धी भौतिकवादी दृष्टिकोण प्रस्तुत गर्दछन् । अर्कोतिर फेरि त्यसको खण्डनमा आस्तिकहरू त्यस मतका विरुद्ध यसो भन्दछन् भनी प्रत्ययवादी दृष्टिकोण पनि प्रस्तुत गर्दछन् । पञ्चशिखको विद्वता देखेर राजा जनक उनीप्रति आकर्षित हुन्छन् र त्यहाँ उपस्थित अन्य विद्वान्हरूलाई छोडी उनीमा केन्द्रित हुन्छन् ।

महाभारत ग्रन्थका विभिन्न अध्यायमा साङ्ख्य मतलाई भौतिकवादी साङ्ख्य दार्शनिकहरूबाट व्यक्त नगराई याज्ञवल्क जस्ता प्रत्ययवादी धारमा उभिएका दार्शनिकहरूमार्फत् तोडमरोड रूपमा व्यक्त गराउने ग्रन्थका रचनाकार महर्षि व्यासले मोक्षपर्व सम्बन्धी अध्यायहरूमा पनि राजा जनक र पञ्चशिखबीचको संवादमा साङ्ख्य दर्शनका अवधारणाहरूलाई पञ्चशिखको मुखबाट नास्तिक मत भनी प्रस्तुत गरेका छन् । त्यहाँ राजा जनक र पञ्चशिखबीचको संवादमा पञ्चशिखलाई ईश्वरवादी दार्शनिकका रूपमा प्रस्तुत गरि एको छ र उनको झुकाव अध्यात्म चिन्तनतर्फ भएको सन्देश दिन खोजिएको छ । संवादको आखिरतिर पञ्चशिखकै मुखबाट जुन मानिसले भौतिक सम्पत्ति र सुखभोगप्रति अनास्था प्रकट गर्दछ अथवा रुरु नामको मृगले आफ्नो सिङ्ग फेरे झैँ अथवा सर्पले काँचुली फेरेझैँ जुन मानिसले भौतिक श्रीसम्पत्तिप्रति कुनै प्रकारको मोह नराखी सांसारिक बन्धनबाट मुक्त भएर परमात्मामा लिन हुन्छ, त्यही व्यक्तिलै नै मोक्ष प्राप्त गर्दछ भन्ने उपदेश राजा जनकलाई दिएको देखाउँदै पञ्चशिखलाई प्रत्ययवादी दार्शनिकको कित्तामा उभ्याउन खोजिएको छ । तर प्रस्तुतिमा ढङ्ग नपुऱ्याएका कारण आखिर जनकका पछिका गतिविधिबाट वास्तविकता के हो भन्ने भन्ने कुरा बाहिर प्रकट भएको छ । जनकले विगतमा झैँ दरबारकै सुख सयलमा बसी राजकाज चलाएको देखिन्छ । पञ्चशिखले उनलाई राजपाठ त्यागेर सन्यासी बन भनेर भनेको पनि पाइन्न ।

पञ्चशिखका बारेमा राम्रो जानकारी लिने जो कोही दर्शनशास्त्रका अध्येताहरूले नास्तिकहरूका नाममा प्रस्तुत विचार स्वयं पञ्चशिखकै साङ्ख्य मत भएको र त्यसको प्रत्युत्तरमा आस्तिकहरूका नाममा राखिएको भनाइ प्रत्ययवादी वेदान्तीहरूको भएको तथ्यलाई छर्लङ्ग गरी बुझ्दछन् । त्यस सम्बन्धमा भारतीय मार्क्सवादी चिन्तक देवीप्रसाद चट्टोपाध्याय भन्दछन् कि कपिलका मौलिक धारणाहरूबारे चरक संहितामा उल्लेख गरिए झैँ त्यहाँ विस्तृत व्याख्या विश्लेषण नभए पनि पञ्चशिखले ती अध्यायहरूमा सारभूत रूपमा कपिलकै विचारको वकालत गरेको पाइन्छ (चट्टोपाध्याय, २००७ : ४०४) । यहाँ यस लेखमा नास्तिकहरूको मतका रूपमा प्रस्तुत गरिएका पञ्चशिखका साङ्ख्य दर्शनमा आधारित भौतिकवादी विचारहरूलाई पाठकहरूसामु राख्ने जमर्को गरिएको छ ।

पञ्चशिख राजा जनकलाई बताउँछन् कि आत्मा सम्बन्धमा कतिपयले शास्त्रमा लेखिएको छ भन्दै शरीरभन्दा त्यसको छुट्टै सत्ता हुन्छ भनी भन्दछन् । तर त्यो छलफलका क्रममा सजिलै गरी परास्त हुने दृष्टिकोण हो । आत्मालाई प्रत्यक्ष प्रमाणद्वारा सावित गर्न सकिन्न । आत्मा भनेकै जीवमा हुने चेतना हो र शरीरको एक अदृश्य अङ्ग हो । मानिसको शरीर बनेपछि नै आत्मा बन्दछ । आत्मा अविनाशी छैन, शरीरको अवसानसँगै त्यसको पनि अवसान हुन्छ । यो जो कोहीले प्रत्यक्ष रूपमा नै जानेबुझेको विषय हो । मानिस जवानीबाट बृद्धावस्थामा परिणत हुँदा वा बिरामी हुँदा आत्माको पनि क्रमिक क्षय भएको हुन्छ । मानिस मरेपछि त्यसको आत्मा रहिरहन्छ र स्वर्गादी लोकमा सुखभोग गर्दै बाँचिरहेको हुन्छ भनी भन्नु चाकडी चापलुसी गर्नेहरूले ओखती उपचार गरिरहेका जीवनको अन्तिम अवस्थामा पुगेका राजालाई अजरअमर भए भनी आशिर्वाद दिनु जस्तै हास्यास्पद कुरा हो ।

प्रत्यक्षद्वारा प्रमाणित हुन नसक्ने विषयलाई त्यो हुन्छ हुँदैन अथवा छ छैन भनी जान्न अनुमान प्रमाणको सहारा लिइन्छ । तर आत्मालाई अनुमानद्वारा पनि प्रमाणित गर्न सकिँदैन किनभने अनुमानका निम्ति हेतुको आवश्यकता पर्दछ । 'हेतु' अथवा 'लिङग' भनेको नदेखिने वस्तुसँग सम्बन्ध राख्ने देखिएको वस्तु हो जसको जानकारीबाट नदेखिएको वस्तुबारे अनुमान गरिन्छ । जस्तो कि आगो र धुवाको सहचार्य सम्बन्ध हुन्छ । हामीले माथि वायुमण्डलमा धुवाँको मुश्लो देखेपछि त्यसको तल आगो छ भनी सजिलै अनुमान गर्दछौं । यहाँ धुवाँ आगाको हेतु हो (रेग्मी, २०७७ : २१०) । तर आत्माको सवालमा हेतु नै उपलब्ध हुन सक्दैन । त्यसकारण अनुमान र प्रत्यक्ष विधि दुवैबाट आत्माको अस्तित्वलाई सिद्ध गर्न सकिँदैन । जब ती दुवै विधीले काम गर्दैनन्, तब वस्तुको छुट्टै अस्तित्व नर हेकै ठहर्छ । कतिपयले यस लौकिक जगत्बाट प्रमाणित हुन नसकिने विषयहरूलाई अलौकिक जगत्का ईश्वरले प्रमाणित गर्न सक्छन्

भनी विश्वास गर्दछन् । तर ईश्वर भनेकै प्रमाणित गर्न नसकिने काल्पनिक वस्तु हो । काल्पनिक वस्तुमा चेतना वा क्षमता हुँदैन पनि । चेतना त केवल जीवमा मात्र हुन्छ । त्यसकारण काल्पनिक वस्तुमा सत्ता हुन्छ भनी त्यसप्रति आस्था प्रकट गर्नु मूर्खता हो (पाण्डेय 'राम', २०५५ : ४९८१) ।

जहाँसम्म चेतनाको सवाल हो, त्यो कुनै ईश्वरीय शक्तिले प्रदान गर्ने वरदान होइन, भौतिक तत्त्वकै उपज हो । जसरी बरको रुखको बीउमा विरुवा र त्यसमा उत्पन्न पात, फूल, जरा, बोक्रा, आदि सबै शुक्ष्म अणुका रूपमा रहेका हुन्छन् अथवा जसरी गाईले खाने घाँसमा दूध, घिउ आदि बन्ने तत्त्व छिपेर रहेका हुन्छन् तथा अनेक प्रकारका द्रव्यमा तिनलाई मिसाएर औषधी बनाउँदा उत्पन्न हुने नशा विद्यमान हुन्छ, त्यसरी नै पृथ्वी, जल, तेज, वायु यी चार द्रव्यको मानव शरीरसँग हुन जाने संयोगबाट चेतना पैदा हुन्छ । जसरी जड मनमा अजड स्मृति उत्पन्न हुन्छ, उसरी नै जड शरीरमा चेतन तत्त्व उत्पन्न हुन्छ । जसरी जड भएर पनि चुम्बक (अयस्कान्तमणी) ले फलामलाई आफूतिर तान्दछ, उसरी नै हाम्रो जड शरीरले इन्द्रियहरूलाई सञ्चालन गर्ने र नियन्त्रण गर्ने गर्दछ । जसरी ठण्डा भएर पनि सूर्यकान्तमणि (पारदर्शी पत्थर) ले सूर्यको किरणसँगको सम्बन्धबाट आगो उत्पन्न गर्दछ, त्यसरी नै वीर्य शितल भए पनि रस र रगतसँगको सम्बन्धबाट शरीरमा पाचनशक्ति (जठरानल) उत्पन्न गर्दछ । पानीबाट उत्पन्न ताप (बडवानल) ले जुन किसिमबाट पानीलाई नै शोस्दछ, त्यही किसिमबाट वीर्यबाट बनेको शरीरले वीर्यलाई नै आफूमा धारण गर्दछ ।

पुनर्जन्मका सम्बन्धमा कुरा गर्दा पहिले जन्म र मृत्यु भनेको के हो भन्ने बारेमा ज्ञान हुनु जरुरी हुन्छ । यो सवाल प्रकृतिमा देखापर्ने र अलप हुने क्रमको निरन्तरता हो । जसरी ऋतु, सम्वत्सर, युग, सर्दी, गर्मी तथा प्रिय, अप्रिय आदि वस्तुहरू आउने जाने गरेको हामी देख्छौँ त्यसरी नै जीव जन्मन्छ र मर्छ । त्यो हामीले बनाउने घर जस्तै सवाल हो । एउटा घरका विभिन्न भागहरू समयको गतिसँगै पुराना हुँदै, मक्किँदै र खिइँदै जान्छन् । अतिनै दुर्वल भएका भागहरू एकएक गरी गिर्दै जान्छन् र आखिर एक दिन सम्पूर्ण घर नै ढल्छ । मानव शरीर पनि जवानीबाट विस्तारै बृद्ध अवस्थामा रूपान्तरित हुँदै जान्छ, एक एक गरी मानिसका अङ्गहरू सिथिल बन्दै काम गर्न छोड्दै जान्छन् र आखिरमा सम्पूर्ण शरीरकै अवसान हुन्छ । मानिसको मृत्युसँगै उसले गरेका सम्पूर्ण कर्महरू नष्ट हुन्छन् । पछिल्लो पुस्ताका निम्ति उसको संझना र छाप बाहेक केही बाँकि रहन्न । क्षणिक विज्ञानवादको मान्यताअनुसार नयाँ मानिसले जन्म लिन्छन् तर उही पुरानाको निरन्तरताका रूपमा होइन, अर्कै नयाँ मानिसको जन्म हुन्छ । पूर्व क्षणवर्ती शरीरभन्दा परक्षणवर्ती शरीर जाति, धर्म, प्रयोजन आदि सबै कुरामा भिन्न हुन्छ ।

कतिपय मानिसहरू अर्को लोकमा भोग गर्न पाइन्छ भनी धर्मकर्म गर्दछन् । तर यस लोकमा गरेको कर्मको फल अर्को लोकमा भोग गर्न पाइन्छ भनी विश्वास गर्नु उचित होइन । एक विज्ञानले उत्पन्न गरेको फल अर्को विज्ञानले उपभोग गर्ने कुरा हुँदैन । मानिसले आफ्ना कर्मको फल आफ्नै जीवन कालमा मात्र भोग्न सक्छ । यदि पूर्व जुनीमा विश्वास गरिन्छ भने कर्ता एउटा हुने तर उपभोक्ता अर्को हुने अथवा देवीदत्तले गरेका कर्मको फल यज्ञदत्तले भोग्ने अथवा एउटाले गरेका कर्मको फल अर्काले भोग्ने जस्तो नहुँदो कुराको गोल चक्करमा फसिन्छ । मानिसले अज्ञानता, तृष्णा, लोभ र मोहकै कारण परलोकको चाहना गर्ने हुन् । यस्तो चाहनाले मानिसलाई अनावश्यक कष्टको भारी बोकाउँछ ।

जहाँसम्म मृत जीवात्माको विनाशशील पञ्चभौतिकसँग कुनै संसर्ग हुन्छ कि हुँदैन भन्ने सवाल छ, त्यस सम्बन्धमा के भन्न सकिन्छ भने आत्मा त्यसरी जन्मने र मर्ने वस्तु होइन । न त त्यसको मृत्यु हुन्छ, न त फेरि अर्को आकारमा परिणत हुन्छ । हामीले के बुझ्न जरुरी छ भने जसलाई हामीले व्यक्ति (आत्मा) भन्दछौँ, त्यो केवल एउटा सङ्घात अथवा शरीर, इन्द्रिय र मनको गठजोड मात्र हो । यी सबै फरक फरक वस्तु हुन् र एक अर्काको सहारा लिएर कर्ममा प्रवृत्त भएका हुन् । त्यस गठजोडले उपादानका रूपमा प्राप्त गर्ने पाँच तत्त्व आकाश, वायु, अग्नी, जल, र धरती हुन् जुन मानव शरीरमा स्वभावैले एकत्र हुने र अलग हुने गर्दछन् । तिनै तत्त्वहरूको समाहार (मिलन)बाट शरीरका विभिन्न अङ्ग निर्माण हुने गर्दछन् । शरीरले प्राप्त गर्ने बुद्धि, ताप र प्राण पनि तिनै विभिन्न तत्त्वहरूको कर्मबाट उत्पन्न भएका परिणाम हुन् । जुन मानिसहरू सङ्घातरूपी आकृतिलाई आत्मा संझन्छन्, तिनीहरू वास्तवमा मिथ्याज्ञानको पछि लागेका हुन्छन् र त्यसमा भर परेर दुःख पाउँछन् । अर्कोतिर जो ज्ञानी मानिसहरूले आत्मा सम्बन्धी वास्तविकताबारे जानकारी राख्दछन्, तिनीहरूमा त्यसप्रति न त लगाव हुन्छ न त ममता नै (पाण्डेय 'राम',२०५५:४९८४) ।

मानिसका इन्द्रियहरू सम्बन्धमा प्रकृतिकै तत्त्वहरूबाट नै जीवमा इन्द्रियहरू बन्दछन् । इन्द्रियहरू मूलत दुई प्रकारका हुन्छन् ( ज्ञानेन्द्रिय र कर्मेन्द्रिय । ज्ञानसँग सम्बन्धित पाँच इन्द्रियलाई ज्ञानेन्द्रिय र कर्मसँग सम्बन्धित पाँच इन्द्रियलाई कर्मेन्द्रिय भनिन्छ । कसै कसैले मन र त्यसमा अन्तर्निहित बुद्धि (महत्) लाई पनि इन्द्रियमा गणना गरी त्यसको सङ्ख्या १२ पुऱ्याएका छन् । तर मन र बुद्धि इन्द्रिय होइनन्, तिनका सञ्चालक हुन् ।

श्रोतेन्द्रिय, स्वादेन्द्रिय, घ्राणेन्द्रिय, दर्शनेन्द्रिय र स्पर्शेन्द्रिय पाँचवटा ज्ञानेन्द्रीय हुन् । तिनीहरूको क्रमशः कान, जिब्रो, नाक, आँखा र छालासँग सम्बन्ध हुन्छ । ती प्रत्येकको सहायताबाट जीवले

विषयवस्तुबारे ज्ञान प्राप्त गर्दछ र तिनको वातावरणसँग हुन जाने प्रतिक्रियास्वरूप जीवले शब्दको उच्चारण गर्दछ। इन्द्रियको निर्माण पञ्च महाभूतबाट हुन्छ जस्तो कि श्रोतेन्द्रिय आकाशको प्रभावबाट बन्दछ, स्वादेन्द्रिय जलको प्रभावबाट बन्दछ, घ्राणेन्द्रिय पृथ्वीको प्रभावबाट बन्दछ, दर्शनेन्द्रिय अग्नी (तेज) को प्रभावबाट बन्दछ र स्पर्शेन्द्रिय वायुको प्रभावबाट बन्दछ। तर ज्ञान प्राप्त गरेका बखत मानिसले ती आधारभूत भौतिक तत्त्वहरूको ख्याल राखेका हुँदैनन्। जीवको अवसान हुनुभन्दा पहिलेसम्म ती आधारभूत तत्त्वबाट निर्मित शब्द, स्पर्श, रूप, रस र गन्ध (पञ्च तन्मात्रा) ज्ञानेन्द्रियका साधक बन्दछन्। पञ्च तन्मात्रालाई ज्ञानेन्द्रियका विषय मानिन्छ। ज्ञानेन्द्रियहरूले काम नगरेसम्म आत्मा अचेतन अवस्थामा रहेको हुन्छ र जब मनसँग मिलेर तिनीहरूले काम गर्न थाल्दछन्, तब नै आत्मा (चेतना) को प्रादुर्भाव हुन्छ। मन र ज्ञानेन्द्रियको सम्पर्कका कारण मनमा पैदा हुने तीन प्रकारका भावनाहरू उपयोगिता, घृणा र उपेक्षाका कारण विज्ञानयुक्त चेतनाको निर्माण हुन्छ। श्रवण कालमा श्रोत्ररूपी इन्द्रिय (कान) को शब्द रूपी विषय र चित्त रूपी कर्तासँग संयोग हुन आवश्यक छ। त्यस्तै स्पर्श, रूप, रस, र गन्धको जानकारीका लागि सम्बन्धित इन्द्रियहरूको विषय र मनसँग संयोग हुनु आवश्यक हुन्छ।

ग्रहण, गमन, प्रजनन, विसर्जन र वचनसँग सम्बन्धित इन्द्रियहरूलाई कर्मेन्द्रिय भनिन्छ। तिनीहरूको क्रमशः हात, खुट्टा, लिङ्ग/योनी, गुदा र मुखसँग सम्बन्ध हुन्छ। दुई हात काम गर्नका लागि, दुई खुट्टा हिँडडूल गर्नका लागि, लिङ्ग अथवा लिङ्ग/योनी सन्तान उत्पादन गर्नका लागि, गुदा मल विसर्जन गर्नका लागि र वाक् शब्द उच्चारण गर्नका लागि प्रयोगमा आउँछन्। सबै कर्मेन्द्रियहरू मनको खटनअनसार नै काममा संलग्न हुन्छन्। गुणहरूको सवालमा प्रत्येक जीवित प्राणिमा सात्विक, राजस र तामस तीन प्रकारका गुण हुन्छन्। हर्ष, प्रीति, आनन्द, सुख र शान्ति चाहे कारणवस उत्पन्न भएका हुन्, चाहे स्वभावैले, जे जसरी उत्पन्न भए पनि ती सात्विक गुण हुन्। असन्तोष, सन्ताप, शोक, लोभ र असहनशीलता, चाहे कारणले उत्पन्न हुन् चाहे विनाकारण, ती रजोगुण हुन्। अविवेक, मोह, प्रमाद, स्वप्न र आलस्य जे जसरी उत्पन्न भए पनि ती तम गुण हुन्। मानिसको शरीरमा प्रेमका कारण उत्पन्न हुने भावनाहरू सात्विक गुणका परिणाम हुन्। कुनै कुरा मन नपर्नु वा कुनै कुराप्रति असन्तुष्ट हुनु त्यो रजोगुणको प्रवृत्ति हो। त्यस्तै मनमा कुतर्क उठ्नु, कुनै कुराप्रति मोह वा आशक्ति उत्पन्न हुनु तमोगुणी प्रवृत्ति हो। मानिसले आ-आफ्ना कर्मअनुसार गुणहरू प्राप्त गर्दछन् र तीबाट उत्पन्न हुने परिणाम भोग्दछन्।

तमोगुणयुक्त सुसुप्त कालमा पुगेको अवस्थामा कतिपय मानिसका इन्द्रियले काम गरेका हुँदैनन्, तर तिनको नाश भने हुँदैन। मस्त निदाएको मानिसले नसुन्न सक्छ तर उसको श्रोत्र रूपी इन्द्रिय रहरि हेकै हुन्छ र त्यो जाग्रत भएपछि प्रकट हुन्छ। कतिपय मानिसहरू निदाएको बखत देखिने सपनालाई अलौकिक शक्तिद्वारा परिचालित घटना ठान्दछन्। तर मानिस जाग्रत अवस्थामा छँदा उसले आफ्ना दश इन्द्रियहरूमार्फत् जुन अनुभव बटूलेको हुन्छ, त्यो सत्व, रज र तम गुणहरूका सहयोगले सपनामा प्रतिबिम्बित हुन्छ र मानिस आफूलाई सपनामा विभिन्न ठाउँमा गइरहेको र विभिन्न घटनामा भाग लिइरहेको पाउँछ। सुसुप्ति कालमा सपना देखिरहेका बखत मानिसले प्रिय ठानेका घटनाहरूबाट जुन सुख पाएको अनुभूति गर्दछ, त्यसलाई तामस सुख अथवा मिथ्या सुख भनिन्छ (पाण्डेय 'राम', २०५५ : ४९८६)।

**सन्दर्भ स्रोत :**


चट्टोपाध्याय, देवीप्रसाद, २००७, भारतीय दर्शनमें, क्या जीवित है और क्या मृत, पिपुल्स पबिलिसिङ हाउस (प्रा.) लि. नई दिल्ली

पाण्डेय, राम, पण्डित नारायणदत्त शास्त्री, २०५५, अनुवादक : श्री मन्महर्षी वेदव्यासप्रणित महाभारत, पञ्चम खण्ड शान्ति पर्व, गीताप्रेस गोरखपुर

रेग्मी, रामराज, २०७७, पूर्वीय दर्शनमा भौतिकवाद, जागरण बुक हाउस, वागबजार , काठमाडौँ

Sree, S.Prasanna, 2008, Silent Suffering and Unheard Agony in the Regional Writings on Woman, Sarup and Sons


■■


*विगत दश वर्षदेखि पाल्पाबाट निरन्तर रुपमा प्रकाशित हुँदै आइरहेको उत्तरदायित्व त्रैमासिक पत्रिकाले जनपक्षीय विचार सम्प्रेषण गर्न सकोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछु।*



**विर बहादुर पोखरेल**
**प्रोपाईटर**

**आर. बि रेट घर**

***रिब्दीकोट-४, भैरवस्थान, पाल्पा***

***मोबाईल: ९८४७३३७००३४,९८४७३०८१०६***

*हामीकहाँ माना पाथीको रोट पाइनुका साथै बोका, कुखुरा बनाइदिने र उपलब्ध गराइदिने, खाना, नास्ता, बस्नका लागि पनि व्यवस्था छ। फोनबाट पनि अर्डरको व्यवस्था छ।*

दृष्टिकोण

# बाह्य लगानीबाट मात्र देशको विकास असम्भव



लोकनारायण सुबेदी

आज विश्वमा प्रष्टसँग देखिएको एउटा प्रमुख कुरा के हो भने विदेशी पूँजीपतिहरूले विकासशील देशहरुमा दुई किसिमले आफ्नो पूँजी लगानी गर्ने गर्दछन् । त्यसमा पहिलो तरीका  हो; बिभिन्न देशहरुमा शेयर किनबेच गरेर लगानी गर्ने । बस्तुतः विश्वमा सूचना प्रविधिको युगान्तकारी परिवर्तनको परिणास्वरुप आजभोलि २४ घण्टै कतै न कतै शेयर बजार खुल्लै रहने गरेका हुन्छन् । त्यसैले लगानीकर्ताले जहाँ बढी नाफा हुने अवसर देख्छन् त्यो ठाउँमा पूँजी लागाउने गुन्जायश हुने ठान्दछन् र एक ठाउँबाट पूँजी हटाएर अर्को ठाउँमा लगाउने र बढी नाफा कमाउने फिराकमा सधैं उनीहरु हुन्छन् । यसरी लगानी गरिने पूँजीलाई नै 'हट मनी भन्ने गरिन्छ । अनि पूँजी लगानीको दोश्रो तरीकामा भने कुनै देश विशेषको अवस्थाको बिस्तृत अध्ययन गरेपछि मात्र त्यहाँ पूँजी लगानी गर्ने निर्णय गरिन्छ । लगानी गरिने देशको सामाजिक परिवेश र शासन व्यवस्थाको अध्ययन पछि मात्र लगानीकर्ताले त्यहाँ भूमि किन्ने, आवश्यक यन्त्रहरु जडान गर्ने, कच्चा मालको प्रबन्ध गर्ने र मजदूरहरु जम्मा पारेर उत्पादन गर्ने गर्दछन् । यी सबै कुराको जोगाड गर्न पनि निकै लामो सयम लाग्दछ । जे भए पनि के कुरा प्रष्ट बुझ्नु र ध्यान दिनु आवश्यक छ भने विदेशी लगानीकर्ताको मूख्य ध्यान नाफा कमाउने कुरामै केन्द्रित गरेर पूँजी लगानी गर्ने हुन्छ ।

अमेरिका स्वतन्त्र भएपछि उसले आत्मनिर्भर अर्थन्त्रमाथि नै विशेष जोड दिएको थियो।त्यसैले उनीहरुले जहाँ पूँजी लगानी गर्दछन् त्यहाँ आफ्नो हितलाई त अवश्य नै ध्यानमा राखेकै हुन्छन् नै तर त्यसलाई उनीहरुले सर्वोपरी भने मान्दैनन् । किनभने यो इतिहासले प्रष्ट देखाएको र अहिले पनि देखाइरहेको स्थिति हो कि नव उदारवादी भूमण्डलीकरणको कालखण्ड शुरु हुनुभन्दा पहिला प्रायःजसो सबै देशहरुको जोड आत्मनिर्भर अर्थतन्त्रमाथि नै थियो ।

पूँजीबादी देशहरुको इतिहास कोट्याउँदा यस सम्वन्धमा अहिले पनि हामी अमेरिकालाई नै पहिलो उदाहरणको रुपमा लिन सक्छौ । अमेरिका स्वतन्त्र भएपछि उसले आत्मनिर्भर अर्थन्त्रमाथिनै विशेष जोड दिएको थियो ।

अनि बिस्मार्कको बेलाको जर्मनीमा पनि यही नीति लागू गरिएको थियो । त्यहाँको बजार स्थानीय उत्पादनका लागि आरक्षित राखिएको थियो ।

एशियामा १८६८ देखियता 'मेइजी रेस्टोरेशन' पछिको जापानलाई हेर्ने हो भने पनि स्पष्ट हुन्छ कि जापानी अर्थव्यवस्थाको निर्माणमा राज्यको भूमिका अत्यन्तै अहं महत्वको रहेको थियो ।

त्यहाँ एकदमै प्रष्ट के रेखाङ्कित गरिएको थियो भने जति चाँडो सम्भवना छ जापानमा यस्ता प्रकारका राजनीतिक, आर्थिक तथा सामाजिक संस्थानहरुको निर्माण गरिनु पर्दछ जसले आधुनिक आर्थिक प्रगतिलाई बढावा दिऊन् ।

१८६९ मा जापानमा दूरगामी महत्वको भूमिसुधार कार्यक्रम लागु गरेर अर्थतन्त्रमा सामन्तवादलाई समाप्त पारियो । वास्तवमा १८७८-८० का बेला जापान मूख्यतः कृषि निर्भर नै थियो ।

कूल राष्ट्रिय आयमा त्यतिबेला कृषिको अंश ६५ प्रतिशतभन्दा पनि बढी थियो । जापानका नयाँ नेताहरुलाई यो कुरा महशुस भइरहेको थियो कि देश बाहिरबाट यन्त्रहरु र प्रबिधि कौशलको आयातले मात्र आफ्नो देश औद्योगिकरणको बाटोमा अगाडि बढ्न सक्तैन ।

त्यसैले तत्कालीन जापानी सरकारले टोक्यो र क्योटोमा आधुनिक विश्वविद्यालय स्थापाना गरेर नयाँ जनशक्तिलाई प्रशिक्षित गर्यो । राज्यले त्यस स्थितिमा राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकताको र क्षका साथै अर्थव्यवस्थालाई आधुनिक औद्योगिकरणको बाटोमा अगाडि बढायो ।

विदेशी व्यवसायीहरुलाई देशमा लामो समयसम्म पूँजी लगानी गर्ने बाटो खोलेन । जब जापानी उद्योगधन्धाहरु आफ्नै खुट्टामा खडा हुन सक्ने भए त्यस पछि मात्र ती उद्योग धन्धालाई जापानी निजी क्षेत्रमा बेच्ने या हस्तान्तरण गर्ने काम गरियो ।

दक्षिण कोरियाई मूलका अर्थशास्त्री हा जुन चाङ्ग, जो क्याब्रिज विश्वविद्यालयमा कार्यरत रहेका हन्, ले यसै बिषयमा पुस्तकहरु पनि लेखेका छन् त्यस्ता पुस्तकहरुमा मूलतः 'Kicking away the Ladder : Development Strategy in Industrial Prospective, Bad Samaritans: The Myth of Free Trade and the Secret History या Capitalism / 23 Things They Don't Tell You About Capitalism' जस्ता किताबहरु सबैभन्दा प्रमुख रहेका छन् ।

ती किताबहरुमा उल्लेख गरिए अनुसार अमेरिका होस् या जर्मनी या जापान कुनै पनि देशमा राज्यको सक्रिय भूमिका बिना औद्योगिकरणको गाडी अगाडि बढेको छैन र होइन ।

आज भारतमा नेहरु र उनको योजना आयोगमाथि आक्रामक गाली गर्नेहरुले शायद यो कुरा बुझेका छैनन् कि राज्यको सक्रिय भूमिकाको त्यतिबेला कुनै बिकल्पै थिएन ।

ज्ञाताहरु के भन्दछन् भने नेहरुमाथि यसरी आक्रमण गर्नेहरुले १८ नोभेम्बर २०१० को बयालिसौ नेहरु स्मृतिको अवसरमा नोबेल पुरस्कारले सम्मानित जोसेफ स्टिग्लिट्जले दिएको भाषण पढ्नु

पर्दछ । उनले भनेका थिए किनभने सत्तामा बसेका मानिसहरुले नबउदारबादी बजार रुढीवादलाई त्याग्न सक्नु पर्दछ ।

स्मरण रहास् कि रेगन तथा थ्याचरको रुढीवादी नबउदारबाद 'वाशिङ्टन आम धारणा'का रुपमा आयो र विकासशील देशहरुलाई त्यो अपनाउन जोड दियो । तर स्टिग्लिट्जका अनुसार एडम स्मिथको 'अदृष्य हात' जुन कुरामा आधारित छ त्यो वास्तविक रूपमा त्यस्तो होइन ।

सारा बजार अपूर्ण र विषम सूचनामा आधारित हुने कारणले त्यो कहिले पनि कुशल हुन सक्तैन । महामन्दीबाट शिक्षा लिनुपर्ने यही थियो कि वास्तवमा बजारहरु कुशल होइन बरु अस्थिर चरित्रका हुन्छन् र तिनले आफ्नो गल्तीलाई सुधार गर्न पनि सक्तैनन् ।

धनी र गरीब देशरुको बीचको बिषमता कम भएको भन्ने हामीले १९८८ र २००८ को विश्व बैंकको दाबीलाई पनि राम्रोसँग केलाउनु पर्दछ । किनभने त्यस बीचमा स्वयम विकासशील देश भित्र अझ बढी बिषमता बढेका तथ्यहरु खडा छन् ।

आज चीनमा पनि धनी र गरीब बीचको खाडल जुन तीव्रताका साथ बढेको छ त्यसले त्यहाँको नेतृत्व अत्यन्तै चिन्तित छ र त्यसलाई कम गर्न गम्भीररूपमा क्रियाशील सफल हुँदै गएको छ, धनी अझ धनी र गरीब पहिलाभन्दा गरीब भएको स्थिति बिषमता मापन गर्ने जुन सूचकांक अर्थात् 'इण्डेक्सु छ त्यो विश्वभरी नै प्रयोग गरिन्छ । यदि यो सूचकांक या इण्डेक्स एउटै हो भने त्यसले देखाउँदछ कि बढेको सारा आय केही सीमित ब्यक्ति बिशेषको झोलामा पुग्दछ ।

यदि त्यो आय शून्य छ भने सबैका बीच समानरुपले बितरण हुन्छ । अश्वेत अफ्रिकामा १९९३ देखि २००८ का बीचमा सूचकांक ९ प्रतिशतले बढेको देखिन्छ । यही २० बर्षको क्रममा चीनमा यो सूचकांक ३४ प्रतिशतले बृद्धि भयो ।

विश्वमा शायदै यस्तो कुनै विकासशील देश होला जहाँ यो सूचकांक नबढेको होस् । हार्डभर्ड विश्वविद्यालयका नोबल पुरस्कार बिजेता एरिक मस्किन उल्लेख गर्दछन् कि भारत जस्तो देशमा मजदूर हरुको मजदुरी समानरुपले बढ्दैन ।

कार्यकुशल मजदूरहरुको ज्याला बढ्छ तर अकुशल मजदूरहरुको मजदुरी मन्द गतिले मात्र बढ्छ । जसले गर्दा मजदूरहरुका बीचमा असमानता बढ्ने गर्दछ ।

सन् १९९९ मा प्रकाशित डानी रोड्रिकको किताब 'द न्यू ग्लोबल इकोनोमी एण्ड डेभलोपिङ्ग कण्ट्रिजुमा के प्रष्ट उल्लेख गरिएको थियो भने 'अर्थव्यवस्थाको खुलापन स्वयममा कुनै विश्वसनीय संयन्त्र होइन, जसले आर्थिक समृद्धिको यस्तो प्रकृया आरम्भ गरिदिन्छ र त्यो शतत चलिरहन्छ ।

भौतिक तथा मानवीय पूँजीको यति ठूलो भण्डार तथा प्रबिधि विकासको प्रगति यति हुनु पर्‍यो कि तिनले आर्थिक समृद्धिलाई यति उच्चाइमा पुर्‍याउन सकुन् जहा त्यो सजिलैसँग अगाडि बढ्न सकोस् । उनले प्रष्टसँग के भनेका छन् भने यदि अर्थ व्यवस्थामा निर्बाध खुलापन छोडियो भने कुनै पनि विकासशील देशमा आय र सम्पदालाई लिएर मानिसहरुका बीचमा बिषमता बढ्न सक्तछ जसले गर्दा समाजलाई एकजुट राख्न अत्यन्तै कठिन हुन जान्छ ।

अर्का बिद्वान रोड्रिकले के पनि भनेका छन् भने अर्थव्यवस्थाको ढोका र झ्याल यत्ति धेरै खुल्ला गरिनु हुन्न कि आउन जाने पूँजीमा कुनै रोकटोक नै नहोस् । त्यसो भएमा देश भित्र झगडा फसाद बढ्न सक्तछ र राजनीतिक उथलपुथल आउन सक्तछ । जसको परिणाम देशभित्र बाह्य कारणले गडबडी पैदा हुन सक्तछ ।

यी सबै कुरालाई समग्रमा केलाउँदा आज पनि अर्थव्यवस्थामा राज्यको भूमिका धेरै महत्वपूर्ण हुनु पर्दछ भन्ने कुरा नै प्रष्ट हुन्छ । रोड्रिकका अनुसार कुनै पनि देशको आन्तरिक लगानी सम्बन्धि प्रष्ट रणनीति हुनुपर्दछ र देशभित्र उठ्न सक्ने संघर्षलाई पनि ध्यानमा राखेर राज्यले भूमिका खेल्नु पर्दछ ।

निश्चय नै अर्थव्यवस्थाको ढोका र झ्याल खोलिदा कतिपय बेलामा लगानी मैत्री वातावरण बनेको पनि पाइन्छ तर हरेक समय र स्थितिमा यो कुरा मानेर चल्न सम्भव हुदैन ।

मानक आर्थिक सिद्धान्तले के बताउँदछ भने व्यापार को उदारिकरण तथा पूँजी बाहिरबाट आउने कुरा एक अर्कासँग सँधै जोडिने कुरा हन् । कुनै पनि विकासशील देशमा जुन दृष्टिले खुलापनको चर्चा हुने गर्दछ त्यसमा आज परिवर्तनको आवश्यकता देखिएको छ ।

निर्यात र विदेशी प्रत्यक्ष लगानीमा जोड दिनुको साटो बाहिरबाट बिचार, लगानी, मध्यबती बस्तुहरु तथा उपयुक्त संस्थागत व्यवस्था आयात गरिनु पर्दछ । जसको फलस्वरुप आर्थिक सम्बृद्धिसँग जोडिएका अबसरहरु बढाउन सकियोस् ।

सरकार र त्यसलाई नीतिगत सरसल्लाह दिने मानिसहरुले के सोच्न बन्द गर्नुपर्ने देखिन्छ भने अन्तर्राष्ट्रिय आर्थिक एकीकरण आफैमा सबैभन्दा महत्त्वपूर्ण कुरा हो ।


वास्तवमा विकासशील देशहरुले आफ्ना शर्तमा आफ्ना हितहरुलाई मध्यनजरमा राखेर बाह्य लगानीलाई स्वीकार गर्न सक्नु र सिक्नु पर्दछ । उनीहरुले विश्व बजार र बहुराष्ट्यि कम्पनीका अगाडि घुँडा टेक्नु हुदैन ।

के कुराको पर्याप्त पुष्टी भएको छैन भने निर्यात बढाउँदा र प्रत्यक्ष विदेशी लगानी ल्याउँदा आर्थिक सम ृद्धिलाई कारगर किसिमले बढावा दिन सकिन्छ । अनि यस कुराको पनि कुनै सबुत प्रमाण छैन कि प्रत्यक्ष विदेशी लगानी आउदा देशभित्र रोजगारीका अवसरहरु जुनसुकै अवस्थामा पनि पैदा हुन्छन् । त्यसैले बाह्य लगानीका लागि पूरै झ्याल-ढोका खोल्नाले मात्र विकासशील देशहरुको अर्थव्यवस्था अगाडि बढ्ने छ भन्ने कुरा एक मात्र सही कुरा बिल्कुलै होइन ।

त्यसले सन्तुलित र सशक्त बिकासको लागि राज्यको भूमिका विकासशील देशहरुको निमित्त अत्यन्तै महत्वपूर्ण हुनजान्छ । यो इतिहासले सत्य सावित गरेको सामयिक र सान्दर्भिक तथ्य हो । यसलाई वेवास्ता गरिनु हुन्न । आर्थिक नीति निर्माणकर्ता र योजनाकार हरु तथा विकासशील देशका सरकारहरुले आज मूख्य ध्यान दिनुपर्ने केन्द्रीय कुरा नै वास्तवमा यही हो ।

*अन्तर्वार्ता*

# असल मान्छेहरू लोक कल्याणका लागि कार्य गर्छन् – गौतम



तुलसीदास गौतम

*संसारमा अनेकन मानिसहरुको जन्म हुन्छ । सबै मानवहरूमा सामाजिक र राष्ट्र चेतना हुँदैन तर कोही यस्ता पनि व्यक्ति हुन्छन् जसले आफ्नो जीवनलाई समाजको चौतर्फी विकासका लागि सामाजिक, शैक्षिक, आर्थिक, भौतिक लगाएतका विभिन्न कोणबाट सक्दो योगदान पु¥याउन चाहन्छन् । जीवन बोध गर्दै उच्च चेतनाका साथ आफूलाई समर्पित गरिरहेका हुन्छन् । यसै मध्येका एउटा यस्तो व्यक्तित्व जसले आफ्नो जीवनावधिलाई आफ्नो प्रतिभा, क्षमता, सकारात्मक सोच र व्यवहारका माध्यमबाट उक्त समाजको हरेक पक्षीय विकासका लागि समर्पण गर्नुभयो । खिदिम, पोखराथोक, अर्घाखाँचीका एक अनुकरणीय र प्रेरक व्यक्तित्व जसको योगदानलाई उक्त समाजले मात्र नभई राष्ट्रले नै सदैव सम्झनु पर्ने हुन्छ । हाल उहाँ यस संसारमा नरहे पनि जीवन्त कर्म भने स्मरणीय नै छन् । तसर्थ बहुआयामिक प्रतिभाका धनी एवं शैक्षिक अभियन्ता स्व.**नारायण गौतम**को जीवन,व्यक्तित्व र कृतित्वका बारेमा संक्षिप्तमा बुझ्नको लागि यहाँ संवाद प्रस्तुत गरिएको छ । विद्यमान एवं भावी पुस्ताका लागि उहाँका जीवनकर्महरू अनुकरणीय एवं प्रेरणादायी हुने ठानेर स्व. गौतमकै जेष्ठ सुपुत्र **तुलसीदास गौतम**सँग **उत्तरदायित्व त्रैमासिक**का लागि **राम ज्ञवाली**ले लिनुभएको संक्षिप्त वार्तालाप यहाँ प्रस्तुत गरिएको छ :-*

**पिता नारायण गौतमको जन्म र बाल्यकालदेखिको रुचिबारे बताइदिनुहुन्छ कि?**

असल मान्छेका इतिहास हेर्ने हो भने गरीबी र अभावमा जन्मेका, आमाबाबु कलिलै उमेरमा गुमाएका, दुःख पाएकाहरू भेटिन्छन् । हाम्रो बुबा पनि यस्तै मध्येमा पर्नुहुन्छ । मध्यम स्तरीय परिवारमा दुई दिदीहरू पछि जन्मेका उहाँ १६ महिना पुग्दानपुग्दै पिताको ३६ बर्षको उमेरमै निधन भएको थियो । बाबुको अनुहार नै चिन्न नपाएका उहाँलाई आमा र दिदीले बल्लतल्ल हुर्काउनु भएको थियो । कमाउने बाबु नै नभएपछि घरको आर्थिक स्थिति



**स्व. पं. नारायण गौतम**

कमजोर हुनु स्वाभाविक थियो । जे बारीमा उब्जनी हुन्छ,त्यही खाने हो । नाना चाचा, मरमसलाको जोहो, त्यही खान ठीक्क हुने अन्नपात बेचेर नै गर्नुपर्दथ्यो । यो पहाडी भेगमा रहनेहरूको ग्रामीण जीवनशैली थियो । यो परिवार पनि एक प्रतिनिधि पात्र थियो । पिता भोजराज र माता दुर्गादेवीको कोखबाट वि.सं. १९८१ जेष्ठ २ गते तात्कालीन गुल्मी खिदिम, हालको अर्घाखाँचीमा उहाँको जन्म भएको थियो । उहाँ केटाकेटीमा चुलबुले स्वभावको भए तापनि जीवनोपयोगी विज्ञानमा आधारित सिर्जनात्मक कार्यहरूमा उहाँको सानैदेखि रुचि रहेको पाइन्थ्यो । तर उहाँलाई बेलैमा चिन्न नसक्दा उहाँको वैज्ञानिक मस्तिष्कको उपयोग समाज र राष्ट्रले गर्न सकेन ।

**उहाँलाई बेलैमा चिन्न नसक्दा उहाँको वैज्ञानिक मस्तिष्कको उपयोग समाज-राष्ट्रले नै गर्न सकेन भन्नुभयो, ती महत्त्वपूर्ण कार्यहरू केके थिए ?**

सुनार साथीको घरमा गएर ६-७ बर्षको उमेरमा कान कोट्याउने कन्कर्नो, दाँतको फोहर निकाल्ने दन्तकर्नो बनाउन जानेका बुबाले पछि गएर हारमोनियम बनाउने, गाँउमा घडी मरमत गर्ने, नमूना विद्यालयको ढाँचा निर्माण गर्ने, पुराना रिल जोडेर चित्र देखाउने जस्ता काम गर्नु भएको थियो । यसैगरी नागपञ्चमीका दिन जजमानी गौतमहरूका घरमा कुलदेवताको रूपमा पुजिने अधिकारी थरका बाहुनलाई नाग टास्दै हिड्नु पर्दा नागका चित्र बनाउन भ्याइनभ्याई हुन्थ्यो । यसलाई सहज तुल्याउन उहाँले काठको फलियालाई कोपेर नागछाप्ने प्लेट बनाइदिनुभएको त्यो बेलाको चर्चित सिर्जना थियो । यी बाहेक २०२९ सालमा बिनाइन्धन चल्ने ट्र्याक्टर र धान कुट्ने चरा मिल बनाई प्रयोग गरेर तत्कालीन अञ्चलाधीसलाई कार्यालयमै लगेर देखाउनु भएको थियो । सो कामको मौखिक प्रशंसा भयो । ती बस्तु त्यहीँ बुझाइए, त्यसै थन्किए । पछिलाग्ने उहाँको स्वभाव थिएन । यस्तै कार्यहरू जीवनको अन्तिम घडीसम्म पनि उहाँमा रहिरहे । अमेरिकामा हवाईजहाज बनाउने कारखानामा छ महिना तालीम लिन पाए हवाईजहाज बनाएर देखाउन सक्ने थिएँ भनेर बीचबीच मा कुरा गर्नुहुन्थ्यो । यसै प्रसङ्गमा अब आउने दिनहरूमा मानिस आकाशमा चरा जस्तै उड्ने छन् भनेर २०२० सालतिर दहमा बसेको बेला भन्नुहुन्थ्यो । हामी विद्यार्थीहरूलाई कम्मरमा दुबैतिर सुपो बाँधेर माथि ढीकबाट केही पर तल सुरक्षित ओर्लन सक्ने रोचक खेल




गराउनुहुन्थ्यो । नभन्दै अहिले पोखरा लगायतका ठाउँहरूमा प्याराग्लाइडिङ गरिन्छ । एकदुई सिटे जहाज, आकाशमा र सडक दुबै ठाउँमा उड्ने,गुड्ने ससाना जहाज भनौँ पोखराको आकाशमा व्याबसायिक उडान गरेको देखिन्छ ।

यस्तै सलाईको खाली दुई बट्टाको बीचमा सुतीको धागो बेरेर आपसमा कुरा गर्दा स्पष्ट सुनिने गर्थ्यो । यो एक किसिमको टेलिफोन थियो । शहरमा समेत केही टेलिफोनको प्रयोग भएको बेला अझ ग्रामीण भेगका हामीलाई त यो एउटा आविष्कार नै लाग्दथ्यो ।

यसैगरी काष्ठकला, प्रस्थरबाट मूर्ति निर्माण, स्थानीय जडिबुटीबाट औषधी मूलो निर्माण जस्ता जीवनोपयोगी काम गरी राष्ट्रिय समृद्धिका लागि निकै खट्नु भयो । यस्तो कार्यबाट उहाँ युवाहरूको पथप्रदर्शक बन्न सक्नुहुन्थ्यो तर उहाँको प्रतिभाको उपयोग गर्ने कोही हुन सकेन ।

**प्रारम्भिक एवं औपचारिक अध्ययन कहाँबाट भएको थियो ?कुन तहसम्मको योग्यता हासिल गर्नुभयो ?**

छ बर्षको उमेरमा गाउँमै काका श्रीहरिहर गौतमले निजी खर्चमा खोल्नु भएको संस्कृत पाठशालामा वि.सं. १९८६ मा अक्षरारम्भ गरेर व्याकरण, साहित्य, ज्योतिष, अङ्कगणित लगायत आधारभूत ग्रन्थहरूको अध्ययन गर्नुभयो । पछि यसै संस्कृत पाठशालामा वेद विषय लिएर उत्तर मध्यमा तह सम्मको अध्ययन पूरा गरी बनारसबाट वि.सं २००० सालमा परीक्षा दिएर प्रथम श्रेणीमा उत्तीर्ण हुनुभएको थियो । यो हरिहर संस्कृत पाठशाला बनारसको संस्कृत गभर्नमेण्ट कलेजको आङ्गिक विद्यालयको रूपमा सम्बन्धन प्राप्त थियो ।

स्नातक तहमा वेद विषय लिएर पढ्न रुचि जाग्यो र काठमाडौँमा आउनुभयो । तर पढाउने गुरू नपाएकोले वेदकै अङ्गको रूपमा रहेको मीमांसा विषय पढ्नुभयो । त्यतिबेला नेपालमा विश्व विद्यालय थिएन । उच्चशिक्षाको पढाई नेपालमै हुने भए पनि परीक्षा दिन वनारस नै जानुपर्दथ्यो । प्रथमवर्षको परीक्षामा प्रथम श्रेणी उत्तीर्ण गरेका बुबाले २६ बर्ष पछि दोस्रो खण्डपरीक्षा दिँदा पनि प्रथम श्रेणीमै उत्तीर्ण हुन सफल हुनुभयो । यस अर्थमा उहाँ पढाइमा एक अब्बल विद्यार्थी हुनुहुन्थ्यो । अध्ययनमा यति ठूलो अन्तराल हुनु मावली गाँउ मानकोटमा मावलीहरूको आग्रहमा पढाउन थाल्नु र त्यसपछि शैक्षिक जनजागरणमा लाग्नु थियो ।

**शैक्षिक जनजागरणमा लागेर उहाँ त्यो भेगमा एक शैक्षिक अभियन्ता बन्न सफल हुनुभएको कुरा उहाँको प्रकाशित स्मृति ग्रन्थले समेत बताउँछ । उहाँको शैक्षिक योगदानबारे हाम्रा आदरणीय पाठकसमक्ष केही बताइदिनुहोस् न ।**

उहाँको शैक्षिक यात्रा २००३ सालको फागुनबाट शुरू भएर २०४८ साल जेठसम्म रह्यो । वनारस र काठमाडौँमा पढेका र जयतु संस्कृतम् मा समेत लागेर राजनीति पनि बुझेका बुबाले ग्रामीण क्षेत्रलाई आफ्नो कर्म थलो बनाउनुभयो । नेपालमा प्रजातान्त्रिक उद्बोध हुन थाले पनि ९५ प्रतिशत भन्दा बढी निरक्षर भएको समाजले आफ्नो हक, अधिकार र कर्तव्यको प्रजातान्त्रिक उपभोग गर्न निरक्षरताको कारणले नसक्ने अवस्था थियो। अहिले गणतन्त्र नेपाल भनिए पनि त्यसको मर्म र भावनाअनुरूप गणतन्त्रको उपभोग आम जनमानसमा हुन नसकेको अहिले नेताहरूकै अभिव्यक्तिहरूबाट स्पष्ट हुदै आएको छ । यो स्थिति आउनुको पछाडि गणतन्त्रको नाममा नेताहरूको कुर्सी मोह नै हो ।

आजभन्दा सात दशकअघि प्रजातान्त्रिक पद्धति सबल बनाउन त्यसको मूल जरो नै शैक्षिक क्षेत्र पहिचान गर्दै शैक्षिक जागरणमा उहाँ होमिनु भयो । मावली गाउँबाट अध्यापन थालेका बुबाले मानकोटमा औपचारिक रूपमा मावली र छिमेकी गाउँका भाइबहिनीहरूलाई २००३ सालको चैतदेखि २०१५ सालको मंसिर सम्म पढाउनुभयो । त्योबेला तल्लो जातिका केटाकेटीहरूले पढ्न पाउने र पढ्ने भन्ने त कल्पना पनि थिएन । अझ छुवाछुतको भेदभाव तीव्ररूपमा भएको समय र समाज थियो, अहिले पनि छ । उतिबेला पनि छुन नहुने शूद्रहरूलाई साँझ बिहान डेरामै बोलाएर साक्षर बनाउनु भएको थियो । यो तत्कालीन परिस्थितिमा त्यो गाउँघरमा ठूलो क्रान्ति थियो ।

त्यसपछि आफ्नै गाउँ खिदिममा आएर सबैले पढ्न पाउने गरी २०१५ सालको मंसीरमा उहाँकै सुझावअनुसार नाम राखिएको श्रीराम मिडिल स्कुलमा स्वयंसेवक बनेर पढाउन थाल्नु भयो । त्यहाँ उहाँले शूद्रहरूलाई पढाएबापत सङ्कीर्ण समाजसँग धार्मिक संघर्ष गर्नुपरेको थियो ।

यस संघर्षमा सफल हुनु भएपछि विद्यालयको पढाइ सुचारु हुनथाल्यो, त्यसपछि २०१६ श्रावणदेखि तीन महिनासम्म तानसेन, पाल्पाको पद्म पब्लिक हाइ स्कुलमा नेपाली शिक्षण, अक्षर लेखन, फूलबारी निर्माण र सजावट कार्य, दशैंपछि गुल्मीको तम्घास हाइस्कुलमा केही समय अध्यापन, २०१७ सालमा पाल्पाको अर्गलीमा नर्मल तालीम, २०१८ सालमा पुनः मानकोट आएर आधुनिक बिषय पढाइने आत्मबोध मिडिल स्कुलमा चार महिना अध्यापन गर्नु भयो । पछि शिक्षकको बन्दोबस्त भएपछि आफ्नै गाँउ फर्केर सरकारी स्वीकृति नपाएको श्री सरस्वती प्राथमिक विद्यालय आमडाँडामा पढाउन थाल्नु भयो । यसलाई सरकारी अनुदान प्राप्त हुने गराउनु भयो । यसैबीच सिमलपानीमा दुई गाउँको विद्यालय कहाँ राख्ने विषयमा झगडा भएछ । फलतः पठनपाठन अवरूद्ध

हुन गएछ, यसमा उहाँलाई बोलाइयो, दुवै गाउँको समन्वयमा ठाउँ तय गरियो, पठनपाठन सञ्चालन गर्न सफल हुनुभयो । केही महिना अध्यापन गरेर शिक्षकको प्रवन्ध मिलाएर संस्कृत व्याकरणका पाणिनिको तपस्थल दह( खिदिम र पणेनाको सङ्गम स्थलमा गुरुकुल आश्रम सञ्चालन गर्नु भयो ।

यस गुरुकुल आश्रममा पणेनावासीहरूले उठाएको दैनिक मुष्टी भिक्षा (बिहान खाना पकाउन निकालेको अन्नबाट एक मुठी दानको लागि छुट्याउने र घैंटामा दैनिक राखी गुरुको लागि मुष्टीभिक्षा लिन विद्यार्थीहरू आएको बेला दिने दान) नै गुरूको बाच्ने आधार हुनपुग्यो । सरकारी र सार्वजनिक आर्थिक स्रोत केही थिएन । कोही ठूलो दाता थिएन । यसरी करीब तीन वर्ष त्यहाँ अध्यापन गर्दै जाँदा आफूले पढेको श्रीहरिहर पाठशाला बन्द हुनपुग्यो । यसलाई बचाउन स्थानीयहरूको समन्वयमा विद्यालयलाई पुनर्जीवन दिन अगुवाई गर्नुभयो । हामी दहमा पढ्ने विद्यार्थीहरू पनि यही पाठशालाका माथिल्लो कक्षाका विद्यार्थी बन्न पुग्यौं । विद्यालयलाई पुनर्जीवन दिन अगुवाई गरेको उच्च मूल्याङ्कन गर्दै उहाँलाई पाठशालाको संस्थापक प्रधानाध्यापक बनाइयो ।

**हरिहर पाठशालामा संस्थापक प्र.अ. बनेपछि विद्यालयको संस्थागत विकासमा के कसरी योगदान गर्नु भयो ?**

हरिहर पाठशालालाई पुनर्जीवन दिन अगुवाई गरेपछि यसै विद्यालयलाई स्रोत साधनसम्पन्न गराउने क्रममा श्रीहरिहर गौतमलाई भेट गर्न रु.तीन लिएर घरबाट बर्दिया लाग्नुभयो । अहिले जस्तो बुटवलबाट बर्दिया ,नेपालगञ्ज जाने यातायात सुबिधा थिएन । भैरहवाबाट नौतनवा-गोरखपुर गएर रेल चढ्नु पर्दथ्यो । पैसा छैन । बर्दियाबाट किशोर गौतम बुवा भैरहवा सुगर मिलको काममा आउनु भएको रहेछ । उहाँसँग रात्री बसोबास समेतको भेटमा श्रीहरिहर गौतमको निधन भएको थाह भयो । तीन दिन भएको रहेछ । दाजुभाइका नाताले छोराहरू भेट गर्ने र सहयोगको अपेक्षा राख्ने भनेर किशोर गौतम बुबाकै सौजन्यतामा बर्दिया पुग्नुभयो । किरियामा बसेका छोराहरू विष्णुहरि र लक्ष्मीहरिसँग समवेदना साथ पिता हरिहरज्यूबाट निजी खर्चमा संचालित विद्यालय बन्द भएकोले त्यसलाई पुनर्जीवन दिने क्रममा सहयोगका अपेक्षा राख्नु भएछ । त्यहाँ भूमिसुधार कार्यक्रम लागू भैसकेको थियो । १८ हजार बिघाका मालिकको सरकारीतहबाट बर्दियाको जग्गा जफत गर्ने प्रक्रिया भैसकेको र कपिलवस्तुमा शुरू नभएकोले कपिलवस्तुमा रहेको जग्गा विद्यालयको नाममा दिनमिल्ने उपाय तत्कालीन भूमिसूधार अधिकारी श्री भेषराज शर्मा (बुबाले मानकोटमा पढाएको मावली भाइ) बाट प्राप्त भयो र सो प्राप्ति गराउन बुबालाई सहजीकरण उहाँले गर्नुभयो । कपिलवस्तुमा रहेको मौजामध्ये ६८ बिघा जग्गा प्राप्त गर्न सफल हुनुभयो र यसलाई विद्यालयको नाममा राख्न आजीवन संघर्षरत हुनुभयो । यस क्रममा फटाहा व्यक्तिहरूले मुद्दा गर्ने, दुःख दिने गरेका थिए । विद्यालयलाई प्राप्त स्रोत साधन अक्षुण्ण राख्ने क्रममा पहाड (खिदिम) बाट मधेसमा (कपिलवस्तुका भूमिसुधार, माल, अदालतमा) महिनैपिच्छे तारिखमा धाउने गर्नुपर्दथ्यो । उकालो ओरालो अप्ठेरो बाटो अनि चार कोशे झाडी, जोगदमारको वनमा सुनसान एक्लै हिड्नु पर्दा एकपटक बाघसङ्ग जम्काभेट भएको, कुलोमा परेर झण्डै ज्यान गएको जस्ता आङै सिरिङ्ग हुने घटनाहरू घटेका थिए । अन्ततोगत्वा आफ्नो अवकास हुनु अघिसम्म यो अचल सम्पत्ति विद्यालयको नाममा अक्षुण्ण राख्न आजीवन संघर्ष गर्नु परेको थियो, अन्ततः सफल हुनुभयो पनि । उहाँले विद्यालयको नाममा सम्पत्ति अक्षुण्ण राख्न यसरी जीवनभरि संघर्ष गरेर सुरक्षित गराएको यो सम्पत्तिलाई उहाँको अवसानपछि हाल आएर हत्याउने कार्यमा सबै स्वार्थीवर्ग लागेको छ । यसलाई बचाउने अभिभारा अहिलेको पिढीले नै गर्ने हो । समितिका पदाधिकारी र स्थानीय सरकार यस्तो स्वार्थीवर्गको पछि लाग्ने छैन । लागेमा यो उनीहरूकै लागि घातक हुनेछ, विद्यालयको लागि जग्गादाता र सम्पत्ति प्राप्तिमा बुबा,तात्कालीन समिति, बुबासाथ हिड्ने सहयोगी शिक्षकहरूले गरेको योगदानमा कतैबाट पनि आँखा नलागोस् । यस विषयमा प्रदेश र परिआए संघीय सरकारले प्राप्त जग्गालाई अक्षुण्ण राख्ने क्रममा हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्दछ । पत्रकारहरू चनाखो भएर आफ्नो भूमिका निर्वाह गर्नेछन् ।

**उहाँले शूद्रहरूलाई पढाएबापत् सङ्कीर्ण समाजसँग निकै संघर्ष गर्नुपर्‍यो भन्ने कुरा तपाईंले वताउनुभयो । केके थिए ती सङ्घर्षहरू ?**

बाहुनको छोरा अझ संस्कृत पढेको पण्डितले नै शूद्रजातिका केटाकेटीलाई पढाउन संघर्ष गर्नुको पछाडि उहाँको सुनार बालसखाहरू हुनु हो । आफूले गाउँ र पछि बनारस गएर पढेको र यी बालसखाहरूले पढ्ने ठाउँ नभएको देखेर उहाँलाई यो कुरा मनमा बिझ्यो । यसपछि उनीहरूलाई घरमै बोलाएर पढ्न सिकाउन थाल्नुभयो । उनीहरू साक्षर हुँदै आफ्नो वर्गमा पूजाआजा गराउन सक्ने बनाइए । यसैगरी मावली गाउँ मानकोटमा पनि सार्की,कामी,दमाई र कुमालहरूलाई आफ्नै डेरामा बोलाएर पढाउनु भएको थियो । यही पढेकै कारण मानकोटको केसे सार्की सिङ्गापुर मा पुलिसमा जागीर पाएर उतै बसेका थिए । पछि उनले हीराजडित सुनौलो घडि उपहार पठाइदिएका थिए ।

मावलीगाउँमा पढाउन छाडेर खिदिम फर्केपछि आफ्नै गाउँको स्कूलमा औपचारिक रूपमै शिक्षक बनेर पढाउन थाल्नुभयो । काठमाडौंबाट पनि काशीनाथ गौतम मन्त्रीको नाताले ‘तीन शिक्षक, तीन गाउँको लागि’ पठाइदिनुभएको थियो । स्थानीय शिक्षक नागेन्द्रनाथ, गुल्मीका माधव अर्याल पनि हुनुहुन्थ्यो । तर त्यहाँ शूद्रहरू भनिने कामी,दमाई, सार्कीको उपस्थिति शून्य जानकारहरू बताउँथे । त्यसैले यिनीहरूका घरघर आफै गएर बालबालिकालाई स्कूलमा पठाउन अनुरोध गर्न थाल्नुभयो । त्यसपछि केटाकेटी आएर पढ्न थाले । यो त्यहाँका सङ्कीर्ण समाजलाई सहिनसक्नु भयो । पहिले बुबालाई सम्झाउन कोशिश गरियो, नमानेपछि होडलो गर्ने यही हो भनेर बुबालाई नै लक्षितरी धर्मसभा बसालियो र बुबाको मानमर्दन गर्न खोजियो । यो घटना त्यहाँ त्यो समयमा ठूलो बनेको थियो । यस विषयमा नजीकै रहेको र सङ्कीर्ण समाजका कट्टर अनुयायी बनेका हरिहर पाठशालाको प्रतिनिधि विद्यार्थी मोदनाथ र बुबाबीच वेनामी कवितायुद्ध अघोषित

रूपमा चल्न थाल्यो । ती सबैको प्रत्यक्ष स्रष्टा र द्रष्टा बनेका वरिष्ठ साहित्यकार,पूर्व मन्त्री एवं बाम राजनीतिका नेता स्वयं मोदनाथ प्रश्रितको 'जन उत्थान मासिक, वर्ष ८, अङ्क ३, साउन २०६०' मा प्रकाशित लेख 'म यसरी जातपातको भावनाबाट मुक्त भएँ' बाट थाहा हुन्छ । यसैगरी अर्का फुच्चे द्रष्टा बनेका बुटवलबाट प्रकाशित 'जनसङ्घर्ष'का सम्पादक पं बाबुराम भट्टराई (हाल निधन)को कान्तिपुर मंसिर ७,२०५९ मा 'नेपालका ज्योर्तिर्बा फुलेः नारायण गौतम' लेख पनि उत्तिकै विवरणात्मक छ । यी लगायत अन्य विद्यार्थी र तत्कालीन द्रष्टाहरूका लेख समेटेर'शैक्षिक अभियन्ता पं नारायण गौतम स्मृतिग्रन्थ २०७४'मा प्रकाशित गरिएको छ । यसबाट उहाँ युगद्रष्टा हुनुहुन्थ्यो भन्न सकिन्छ ।

**शैक्षिक जागरण, शैक्षिक संस्थाहरूको संस्थागत विकास,स्तरोन्नति, आर्थिक स्रोतको प्रवन्ध तथा स्थायित्वबारे त केही छोटकरीमा माथि नै केही मात्रामा उल्लेख भयो । यथार्थमा हेर्दा सामाजिक विकासमा उहाँले गरेका प्रमुख योगदानहरूलाई अहिलेको समाजले केकसरी सम्झिरहेको छ ?**

दुर्गापूजाको लागि सरकारी तहमा स्थायी आर्थिक स्रोतको प्रबन्ध, दशैमा गाइने मालश्रीको लिपीबद्धता,बंशावली कार्यमा योगदान र दुरूह बनेका बाटाहरूको निर्माण मूलरूपमा उहाँका योगदानहरूलाई समाजले विशेष सम्झिने कार्यहरू हुन् ।

जुम्लाबाट पूर्व लागेका ज्योतिष शास्त्र ज्ञाता श्रीधर गौतम हाम्रा गौतमहरूका मूलपुरुष हुन् । उनले राजा रामसिंहलाई निर्माणाधीन दरबारबारे भविष्यवाणी गरेको र सोको प्रत्यक्ष असर देखेपछि उनीबाट रोजेको एकदिन भित्र हिड्ने परिधि विर्ताको रूपमा पाएका थिए । यो चारसयभन्दा अघि वि.सं. १६६९ सालको हो । यसको लागि मधेश देखिने, पानी,जङ्गल, खेतफाँट प्रशस्तै भएको,हिमशृङ्खला देखिने खिदिम गाँउ रोजे, एकदिन भित्र हिड्ने परिधि विर्ता पाएका थिए, पुराना गाउँ बिकास समितिका २२ वडा यसभित्र पदर्छन् । यस खिदिम गाँउको माझ पर्ने पोखराथोकमा आफ्नो इष्टदेवी त्रिपुरासुन्दरी देवीको प्रतीकका रूपमा दुर्गादेवीको सङ्गै ल्याएको प्रतिमा स्थापना गरेका थिए । यसलाई दशैंघर भन्न थालियो । पछि राजा सुरेन्द्रबाट लालमोहर भएको थियो । २०१६ सालमा विर्ता उन्मूलन भएपछि सरकारी स्रोत बन्द भएको र स्थानीय तहमा आजापूजा गर्दै आएको थियो। उहाँले उक्त लालमोहरलाई आधार बनाएर दुर्गापूजाको लागि सरकारी तहबाट स्थायी स्रोत जुटाउन अगुवाई गर्नुभयो र यसमा सफलता पनि मिल्यो । हाल यो दशैंघरमा भव्य मन्दिर बनेको छ। दैनिक र विशेष पूजा हुने गर्दछ। यसलाई उहाँको योगदानको रूपमा सम्झिन्छ । दशैंको प्रतिपदादेखि दशमीसम्म बेलुकी मालश्री यहाँ गाइन्छ । यहाँ सात्विक रूपमा पूजा हुन्छ । पशुपंक्षी बली दिइदैन । फूलपाती लिनजाँदा र भित्र्याउँदा, अनि दशैको दिन विसर्जन गर्दा मालश्री गाउँदै बाजागाजासहित तरवार , खुँडा, लौरो, ध्वजापताकाहरू सहितको उत्सव मनाउने गरिन्छ ।यो मालश्री श्रुति परम्परानुसार गीतिलयमा गाइन्थ्यो । टुटेफुटेको यस गितिरागलाई उस्तै भाषामा पूरा गरेर उहाँले लिपिबद्ध गर्नुभएको पनि उत्तिकै महत्त्वपूर्ण छ । अहिले यही लिपिबद्ध राग मालश्री गाइन्छ ।

बंशावली कार्यमा पनि उहाँको विशिष्ट योगदान छ। लिपिबद्ध हुन नसकेको, टुटफुट भएको बंश परम्पराको डोरोलाई स्थानीय अग्रजहरू र नातासम्बन्धीका स्रोतहरू पन्छाउँदै बंशावलीलाई लिपिबद्ध गर्नुभएको थियो । २०२५ सालतिर गौतम बंशावली तयार पार्ने क्रममा झापाबाट आउनु भएका भवानीप्रसाद गौतमलाई सो दिनुभएको र पछि नेपालका गौतमहरूको बंशावली तयारी गर्दा यसको उपयोग भएको थियो । २०५८ सालमा आएर गौतम समाज,काठमाडौंले अद्यावधिक गरेको थियो । यस कार्यमा पनि उहाँको उत्तिकै विशिष्ट योगदान रहेको छ । यसैगरी दुरूह बनेका बाटाहरूको निर्माण पनि उहाँका योगदानहरू मध्ये समाजले विशेष सम्झिने कार्य हो । विद्यालय जाने मूल बाटो र प्रमुख बाटाहरू बर्षाका भेलले बर्षेनी दुस्कर बनाइएका हुन्थे । खाल्टाखुल्टी भएका ठाउँमा वस्तुभाउ ओहोरदोहर गराउन र रातीमा मानिस यी खाल्टाखुल्टी भएका ठाउँमा जाकिने ठूलो डर हुन्थ्यो । यी ठाउँहरूमा टालटुल पार्नुभन्दा राम्रैसँग ढुङ्गा बिछ्याउने काम छोरा भतिजाहरू साथ लिएर शुरु गर्नुभयो । पछि विद्यार्थीहरू पनि सहभागी भए । नजीक ढुङ्गा थिएनन् । चीसापानीमा गएर राम्रा ढुङ्गाहरू खोजेर श्रीराम लेखेर थुपार्नुहुन्थ्यो र यी वालवालिकाहरूले बोक्दथे । काठको एक गाढा बनाइदिनु भएकोले रमाईरमाई खेलका रूपमा ढुङ्गाहरू ओसार्दथे । सरकारी सहयोग थिएन । उहाँका हातका स्पर्श पाएर ढुङ्गाहरू मिल्दथे । आज यी बाटाहरू छपनी भएको ३० बर्ष भन्दा बढी भयो । कतै एक ढुङ्गा पनि निस्केको छैन । अहिले यी बाटाहरू बाटोमा हिड्नेहरूका लागि बुबाज्यूको स्मारक बनेका छन् ।

**उहाँका यी जीवनदायी प्रेरणा र प्रभाव के कतिले अनुशरण गरेका छन् ?**

यथार्थमा भन्ने हो भने उहाँको जीवनदायी प्रेरणा र प्रभाव समयको गतिले धेरै कमले मात्र अनुशरण गरेहोलान् जस्तो लाग्छ ।

**उहाँ साहित्यिक विधामा निरन्तर नलागे पनि उहाँका पुस्तकाकारका रूपमा केही प्रकाशित कृतिहरू छन् कि ?**

उहाँका पुस्तकाकारका रूपमा प्रकाशित कृतिहरू मुख्यरूपमा दुईवटा छन् । पहिलो कृति(स्वलिखित तथा सम्पादित)को रूपमा श्रीहरिहर संस्कृत तथा साधारण माध्यमिक विद्यालयको पचासौं बर्ष पारेर प्रकाशन गरिएको सुवर्ण जयन्ती स्मारिका (२०४४) र दोस्रो खप्तड यात्रा संस्मरण हो ।

विसं १९९४ मा विधिवत स्थापना गरिएको पाठशालालाई आधार मानेर सुवर्ण जयन्ती स्मारिका निकालिएको हो । यस कृतिमा त्यो समयको कलेजको गरिमामय इतिहास उल्लेख भएको छ । यदि उहाँले उक्त कार्य नगरेको भए कलेजको इतिहास लुप्त भएर जाने थियो । यसमा उहाँको लेखन संस्कृत भाषामा छ। विद्यालय संस्थापक श्री हरिहर गौतम,र जग्गादाता उहाँका पुत्रहरूको जीवनी, हेडगुरू

दधिराम मरासिनी, अन्य गुरुबर्गको जीवनी र विद्यालयको विगत र बर्तमान वस्तुस्थिति समेटिएको छ । यसैगरी वरिष्ठ साहित्यकार एवं पूर्व शिक्षामन्त्री मोदनाथ लगायत तत्कालीन विद्यार्थीहरूका लेखरचनाहरू समेत राखिएकोले यो स्मारिका आफ्नै महत्वको छ। दोस्रो कृतिका रूपमा 'खप्तड यात्रा' संस्मरण रहेको छ। ६१ बर्षको उमेरमा ११ बर्षको आफ्नै कान्छो छोरा सुश्रवालाई साथी बनाई घर बाट निस्केर पैदल हिड्दै खप्तडबाबालाई भेट गरेको, दुईरात सँगै बाबासँग दिन तीन दिन बिताउँदा भएका विषयवस्तुहरूका निस्कर्ष यसमा पढ्न पाइन्छ । यात्राको उद्देश्य उहाँको शब्दमा 'मानसिक स्वास्थ्य बृद्धिका साथै शैक्षिक गुणस्तरीयता सम्बन्धमा अनुभव र विचार संचय गर्नु र फर्कदा पुर्ख्यौली जन्मस्थान जुम्ला-सिञ्जाको दुर्गादेवीको दर्शन गर्ने समेत लक्ष थियो' । १०५ दिन लगाएर राप्ती,सेती,भेरी,कर्णाली र महाकाली अञ्चलका १५ जिल्लाहरू यात्रा भित्र समेटिएका थिए । उहाँको लेखन र छपाई स्रोतमा उहाँको निधन पछि २०५४ सालमा प्रकाशित गरिएको थियो ।

**उहाँको समाजपरक इतिहास भावी पुस्ताको लागि प्रेरक हुने हुनाले त्यसलाई जीवन्त राख्न केही सोच भएको छ कि ?**

उहाँको सङ्घर्षमय जीवन भावी पुस्ताको लागि प्रेरक हुने हुनाले त्यसलाई जीवन्त राख्न स्मृतिग्रन्थ प्रकाशनमा ल्याइएको हो। यस स्मृतिग्रन्थ प्रकाशन भएपछि राष्ट्रीय तहका पत्रपत्रिकाहरूमा यसको समीक्षाहरू भएका छन् । खप्तड यात्रा संस्मरण उत्तिकै चासो विषय बनेको छ। यी सबैलाई बटुलबाटुल पारेर एक परि शिष्टाङ्क विद्युतीय माध्यममा राख्ने, समाजपरक इतिहास बचाई राख्न अध्ययन अनुसन्धान, प्राप्त हस्तलिखित विषयहरूको संरक्षण एवं पाठक बृन्दहरूबाट आउने सुझावहरू हाम्रा आगामी कार्यक्रमहरूका लागि मार्गदर्शन बन्नेछन् ।

**उहाँको साहित्यिक क्षेत्रमा पनि गहन रुची रहेको देखिन्छ। कुन कुन विधामा उहाँको कलम चलेको पाइन्छ? उहाँका मर्मस्पर्शी भाव समेटिएका जीवनदायी दुई चार पङ्तिहरू हाम्रा आदरणीय पाठकहरूज्यू समक्ष राखिदिनुहोस् न ।**

साहित्यिक क्षेत्रका विविध विधामा सिङ्गै पुस्तकहरूको लेखन धेरै नभए पनि फुटकर रचनाहरू बेलाबेलामा उहाँले लेख्नुहुन्थ्यो । तर लेखनमा निरन्तरता दिने कार्य हुन सकेन। यो विषय शैक्षिक जागरणको अभियन्ताका लागि गौण बनेर हो । तैपनि फुटकर रूपमा कोरिएका रचनाहरू समाज र समयपरक हुनु उहाँको विशिष्टता हो। उहाँको कलम विशेषतः समसामयिक घटनाहरूमा चल्दथ्यो । यहाँ दुई रचनाका अंश उदाहरणका रूपमा दिइएको छ।

'हेरन साथी चमत्कार नयाँ नेपालमा
पैले यो छ पञ्चबर्षीय योजनाको काल
यस्मा जाली फटाहाको काट्नुछ जाल
अनि जुट्छ उन्नतिको कार्खानाको माल
तब होला नयाँ नेपाल सुख शान्तिको ताल'

सरकारले देशको योजनाबद्ध विकासका लागि प्रथम पञ्चबर्षीय योजना बनाएको र २०१५ सालको पहिलो जननिर्वाचित सरकारले अघि सारेका अग्रगामी योजनाहरू विर्ता उन्मूलन जस्ता त्यसबेलाका चालिएका कदमहरूले लेखकमा ठूलै आशा र विश्वास पलाएर नै यस्तो लेखियो होला । अहिले पन्धौँ योजना लागू भैसकेको छ तर लेखकले भनेजस्तै जाली फटाहाको जालो काट्न व्यवस्थै परिवर्तन भएर आए पनि नयाँ राजाहरू र जालो फिजाउनेहरू झन मौलाएका छन् । यस रचनामार्फत् आम जनताले जे अपेक्षा गरेका थिए, तिनका पिढीहरूमा समेत यी अपेक्षा उस्तै रहेका छन् ।

यसैगरी 'फेरि आयो' कविता २०४७ साल बैशाख तीन गते राति जनआन्दोलनको फलस्वरूप तीसबर्षे पञ्चायती राज समाप्त भएको खबर बिहानको रेडियोमा सुनेर खुसी हुदैं लेखिएको थियो। यस कविताको एक अंश यस्तो छ :

'सच्चालिस वैशाखको तीन गते हेर
पञ्चायतको वर्गीयको जरै उखेलेर
खारेज गरी शुद्ध पारी जनताले फेरि
प्रजातन्त्र ल्यायौँ हामी डिल पर्खाल घेरी
अव हामी कङ्ग्रेस के वाम पन्थी को हो ?
नेपाली हौं सबै दल नेपाल हाम्रो हो'

प्रजातन्त्र र राष्ट्रप्रति अविचलित आस्थावान्का यी खुसीले प्रस्फुटित भावनाहरूले आपसमा दलीय लडाइँ नलडेर देश र जनताको हितलाई केन्द्रविन्दुमा राखेर समृद्धि र विकासमा अघि बढ्न दिशा निर्देश गरेको छ। यी हरफहरू अहिलेको दलीय लडाइँमा उत्तिकै मर्मस्पर्शी छन् । यसले उहाँ समृद्ध र स्वतन्त्र नेपालको हिमायती हुनुहुन्थ्यो , न कि दलीय लडाइँ ।

**समाज र राष्ट्रले उहाँ जस्ता व्यक्तित्व र प्रतिभाको के कति कदर गर्न सके जस्तो लाग्छ ?, के उहाँको योगदानको सही मूल्याङ्कन हुन सकेको छ त ?**

यसका लागि माथिका पृष्ठभूमिका आधारमा आदरणीय पाठकहरूबाट उत्तर खोज्नु उपयुक्त देख्दछु । उहाँ जस्तै कैयन समाजका परिवर्तनकामीहरू ओझेलमा परेका देखिन्छन् । उहाँ पनि एक प्रतिनिधि पात्र हो ।

**जीवनकालमा उहाँले भोग्नु भएका विविध कष्टहरू मध्ये कुनै एक बताइदिनुहोस् न ।**

उहाँको जीवन सधै कष्टकर भएर नै बित्यो । समाजपरक कार्यमा लागिरहदा कहिले भोकै प्यासै त कहिले बाघसँग जम्काभेट, कहिले हिलो बाटोमा चिप्लिदै ज्यान जोगाउँदै हिड्नुपर्ने जस्ता उहाँका लागि सामान्य कठिनाई थिए । घर मूलीको हालत नै त्यस्तो थियो भने त्यसको असर परिवारजनमा पर्ने नै भयो ।

एकपटक दुर्गापूजाको लागि सरकारी स्रोतबाट नियमित रूपमा आर्थिक सहायता दिलाउने क्रममा विर्ता उन्मूलन अघिको जग्गा यकीन गर्न मालपोत कार्यालय लागेछ। खिदिमको एक भागमा बस्नेहरूले बुबालाई विर्ता थाम्न लागेको भनी सदरमुकाममै बुबा भएको पत्ता लगाएर घेराबन्दी गर्दै उहाँको कठालो समाउदै भनेछन्

"हामी १,८०० घरलाई खान खोजिस्, तेरो अव रगत पिउँछौं ।" उहाँले कुलदेवीको पूजाको कार्य या त पूरा गर्ने या त मर्ने अठोट गरेर भन्नुभएछ "साथी हो ! म दुब्लो छु, मेरो रगत कति पो आउँछ र पिउँछौ । त्यतिले तिमीहरूलाई पुग्दैन, बरू,हाड घोटेर खाने हो भने अघाउने छौ"भन्दै गर्दा प्रहरी आइपुगेछन् र उहाँलाई बचाएछन् । अन्यथा ज्यान जानेथियो । पछि वास्तविकता बुझेपछि अर्कोदिन - "भाइ! हामीहरू भूलबस हिजो बेलुकी तपाईंमाथि जे जस्तो आक्रोशजन्य कार्य गर्यौं, त्यो सबै क्षमा गर्नुहवस्" भनेर खुट्टामा ढोग्न पुगेछन् ।

यसैगरी कपिलवस्तुमा रहेको विद्यालयको जग्गा व्यवस्थित गर्ने क्रममा अतिक्रमणकारीहरूले मार्ने सम्मको योजना बनाउदै गर्दा संयोगले उनीहरू भएको ठाउँमा पुग्नुभएको र घाटी थिची मार्ने कुरा सुनेर"लौ म आएको छु, के गर्छौ, गर" भन्दा आपसमा मुखामुख गर्दै लाजले तितरवितर भएछन्, यो मलाई बताउनुभएको थियो । सामाजिक कार्य गर्दा यस्ता घटनाहरू भए पनि निष्ठापूर्वक उहाँ लागिरहनुहुन्थ्यो ।

**२०४७ सालको संविधान निर्माण गर्नेबेला संविधानमा धर्मसम्बन्धी दिनुभएको सुझाव के थियो ?**

२०४७ सालको संविधान निर्माण गर्ने बेला संविधानमा धर्म सम्बन्धी निम्न सुझाव संविधान सुझाव आयोगका अध्यक्षलाई सम्बोधन गरी दिनुभएको थियो । राष्ट्रीय सभा गृहमा रहेको आयोगको कार्यालयमा आफै गएर दिएको सुझाव जे जस्तो थियो, जस्ताको त्यस्तै यहाँ प्रस्तुत गरेको छु ।

महोदय!

हाल निर्माण हुन लागेको नेपालको संबिधानमा चर्चा परिचर्चा भएअनुसार राखिन खोजेको धर्म निरपेक्ष शब्दबाट धर्मको हनन हुन पुग्दा अधर्म व्याप्त भएर पूर्वाव्यस्त जनसमाजमा चोट पुग्ने र हिन्दुधर्म शब्दले सङ्कुचित र सांप्रदायिक अर्थ दिने हुनाले विश्वमानवका विश्वधर्म अटाउने 'सनातन धर्म' शब्द राखेमा सबैको लक्ष्य अध्यात्म झलक आउथ्यो कि ? जो सर्ब सम्मति ।

नारायण गौतम,प्रधानाध्यापक,
श्रीहरिहर संस्कृत तथा साधारण माध्यमिक विद्यालय, खिदिम,
पोखराथोक, अर्घाखाँची

अहिले पनि यो सुझाव उत्तिकै उपयुक्त र सर्वस्वीकार्य हुनसक्छ ।

**अरूले मोक्ष प्राप्तिको इच्छा गर्दा उहाँले 'बारम्बार यस धर्तिमा जन्म लिईरहूँ र देश र समाजको सेवा गर्न पाइरहूँ' भन्ने विचार किन राख्नुभएहोला ?**

हाम्रा ऋषिमुनीहरू देखि लिएर समाजका असल मान्छेहरू लोक कल्याणका लागि कार्य गर्छन् । उनीहरूले निःस्वार्थ भएर नै समाज र देशको हित हुने कार्यमा लागिरहेका हुन्छन । यी नै समाज र युगका परिवर्तनकामी हुन्छन् । बुबा पनि यसैकोटीको व्यक्तित्व हुनुहुँदो रहेछ । देश र समाजको सेवा गर्ने धोको उहाँमा पूरा नभएको रहेछ र भौतिक बिदा लिनुअघि आफ्नो इच्छा व्यक्त गर्नुभएर हामी सबैलाई देश र समाजपरक कार्यमा लाग्न प्रेरणा दिनुभएको हुन सक्छ ।

यस्तो कर्मगर्दा परहित हुनेगरी आफ्नोकार्य गर्नुपर्ने उहाँको आदर्श थियो । काम गर्दै जाँदा गल्ति पनि हुनसक्छन् । जानेर होइन, न जानेर यदि गल्ति गरिन्छ भने त्यसलाई भगवान् ले क्षमा ( सुधार्छन् ) दिन्छन् ।

'परहित सार्द्धं स्वात्मोन्नतये लक्षं धृत्वा कार्य कृते ।
त्रुटिरपि यदिस्यादनभिज्ञाय सर्वं क्षमते राजा रामः ॥'

यस प्रति उहाँको निष्ठा थियो,विश्वास थियो । आजको या भोलिको पुस्तालाई उहाँका यी आदर्श, मूल्य मान्यताहरू मार्गदर्शन बन्न सक्छन् । सके अरूको भलो गर्ने, नसके कसैको कुभलो नगर्ने हाम्रो पुरानै बाबुबाजेको भनाइ छ । यो भनाइ सात्विक चिन्तनबाट अभिप्रेरित छ । तर आज एउटा कुरा भन्ने, उल्टो गर्ने बानी सबैमा देखिएको छ ।

**उहाँका आदर्श, मूल्य मान्यताहरू बारे यहाँले धेरैजसो बताइसक्नुभयो, अझै पनि अन्यन्त महत्त्वपूर्ण कुरा छुट भए सार संक्षेपमा राख्नुहुन्छ कि ?**

देश र समाजपरक चिन्तनभएका उहाँ जस्ता कैयन् व्यक्तित्वहरू ओझेलमा परेकाछन् । उनीहरूले आफ्नो मान मर्यादा खोजेका छैनन्, समाज सदाचारी र आदर्श भएर चलोस भन्ने चाहना मात्र हो । उहाँ श्रीराम भक्त हुनुहुन्थ्यो । जीवनमा आएका वा घटेका राम्रा नराम्रा घटनाहरूलाई श्रीरामजीको इच्छा मान्नुहुन्थ्यो । सन्तमहापुरूषहरूका भनाईमा पनि लोकमा दैवको लीला भनेर चित्त बुझाउने गरिन्छ । अत्यन्त छोटो,सरल तर गहन निष्ठा र विश्वास बोकेको 'श्रीरामजीको इच्छा' को व्याख्या बौद्धिक पाठकवर्गमा छोड्न चाहन्छु । उहाँबारे उहाँको निधन भएको करीब अढाई दशक पछि मात्र भएपनि 'शैक्षिक अभियन्ता पं नारायण गौतम स्मृतिग्रन्थ -२०७४' प्रकाशन गरिएकोछ । यस कृतिमा उहाँको जीवनी, व्यक्तित्व र कीर्तित्वका बारेमा धेरै हदसम्म प्रकाश पारिएको छ । उहाँको समाजपरक व्यक्तित्व केही भएपनि उजागर भएको छ । यो कृति बरिष्ठ साहित्यकार एवं राजनैतिक नेता मोदनाथ प्रश्रितसहितको सम्पादक मण्डलबाट सम्पादित भएको छ । गौतम परिवारजनबाट प्रकाशित यो ग्रन्थ उहाँको ऐतिहासिक पक्ष उजागर गर्न मात्र नभई समाजोपयोगी तथा प्रेरक कृति बन्न सक्ने अपेक्षा गर्न सकिन्छ ।

**आफ्ना कर्मयोगी पिताको बारेमा यहाँले महत्त्वपूर्ण धारणा राखिदिनुभयो । यहाँप्रति धन्यवाद प्रकट गर्दै कृतज्ञता व्यक्त गर्दछु । अन्त्यमा यहाँलाई भन्न मन लागेको त्यस्तो केही छ र ?**

बहुप्रतिभाशाली तथा कर्मयोगी हाम्रा कीर्तिशेष पिताजीका जीवनकर्म र सामाजिक योगदानका बारेमा यहाँले बताउने अवसर मलाई प्रदान गर्नुभएकोमा यहाँ र पत्रिका प्रकाशन परिवारप्रति कृतज्ञता प्रकट गर्दछु । स्वर्गीय पिताजीको कर्म र योगदानलाई दुई दशकपछि पनि यस मिडियामार्फत् सार्वजनिक गर्न पाएकोमा सौभाग्य ठानेको छु । यस्तै ओझेलमा परेका अन्य व्यक्तित्वहरूको पनि यसैगरी खोजि गर्दै जानुहोला । महत्त्वपूर्ण संवादका लागि धन्यवाद !

*कविता*

**गणेश ज्ञवाली**

# विजय गाथा

मान्छे बस्दछ नर्कझैं धरतिमा पल्लो किनारातिर
के खाने? झुपडी न वस्त्र उसका उर्लिरहेछन् पिर
वर्षाको भलझैं बगेर पसिना सिञ्चिन्छ मिट्टी जति
फुल्दैछन् तर पुष्पका महकमा पाउन्न सुँघ्नै कति !

भोलीका सपना लिई मरिमरी नङ्ग्रा खियाए पनि
झन्झन् भासिन जान्छ गर्ततलमा धर्ती उठाए पनि
भोकै मर्दछ,अन्नको छ चुलिँदो भण्डार अर्कैतिर
पापी राक्षस लप्लपिन्छ रसना काटी चढाओस् शिर

कस्तो दानवता छ व्याप्त जगमा सारा लुटेराहरू
अर्काको पसिना, रगत् छ रसिलो पीई बसेकाहरू
क्यै मुट्ठीभरको रजाइँ बलियो छन् लाख निर्धा जन
मर्नै पर्छ भने, उठून् ति निमुखा झुक्छन् सधैं नै किन ?

लौ सङ्कल्प उठ्यो खुँडा र खुकुरी बोकी उठे लस्कर
नाघी भीर, पहाड,जङ्गल,नदी,खोल्सा हिँडी दुष्कर
अर्पेको बलिदानमा विजयका कोरेर गाथाहरू
हिँड्दैछन् तर अश्रुका लहरमा हाँसो फुलाई बरु

यस्तो लाग्दछ कम्पकम्प जिमिमा ज्वालामुखी फुट्दछ
थोपा मिल्दछ एकएक जलको सिन्धू भई जुट्दछ
आँधी आउँछ टिक्न सक्छ कसरी अन्यायको शासन?
साँच्चै डग्मगियो ढलेर भुइँमा त्यो इन्द्रको आसन

ब्यूँझे स्वप्नहरू यही विजयमा भागे लुटेरा पर
भो आभास बन्यो दुःखी गरिवको यौटा सुनौलो घर
केही मिल्दछझैँअकिञ्चनहरूलाई छ आशा कतै
मिल्ला न्याय र मूल्य प्राप्ति हुनुको विश्वास जाग्यो सधैं

पंक्षी मुक्त उडे, सफा गगन भो, लाग्दै गए पालुवा
धर्ती भो सब आफनै प्रकृतिका ढुङ्गा, गिटी, बालुवा
नौलो सिर्जनमा उमङ्ग लहरी उत्साह सञ्चार भो
आऊने अब छैन की अतितको दुष्कृत्य बेकारको !

के बस्छन् नपिई रगत् र पसिना हूँडार(ब्वाँसाहरू
आफ्नो स्वर्ग फिराउने छल गरी छन् ताक गर्ने बरु !
तिन्कै कुत्सित चालमा विजयको गाथा कहीं ढल्दछ
विस्तारैसँग भित्रभित्र कुहिँदै फर्सीसरी गल्दछ !

उस्को भौतिक हारमा विजयको सर्वश्व ठान्यौ जब
तिम्रै भित्र पसी उ सुस्त गतिले तिम्लाइ लुट्यो तब
तिम्रै अन्तरमा  तिमी नरहने उस्ले बनाइदियो
आफू गै तिमिमा समाहित हुँदै सर्वश्व साथै लियो !

टुक्रिन्छौ जब खण्डखण्ड मतिमा विभ्रान्त बुद्धी लिई
आफ्नै सम्मतिमा स्वयं हुन गयौ बर्बादिका सारथि
जो संसार बन्यो रगत् र पसिना तिम्रै बलीदानले
त्यो ढल्दैछ शनैः विडम्ब सपना भोग्दैछ संसारले

व्यर्थै भो बलीदान रुन्छ धरती फर्की पुरानैतिर
जस्तो थ्यो' पहिले उही छ अहिले देखिन्छ ठूलै भिर !
खोसिन्छन् सब एकएक कसरी सम्पूर्ण प्राप्ती पनि?
घुम्दैछन् भइ निर्दयी पलहरू दुष्चक्रमा फन्फनी !

यो संघर्ष छ जीत मात्र सजिलै मिल्दैन कैल्यै पनि
धेरै हार सहेर हुन्छ जितको उत्कर्ष चुम्ने अनि
ऐलेको नमिठो छ हार,युगको उद्घोष अर्को हुँदै
बढ्ला मानवजातिले विजयको गाथा सुनौलो छुँदै

■■

## आफ्नै सूचना

यस उत्तरदायित्व त्रैमासिकका लागि प्रकाशनार्थ दिइएका कुनै लेख रचनाहरू प्रकाशनपूर्व नै अन्यत्र नपठाउनुहोला र अन्यत्र प्रकाशन भइसकेका लेख रचनाहरू पनि कृपया यस पत्रिकाका लागि नपठाइदिनुहुन अनुरोध गरिन्छ । यदि यस सूचनाको विपरित हुन गएमा उक्त लेख रचनाहरू प्रकाशन गर्न असमर्थ हुनेछौं । साथै सम्पादनको पूर्ण अधिकार सम्पादकमा रहने गरि लेख रचनाहरू प्रेषित गरि दिनुहुन सूचित गरिन्छ ।

-सम्पादक

**उत्तरदायित्व त्रैमासिक**
**रिब्दीकोट-४,भैरवस्थान, पाल्पा**

कथा

कृष्ण प्रकाश श्रेष्ठ

# सोभियत नेता निकिता खुश्चेभसँग जम्काभेटको कथा



पछिल्लो समयमा रुसमा मात्र नभई विश्वभरि नै क्रिमिया, उक्राइना र रुसको चचा-परिचर्चा भइरहेको छ र यस परिप्रेक्ष्यमा बारम्बार ४३ वर्षअघि दिवंगत भइसकेका तत्कालीन सोभियत नेता निकिता खुश्चेभको पनि नाम लिइने गरिएको छ। यस वर्ष उनको १२०औं जन्मजयन्ती पर्ने भएको हुनाले उनको व्यक्तित्वप्रति (खास गरी रुसमा) यसरी ध्यान आकर्षित भएको होइन, बरु उनले क्रिमिया प्रायःद्वीप नै रुसबाट उक्राइनालाई 'उपहार' दिएको सन्दर्भमा उनको नाम लिने गरिएको छ।

निकिता खुश्चेभकै पालामा सोभियत संघले विश्वमा सर्वप्रथम अन्तरिक्षमा कृत्रीम भू-उपग्रह 'स्पुतनिक मात्र उडाएको नभई सन् १९६१ को १२ अप्रिलका दिन प्रथम मानव (युरी गागारिन) को सफल अन्तरिक्ष उडान सम्पन्न गरेर अन्तरिक्षयुगको समेत सूत्रपात गरेको थियो। वास्तवमा भन्ने हो भने सन् १९५७ मा प्रक्षेपण गरिएको त्यही 'स्पुतनिक' ले मलाई रुससम्म तानेर ल्याएको हो... विश्वव्यापी महत्वको यसै घटनाको झण्डै ३ वर्षपछि रुसी भाषा साहित्यको अध्ययनार्थ मास्को आइपुगेको हुँ र अन्तरिक्षमा सर्वप्रथम रुसी भाषा गुञ्जँदा म रुसकै राजधानीमा थिएँ...

मास्कोको केन्द्रमा अचानक तत्कालीन सोभियत नेता निकिता खुश्चेभसंग मेरो जम्काभेट त्यस घटनाको केही वर्षपछि भएको थियो। अहिले राष्ट्रपति त के मन्त्रीलाई समेत बाटोमा एकाएक यसरी भेट्ने कुनै सम्भावना छैन। सोभियतकालका मास्कोमा 'आतङ्कवादी' भन्ने शब्द अहिलेजस्तो दिनहुँ सुनिँदैनथ्यो। त्यसैले अहिलेको जस्तो प्रत्यक्ष कडाइ पनि देखिँदैनथ्यो...

सोभियत नेताखुश्चेभसंग मेरो जम्काभेटको घटना यसप्रकार छ: मास्को क्रेमलिननजिकै बाटो वारपार गर्ने भूमिगत छेडो भर्खरै बनेको थियो। उता लालमैदानबाट मानेझ्नाया प्लोश्यादतिर जाने सडकको एकातिर रहेको तत्कालीन लेनिन संग्रहालयदेखि मास्को होटलको बगलमै मुन्तिर बटुवाहरूका लागि बाटो काट्नको निम्ति भर्खरै निर्मित लामो भूमिगत गल्छेडोको अवलोकन गर्दै निकिता खुश्चेभ आफ्ना अंगरक्षकहरू र अन्य पदाधिकारीहरूको साथमा आइरहेका थिए। त्यसैबेला म पनि आफ्नी नवविहिता पत्नी इरिनाको साथमा त्यतिखेर गोर्कीको नामले विभूषित मास्कोको केन्द्रीय सडक वारपार गर्न भर्खरै बनेको भूमिगत गल्छेडोको अर्कोतिर बाहिरबाट सिंढीहरू ओर्लेर तल पुगें। उताबाट सोभियत नेता पनि हिँडेरै आइरहेको देख्दा हामी अकमक्क पर्दै खुश्चेभकै अगिल्तिर टक्क अडियौं। मेरी श्रीमती को हातमा फूलको गुच्छा देखेर अंगरक्षकहरूले पनि नवदम्पति रहेछन् भन्ने बुझेर रोकटोक गरेनन्। हामीले सोभियत नेतालाई 'द्रास्तविते' भनेर अभिवादन गर्‍यौं र उनले पनि त्यही शब्द दोहोर्‍याएर हाम्रो अभिवादन स्वीकार गरे। उनको वरिपरिका पदाधिकारीहरू पनि हामीलाई पुलुक्क हेर्दै एक छिन टक्क अडिए र हामी रमाउँदै बाटो पार गरी त्यहीनेर र हेको नेशनल होटलको क्याफे हाउसमा पस्यौं...

सोभियत सरकारले वार्षिक १५ जना नेपाली विद्यार्थीहरूका लागि देशका उच्च शिक्षण संस्थानहरूमा अध्ययनार्थ छात्रवृत्ति प्रदान गर्न थालेपछिको दोस्रो खेपमा म मास्को आइपुग्दा निकिता सेर्गेएभिच खुश्चेभ (ई.सं. १८९४-१९७१) यस विशाल देशका सर्वेसर्वा थिए। रुसमा उनको नाम स्टालिनको मुटु नै ठिहिर्‍याउने अधिनायकवादी शासनकालपछि 'न्यानोपना' संचार गर्ने नेताको रूपमा लिइन्छ। उनी सत्तामा आउनासाथै देशमा आम धरपकड रोकिनुका साथै स्टालिनको समयमा दमनको मारमा परेकाहरूको नाममा लागेको कलङ्क समेत हटाइयो र बन्दीशिविरहरूमा यातना भोगिरहेकाहरूलाई पनि मुक्त गरियो। उनैको पालामा एशिया, अफ्रिका र ल्याटाटिन अमेरिकाका नवस्वाधीन देशको निम्ति अत्यावश्यक दक्ष विशेषज्ञहरूको तैयारीमा सहयोग पुर्‍याउने उद्देश्यले मास्कोमा सन् १९६० मा जनमैत्री विश्वविद्यालयको पनि स्थापना गरिएको थियो।

त्यस्ताका सोभियत संघमा लेनिनलाई देशमा समाजवादका प्रवर्तक राष्ट्रपिताको रूपमा मानिन्थ्यो भने फाशिवादी जर्मनीविरुद्ध द्वितीय विश्वयुद्धमा विजयको नेतृत्व गरे तापनि देशभित्र विपक्षीहरूलाई दमन चक्रको जाँतोमा पिँध्ने स्टालिनको नामले नै त्रास उत्पन्न गर्दथ्यो, यद्यपि लेनिन समाधिभित्र उनको नश्वर शरीरलाई पनि अक्टोबर क्रान्तिका नेताकै बगलमा सुताएर राखिएको थियो। (पहिलोपल्ट लेनिनसमाधिमा पस्दा मैले चिरनिद्रामा रहेका दुवै सोभियत नेताहरूको शव देखेको थिएँ)। सन् १९५३ मा स्टालिनको देहान्तपश्चात् सर्वेसर्वा बन्न पुगेका निकिता खुश्चेभले सोभियत कम्युनिष्ट पार्टीको बीसौं महाधिवेशन (सन् १९६१) मा स्टालिनको

व्यक्तित्व पूजाको कडा आलोचना गरेपछि मात्र स्टालिनको शवलाई सुटुक्क लेनिन समाधि पछिल्तिर सोभियत नेताहरूलाई दफनाइने चिहान घारीमा गाडिएको थियो। सन् १९१८ देखि सोभियत कम्युनिष्ट पार्टीमा प्रवेश गरेका निकिता ख्रुश्चेभ २० वर्षपछि सन् १९३८ मा युक्रेन गणराज्यको पार्टीका प्रथम सचिव बनेका थिए र त्यसको १ वर्षपछि उनी पार्टी पोलिटब्युरोको सदस्य समेत बन्न पुगेका थिए।

उपनामले मात्र नभई कामले नै लौहपुरुष मानिने स्टालिन (स्ताल माने इस्पात) को दाँजोमा निकै उदारवादी देखिए तापनि ख्रुश्चेभले सोभियत संघमा कम्युनिष्ट पार्टीको महासचिवको सर्वोपरि अधिकार को स्थापित व्यवस्थामा कुनै परिवर्तन ल्याएका थिएनन्। नेपालले संयुक्त राष्ट्र संघको सदस्यताका लागि दिएको निवेदनमा सोभियत संघले लगाएको भिटोको चर्चा म काठमाडौंको त्रिचन्द्र कलेजको विद्यार्थी छँदा सुनेको थिएँ । पछि ख्रुश्चेभले नेपाललाई साम्राज्यवादीहरूको पिछलग्गू देश भनी लाञ्छना लगाएर संयुक्त राष्ट्र संघमा नेपालको प्रवेशको ढोका थुनिदिएको पनि चर्चा सुनेको थिएँ । सम्भवतः कार्ल मार्क्सले एउटा लेखमा नेपालका राणा शासकहरूलाई 'बेलायती साम्राज्यवादका बफादार कुक्कुर' भन्ने लेखिएको पढेर नै सोभियत नेताले नेपालप्रति उपरोक्त लाञ्छना लगाएका होलान् ("मकैको खेती"का लेखक कृष्णलाल अधिकारीले पनि मार्क्सको उक्त लेख पढेको प्रतीत हुन्छ)। लेपाल र सोभियत संघबीच दौत्य सम्बन्ध स्थापना भइसकेपछि पनि म मस्को पुग्दा र सियालीहरू 'नेपाल' भन्दा 'नेपल्स' भनेको सम्झी मलाई इटालियन भन्ठान्थे। तर ख्रुश्चेभले नेपालबारे यथार्थ थाहा पाएपछि नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेको एक वर्षपछि नै नेपालसंग कूटनैतिक सम्बन्ध समेत गाँसिएको थियो। सोभियत नेता ख्रुश्चेभ नेपालप्रति निकै सहानुभूति राख्दथे भन्ने कुरा तत्कालीन सोभियत संघले नेपालका लागि दक्ष विशेषज्ञहरूको तैयारीमा मात्र नभई नेपालमै आर्थिक पूर्वाधार (सिमरा-जनकपुर राजमार्ग, पनौती जलविद्युत् केन्द्र, बीरगञ्ज कृषिऔजार कारखाना र चिनी कार खाना, जनकपुर चुरोट कारखना आदि) को निर्माणमा समेत पुऱ्याएको निस्वार्थ सहयोगबाट पुष्टि हुन्छ। स्मरणीय के पनि छ भने म रुस आइपुगेको डेढ वर्षपछि मस्कोमा सन् १९६१ को २७ जुलाईका दिन आवासीय नेपाली राजदूतावास खुलेपछि सोभियत नेता निकिता ख्रुश्चेभ नेपाली राजदूतका पाहुना समेत बनेका थिए। उनीबाहेक मित्रराष्ट्र रुसको त्यस स्तरको अन्य कुनै शीर्षस्थ नेताले पनि त्यस भवनमा प्रवेश गरेको छैन ।

आजको दृष्टिले हेर्दा ख्रुश्चेभले 'खेतकी रानी' भन्ने नाउँ दिएर रुसमा मकैको खेती व्यापक रूपमा गर्ने, अमेरिकालाई उछिनेर अगाडि लम्कने र सन् १९८० सम्म साम्यवादको निर्माण गरिसक्ने जस्ता महत्वाकांक्षी नाराहरू दिएका थिए। यी नाराहरू साकार हुन नसक्नुमा मात्र उनको अदूरदर्शिता प्रकट हुँदैन । अझ उनले राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिको कार्यान्वयनमा पनि गल्तीहरू गर्न पुगेका थिए। देशमा न्यानोपनाको छनक पाएर प्रोत्साहित भई सत्ता वर्गको अनुकूल कला सिर्जना नगर्ने लेखक कविहरू र चित्रकारहरूलाई झपारेको, आधुनिक कलाप्रदर्शनीको अवलोकन गर्दा समाजवादी यथार्थवादको सिद्धान्तसित मेल नखाने खालका चित्रहरू देखेर बुलडजरले प्रदर्शनस्थल नै भताभुङ्ग पारिदिएको, सन् १९६० को २३ सेप्टेम्बरका दिन संयुक्त राष्ट्र संघको महाधिवेशनमा वक्तव्य दिँदै साम्राज्यवादको अग्रणी देश अमेरिकालाई तर्साउन जुत्ता फुकालेर टेबिल ठटाएको जस्ता घटनाहरूबाट सामान्य किसान परिवारमा हुर्केका ख्रुश्चेभको झक्कीपना छर्लङ्ग हुन्छ । तर उनले दोस्रो विश्वयुद्धमा ध्वस्त देशमा छोटो समयावधिभित्रै आर्थिक र सामाजिक उन्नतिका लागि अथक प्रयास गरेका उदाहरणहरू पनि प्रशस्तै छन्। देशको आवास समस्या निराकरणका लागि सन् १९६० को दशकतिर ख्रुश्चेभले सस्तो लागत खर्चमा ५ तले घरहरूको व्यापक निर्माण गरेर एउटै फ्लैटमा गुजारा चलाइरहेका कैयौं परिवारहरूलाई परिवारको सदस्यसंख्याको आधारमा निशुल्क फ्लैट वितरण गर्ने चाँजोपाँजो मिलाएर नगरवासीहरूलाई निकै राहत प्रदान गरेका थिए। त्यस्ता काम नयाँ फ्लैट प्राप्त गर्ने आफ्नो विश्वविद्यालयका एक प्राध्यापकको पाहुना बन्न पुगेको मलाई सम्झना छ । शहरको छेउछाउतिर त्यतिखेर दनेका यस्ता पाँचतले घरहरूलाई सोभियत नेताकै नामबाट 'ख्रुश्चेभ्का' भनिन्छ र हाल तिनको स्थानमा गगनचुम्बी आधुनिक सुविधासम्पन्न घरहरू बनिरहेका छन्। अहिले म जुन इलाकामा बस्तछु त्यहाँ हाल मेरै निवासस्थानको पछिल्तिर र सडकपारि अगिल्तिर पनि यस्ता २८ वा त्यसभन्दा पनि बढी तला भएका आधुनिक सुविधासम्पन्न अग्ला घरहरू बनिसकेका छन् ।

ख्रुश्चेभको खरो मिजनस र हक्कीपनाबाट उनका आसेपासेहरू मनमनै चिढिएका थिए, तर मुख खोलेर केही भन्न सक्तैनथे। उनले जुन किसिमले स्टालिनको विरोध गरेका थिए त्यो पनि सबैलाई पचिरहेको थिएन र यस्तो आलोचनाले सोभियत सत्ताकै जग हल्लिने सम्भावना छ भन्ने पनि उनीहरू सोच्दै थिए। वर्तमान प्रजतान्त्रिक रुसमा त स्टालिनका समर्थकहरूको कमी छैन भने त्यसताका मरि सकेका स्टालिनको छाया बिलाइसकेको थिएन। अन्ततोगत्वा ख्रुश्चेभ आराम लिन गइरहेको अवस्थामा अचानक पार्टी केन्द्रीय समितिको बैठक बोलाएर उनलाई सत्याच्यूत गरियो र निवृत्तिभरणसम्बन्धी उनैको पालामा बनेको कानूनकै आधारमा उनलाई पेन्सन तोकिदिएर 'खेतकी रानी' को सेवा गर्न दाचा (उपनगरीय घरघडेरी) तिर पठाएर देशको बागडोर ब्रेझनेभले हत्याए...

धैरै वर्षसम्म युक्रेनको सर्वेसर्वा भई काम गर्ने ख्रुश्चेभकै

इच्छाले ६० वर्षअघि क्रिमिया प्रायःद्वीप रुस गणतन्त्रबाट युक्रेन गणतन्त्रमा गाभिएको थियो । त्यतिखेर उनको इच्छाको विरोधमा कसैले चुँसम्म पनि गर्ने साहस राख्तेनथ्यो । फेरि क्रिमिया प्रायःद्वीपमा युक्रेनबाट प्रशासन सहज हुने तर्क सबैका लागि मान्य पनि थियो । मुख्यतः रुसी मूलका वासिन्दाहरू रहेको युक्रेनको पूर्वी र दक्षिणी हिस्सा पनि त लेनिन र स्टालिनको पालामा विशाल रुस गणतन्त्रबाट युक्रेनको मातहतमा राखिएको थियो । सोभियत संघ एउटै देश हुँदासम्म जुन भूभाग जुन गणतन्त्रमा गाभिए पनि कसैलाई आपत्ती हुनै कुरै भएन । तर अहिले विगतको यही स्थिति नै समस्याको मूल कारण बन्न पुगेको छ । अहिले क्रिमिया र युक्रेनको घटनाको सन्दर्भमा नै खुश्चेभको नाम बराबर लिइने गरिएको छ ।

द्वितीय विश्वयुद्धपश्चात् खुश्चेभ एकजना मात्र उज्ज्वल भविष्यको आदर्शप्रति आस्थावान् सोभियत नेता थिए भन्दा अत्युक्ति हुने छैन । देशमा साम्यवाद निर्माण गर्ने उनको कल्पना अहिले हास्यास्पद लाग्दछ, तर उनले अन्तरमनले नै यो कल्पना साकार हुने दृढ विश्वास राखेका थिए । सात वर्ष पेन्सनवालको रूपमा जीवनयापन गरी सन् १९७१ को ११ सेप्टेम्बरका दिन उनले नश्वर देह त्याग गरे । अन्य सोभियत नेताहरूले झैं उनले मरणोपरान्त पनि लालमैदानस्थित लेनिनसमाधिको बगलमै क्रेमलिन पर्खालमुनि समाधिस्थ हुने सम्भावना पाएनन् । उनको अन्तेष्टि मास्कोको नोभोदेभिच्ए मोनेष्ट्रीअन्तरगतको चिहन घारीमा गरियो र उनको समाधिमाथि प्रतीकात्मक समाधि स्तम्भ स्थापित गरिएको छ ।


एक आपसमा जोल्टिएका सेतो र कालो सिंगमर्मरका स्तम्भहरू जीवन र मृत्युका द्योतक हुन् जसको माथिल्लो शिरोभागमा खुश्चेभको आवक्ष मूर्ति रहेको छ । सेतो र कालो रङ्गको यस्तो कलात्मक संयोजनलाई जीवन र मृत्यु, सुख र दुःख, दिन र रात, मित्रता र शत्रुता, शुभ र अशुभ आदि विभिन्न प्रकारले व्याखा गर्न सकिन्छ । यस स्मृति स्तम्भमा खुश्चेभकै नकारात्मक र सकारात्मक पक्षको प्रतिबिम्ब उत्रेको छ भन्ने लाग्छ । विश्वको विषम् परिस्थितिमा सोभियत संघजस्तो एक विशाल देश र सुपरपावर राष्ट्रको हालीमुहाली ११ वर्षसम्म जसको हातमा रहेको थियो तिनै खुश्चेभको स्मृतिमा स्थापित यस समाधिस्तम्भले मानवबुद्धि र उसैको सिर्जना संहारक यन्त्र (अणुबम) बीच बीसौं शताब्दीमा देखिएको द्वन्द्वको पनि द्योतन गर्दछ भन्नु अत्युक्ति नहोला । अमेरिकाले टर्कीमा आफ्नो सैनिकशिविर खडा गरेको विरोधमा सोभियत संघले क्युबामा गोप्य ढंगले क्युबामा क्षेप्यास्त्र पुऱ्याउँदा विश्व एक्कासी आणविक युद्धको संघारमा पुगिसकेको थियो । तर अर्को पक्ष्यलाई कूटनैतिक माध्यमबाट सूचित गर्ने समेत समयको अभाव भइसकेको अवस्थामा अन्ततोगत्वा रेडियो मस्कोको प्रसारणमार्फत् क्युबाबाट क्षेप्यास्त्र हटाउन खुश्चेभको निर्णय प्रसारित भएपछि त्यो विश्वव्यापी दुर्घटना टरेको थियो ।

मस्को नगरभित्रै रहेको एक पवित्रस्थल नोभोदेभिच्ए मोनेष्ट्रीको समाधि स्थलमा हाल नयाँ रुसका विशेष सम्मान प्राप्त व्यक्तिहरूको नश्वर देह दफनाइने गरिएको छ । त्यहाँ नै विश्व विख्यात लेखक (कवि, चित्रकार-कलाकार, विद्वान-विदुषीहरूको समाधि रहेको छ र समाधिस्थलमा अनेकौं कलात्मक स्मृतिस्मारकहरू देख्न सकिन्छ । नेपाल र सोभियत संघबीच सन् १९५६ को २० जुलाईका दिन दौत्यसम्बन्ध स्थापना गर्ने नेपाली जनताको इच्छा साकार तुल्याउन सदीक्षा जनाई आवश्यक निर्णय लिने सोभियत नेता खुश्चेभको द्वन्द्वात्मक जीवनलाई प्रतिबिम्बित गर्ने स्मृतिस्मारक राज्यको तर्फबाट राखिएको थिएन, तर उनको देनप्रति आभार व्यक्त गर्ने मूर्तिकारद्वारा बनाइएको थियो । प्रिय पाठकवृन्द, यदि कुनै दिन तपाई मास्को पुग्नुभयो भने मास्को नदीको नजिकै रहेको नोभोदेभिचरए मोनेष्ट्रीको परिसरमा पसेर नेपालका एक हितैषी रुसी राजनेता निकिता खुश्चेभको स्मृति स्मारकसमक्ष पनि एक छिन उभिएर श्रद्धाञ्जली अर्पण गर्न नबिर्सनु होला...

दिनाङ्क : २० अप्रील २०१४ (आइतवार, इष्टर पर्व),मास्को, रुस महासंघ ।


जन्म नोभेम्बर ७, १९३७ थानकोट काठमाडौं

देहवसान मार्च २९, २०२१ मस्को

पुस्कर अथक रेग्मी

# ऐतिहासिक अन्याय



## १.पृष्ठभूमि

बडामहाराजधिराज पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्ने क्रममा काठमाडौं उपत्यका अंग्रेजहरूसँग सैन्य सहयोग मागे । सिन्धुली गढीको लडाइँमा गोर्खाली फौजले अंग्रेजहरूलाई नराम्रैसँग पराजित गऱ्यो र धेरै हातहतियार, बन्दुक एवं तोपहरू हात पारे । काठमाडौं उपत्यकामा विजय प्राप्त गरी नेपाल राष्ट्रको निर्माण गरेपश्चात उपत्यकामा जासूसी काम गर्दै आएका क्रिश्चियन पादरीहरूलाई नेपालबाट निकालेर पठाइयो ।

पृथ्वीनारायण शाहसँग भएको हार र अपमानको बदला लिन, नेपाल हुँदै तिब्बतसँग व्यापार गर्न र नेपाल शीतल मुलुक भएकाले कब्जामा लिन अंग्रेज गभर्नर होस्टिडले एकैचोटि मकवानपुर, बुटोल, सिकिम, देहरादुन र सतलज गरी पाँच ठाँउबाट आक्रमण गर्नेगरी वि.सं. १८७१ कार्तिक १८ गतेका दिन औपचारिक रूपमा युद्धको घोषणा गरिदिए । सतलज मलाउको युद्धमा अमर सिंह थापा, मकवानपुर पर्साको युद्धमा रणवीर सिंह थापा, देउथलको युद्धमा वीर भक्ति थापा, जैथकको युद्धमा जसपाउ थापा, देहरादुन नजिकै नालापानीको युद्धमा बलभद्र कुँवर र जितगढीको युद्धमा उजिरसिंह थापाको नेतृत्वमा नेपाली सेना र अंग्रजी सेना बिच घोर घमासान लडाइँ भयो ।

## २.जितगढीको युद्ध

बुटवल क्षेत्र (जितगढी) मा अंग्रेजहरूले आँखा गाड्न थालेपछि मुख्तियार भीमसेन थापाले पाल्पा गौंडाका तैनाथवाला आफ्ना बाबु अमरसिंह थापालाई सहयोग गर्न कर्णेल उजिर सिंह थापालाई पाल्पा नुवाकोट पठाएका थिए । उनीसँगै लेफ्टिनेण्ट अम्बर अधिकारी, कुम्भेदान, बृषासुर थापा र दलखम्ब थापाका साथ सबुज कम्पनीका सैन्यहरू थिए । बि.सं. १८७१ आश्विन शुक्ल अष्टमीका दिन जनरल अमर सिंह थापाको निधन भएपछि पाल्पा गौंडाको प्रशासक भई जितगढीको सुरक्षा गर्ने अभिभारा कर्णेल उजिर सिंहको काँधमा आइपऱ्यो । जनरल उडको नेतृत्वमा अंग्रेज सेना बुटोल क्षेत्र तिनाउको पश्चिम आइपुग्यो । बुटोल गढी र नुवाकोट गढीमा किल्ला जमाएर बसेका गोर्खाली सेनाले अंग्रजलाई नराम्रोसँग पराजित गरी भगाए । धेरै भन्दा धेरै हातहतियार, गोली, बन्दुक नेपालीले हात पारे । अंग्रज सेना भागेर डग्डुवा गाँउमा पुगी सैन्य शक्ति एकत्रित गरी बस्यो र स्यूराज बुटवल क्षेत्रमा आगो लगाउने, तर्साउने, सताउने, उपद्रव, उधुम, मच्चाउने गर्न लागे ।

जनरल उड बन्दोबस्तीका सामान र सैन्य शक्तिसहित फेरि बुटोल गढी र नुवाकोट गढी आक्रमण गर्न आए । यसपटक पनि छलियुद्ध गरेर अंग्रेज सेनालाई तिनाउको बाँध खोलेर बगाइदिए । उजिर सिंहका सेनाहरू अंग्रेजमाथि अरिङ्गालझैं जाइ लागे । छोटो समयमै अंग्रेज सेनाको सर्वनाश भएको देखेर जनरल उड आत्तिएर ज्यान जोगाएर बाँकी सेना लिएर भागे । यसरी उजिर सिंह थापाले विश्वविजेता अंग्रेज सेनालाई दुई दुई पटकसम्म जितगढीको युद्धमा हराएर नेपालीको स्वाभिमान उच्च राखे ।

## ३.नालापानीको युद्ध

देहरादुनको बाटो गरी नेपाल हान्न आएको अंग्रेज सेनाले जनरल जिलेस्पीको नेतृत्वमा नालापानीको थुमको कलङ्गामा र हेका नेपाली सेनामाथि आक्रमण शुरू गऱ्यो । यस किल्लामा बलभद्र कुँवरको नेतृत्वमा आईमाई, केटाकेटीसहित ६०० जना मानिसहरू थिए । यस युद्धमा लेफ्टिनेण्ट एलिस र स्वयं जनरल जिलेस्पीसमेत मारिए । अंग्रेजी सेना झनै क्रोदित भयो र कर्णेल माँबीको नेतृत्वमा ठूलो लडाइँ भयो । वीर नेपालीहरूले ढुङ्गा, मुढा, मट्याङ्गरा बर्साएर शत्रुलाई किल्लामा प्रवेश गर्न दिएनन् । अंग्रजहरूले रणनीति बदले । किल्ला भित्र पहाडबाट बगेर आएको पानी पिएर सेनाले जीवन रक्षा गरेका थिए । अंग्रेजले पानीको मुहान बन्द गरिदिए । आखिर पानी पिउन नपाएर बँचेका जीवित ७० जना मानिस लिएर बलभद्र कुँवर किल्ला छाडि बाहिर निस्किए । त्यसपछि अंग्रेजले रित्तो किल्ला कब्जामा लिए । बलभद्रको सम्झनामा अंग्रेजहरूले एक शिलालेख स्थापित गरी "हाम्रा वीर शत्रु बलभद्र कुँवर र उनका वीर गोर्खाली साथीहरूको सम्झनामा सम्मानोपहार" भनेर लेखिदिए ।

## ४.सुगौली सन्धि

बलभद्र कुँवरले किल्ला छाडि ज्यान जोगाएर हिँडेपछि नालापानी क्षेत्र अंग्रेजले जिते । अलमोडाको युद्धमा वीर हस्तदल शाह मारिए । कातर बम शाहले आत्मसमर्पण गरे । चलाख अक्टरलोनीले साना ठूला राज्य र राजालाई आफुसँगै मिलाउँदै ल्याए । उनले मकवानपुर कब्जामा लिई काठमाडौं आक्रमण गर्ने योजना बनाए । यही क्रममा नेपालको तर्फबाट सन्धिको प्रस्तावना लिई राजगुरू गजराज मिश्र सुनौली पुगे । नेपालीहरूको कमजोरी पत्ता लगाई अंग्रेजका प्रतिनिधि ब्राडशाले प्रस्तावनामा शर्तहरू

राखी पठाए । शर्तहरू यस्ता थिए :-

क) नेपाल र इष्ट इन्डिया कम्पनीको बिच मैत्री सम्बन्ध हुने ।

ख) नेपालले जितेका जम्मै प्रदेश इष्ट इन्डिया कम्पनीलाई फिर्ता दिने ।

ग) तराई प्रदेश अंग्रेजलाई दिने र त्यहाँबाट फौजहरू हटाउने ।

घ) ब्रिटिश सरकारले प्रतिवर्ष नेपाललाई दुई लाख रुपैया दिने ।

ङ) ब्रिटिश सरकारको अनुमतिबिना कुनै युरोपियन वा अमेरिकनलाई नेपालले नोकरीमा नराख्ने ।

च) दुबै राज्यमा राजदूत राख्ने ।

छ) पन्ध्र दिनभित्र नेपालका राजाको स्वीकृतिको हस्ताक्षर ल्याइसक्नु पर्ने ।

प्रधानमन्त्री भिमसेन थापा, गुरु गजराज मिश्रसहित धरै भारदारहरू सन्धिको पक्षमा भए । तर वीर अमर सिंह थापा र वीर उजिर सिंह थापालगाएतका वीर नेपालीहरूले सन्धि गर्न र तराईका भू-भाग छाड्न नमानेकाले वीर रणवीर सिंह, कप्तान वीर केशर सिंह, वीर बखत सिंह र वीर रणजोर सिंहसमेत भई नेपाली सेना अंग्रेजहरूसँग लड्न मकवानपुर क्षेत्र पुगे । चतुर अक्टोरलोनीले चोर बाटो पत्ता लगाई सिकरकटेरी गाउँमा प्रवेश गरी चारैतिरबाट नेपाली सेनालाई घेर्दै गए । नेपाली सेनाको हार भयो । यही क्रममा हरिहरपुर पनि अंग्रेजले जिते । तराईका भू(भागहरू अंग्रेजका अधिनमा गए । तर अंग्रेजहरूलाई पहाडी क्षेत्र कब्जा गरी काठमाडौं प्रवेश गर्न निकै नै सकस भएको अवस्था र नेपाल सरकार आत्तिइ सकेकोले नेपालको तर्फबाट लालमोहरसहित स्वीकृत भएको सुगौलीको प्रस्तावित सन्धि पत्र लिएर चन्द्रशेखर उपाध्याय अक्टरलोनीको छाउनी पुगे । यसरी ३ मार्च १८१६ (वि.सं. १८७३ फागुन १९) मा सुगौली सन्धि भयो । जुन सन्धि असमान एवं अन्यायपूर्ण रह्यो ।

### ५.उजिर सिंह थापा

नेपाल अंग्रेज युद्धमा अन्ततः नेपालले सबै ठाउँको युद्ध हाऱ्यो । तर जितगढीको एकमात्र युद्धमा नेपालको जित भयो । अझ कर्णेल उजिर सिंह थापाको वीरता र चतुऱ्याईले अंग्रजी सेनाले दुइ-दुई पटकसम्म लज्जाजनक किसिमले हार व्यहोर्नु पऱ्यो । संसार जित्ने अंग्रेजलाई नेपालीले जिते र विश्वभर बहादुर नेपाली, गोर्खाली, पाल्पालीको नाम चरितार्थ गराए । सुगौली सन्धि नेपालका लागि हानिकारक छ भनी घोर भर्त्सना गरे । पाल्पा गौंडामा आर्थिक, प्रशासनिक, सामाजिक एवं धार्मिक गौंडाको पश्चिम नेपालको सर्वशक्तिमान शक्तिकेन्द्रको रूपमा प्रतिष्ठापित गरे ।

अंग्रेज माथिको विजयोत्सवको प्रतीक स्वरूप श्री ७ रणउजिरेश्वरी भगवतीको भव्य र दिव्य मन्दिर बनाए । वर्षेनी सरकारी अखवका साथ भगवतीको रथयात्रा चलाए । जो अधावधि चलिरहेको छ । जसले हरेक वर्ष संसार जित्ने अंग्रेजलाई हामी वीर नेपालीले जितेका थियौं भनेर गौरवान्वित बनाइरहन्छ। दश वर्षसम्म स्वाभिमानका साथ नेपालका लागि पाल्पा गौंडाबाट सफल राज्य संचालन गरेपछि २९ वर्षीय युवा अवस्थामै वीर कर्णेल उजिरसिंह थापालाई औलो ज्वरोले समायो । उपचारका लागि काठमाडौं लगियो तर निको भएन । वि.सं. १८८१ मार्ग १२ सुदिका दिन पशुपति आर्यघाटमा उनको स्वर्गारोहण भयो ।

### ६. बलभद्र कुँवर

वि.सं. १८७१ कार्तिक १४ गतेका दिन देखि नालापानीको युद्ध प्रारम्भ भएको थियो । बलभद्र कुँवर बालक, महिला, वृद्धसहित ६ सय जना साथमा लिएर काँगडाको किल्लामा मुलुकको रखवाली गर्न बसेका थिए । पहिलो दिनको लडाइँमा जनरल जिलेस्पि मारि एपछि अंग्रेज सेनाले कर्णेल माँबिको नेतृत्वमा पुनः आक्रमण गऱ्यो । तीन दिन सम्म युद्ध भएपछि मंसिर १३ गतेका राती बाँकी रहेका सत्तरी जना सेना लिएर किल्ला त्यागको घोषणा गरी बलभद्र कुँवर पलायन भए । कोही भन्छन् उनी सुगौली सन्धिपछि अंग्रेज सेनामा भर्ति भए । अर्का भन्छन्, उनी पञ्जाबका सिख सम्राट रञ्जित सिंहको सेनामा भर्ति हुन राजधानी लाहोर तिर गए । उनीसँगै अन्य नेपाली सेना, युवाहरू पनि लाहुर गएर भर्ति भए । अन्ततः नेपाली युवाहरू लाहोर जान थाले र लाहुर भन्ने संस्कृतिको विकास हुँदै गयो । अन्तमा अफगानी सेना र पंजाबी सेना बिच भएको युद्धमा वि.सं. १८७९ मा बलभद्र कुँवरले वीरगति प्राप्त गरे ।

> जितगढीको युद्ध नै नेपालले अंग्रेजसंग लडेर जितेको एकमात्र ऐतिहासिक युद्ध हो । यो भ-भाग अहिले पनि नेपालको लुम्बिनी प्रदेशको बुटवल क्षेत्रमा रहेको छ । लडाइँमा हार्नेहरू, भू-भाग गुमाउनेहरू नेपालको इतिहासमा राष्ट्रिय विभूति भए, लडाइँ जित्ने, भू-भाग जोगाउने महान सपूतहरू, पर्दा पछाडि नै रहे ।

### ७.अनुत्तरित प्रश्न

नेपालको इतिहास अध्ययन गर्दा हारको इतिहास लेखिएको तर जितको इतिहास नलेखिएको पाइन्छ । सत्य युगदेखि आधुनिक युगसम्म आइपुग्दा कुनै पनि इतिहास नलेखिएको पाइन्छ । सत्ययुगदेखि आधुनिक युगसम्म आइपुग्दा कुनैपनि इतिहासमा आइमाइ केटाकेटी समेतको फौजले युद्ध लडेको पाइँदैन । नालापानीको युद्धमा मात्र आइमाई र केटाकेटीहरू किन युद्ध प्रयोग गरियो । अलमोडा, जैथक, मलाउ, पर्सा, मकवानपुर, देउथल र जितगढीको युद्धमा महिला र केटाकेटीहरूले युद्ध लडेको इतिहास देखिएन ।

आइमाई र केटाकेटी लडेको भनी इतिहासकारहरूले रोमाञ्चित किसिमले नालापानी र जितगढीको युद्धको बखान गरेनन् ।

बलभद्र कुँवर अंग्रेजसँग लड्न नसकेपछि ज्यान जोगाउन उनले रात्रीकालिन समयमा कातरलेभैंm किल्ला छाडेर हिडे । अर्थात् अंग्रेजको आँखा छलेर उनी भागे । घुमाउरो पाराले भन्नुपर्दा उनले पश्चिम नेपालको तालाचौकी सजिलै अंग्रेजको हातमा सुम्पिए । अर्थात् उनले अघोषित आत्म समर्पण गरे । वीरहरूको भाषमा भन्नुपर्दा उनले राष्टूघात नै गरे । भक्ति थापा, हस्तदल शाह, बृषासुर, अम्बरले जस्तै ज्यानको बाजी लगाएर राष्टूका लागि लडेनन् । तर बलभद्र कुँवर राष्ट्रिय नायक भएर राष्ट्रिय विभक्तिको उच्च सम्मान पाए ।

इतिहासको पानामा जितगढीको युद्धको वर्णन गरिएन । आख्यानकारहरूले यस युद्धलाई शिल्पशैलीले रंगाएनन् । स्थानीय साधन र श्रोतको प्रयोग गरी लडिएको छलियुद्धको वर्णन गरेनन् । विश्वविजेता अंग्रेजलाई नेपालीहरूले थरिकम्पन पारी दुई-दुई पटक सम्म हराएको वीरताको वर्णन गरेनन् । अंग्रेजहरूमाथि गरिएको बिजयोत्सवको प्रतीकको रूपमा राष्ट्रिय अदवका साथ चलाउदै आएको भगवती जात्राको ऐतिहासिक वर्णन गरेनन् । जितगढीको युद्धलाई सदैव छायाँमा पारियो । वीर उजिर सिंह थापालाई सम्मानका साथ ऐतिहासिक स्थान दिईएन ।

बलभद्र कुँवरले ऐतिहासिक युद्ध हारेकै हो । नेपालले सुगौली सन्धि पछि धेरै ठाउँको भू-भाग गुमाएकै हो । उजिर सिंह थापाले ऐतिहासिक युद्ध जितेकै हो । जितगढीको युद्ध नै नेपालले अंग्रेजसँग लडेर जितेको एकमात्र ऐतिहासिक युद्ध हो । यो भ-भाग अहिले पनि नेपालको लुम्बिनी प्रदेशको बुटवल क्षेत्रमा रहेको छ । लडाइँमा हार्नेहरू, भू-भाग गुमाउनेहरू नेपालको इतिहासमा राष्ट्रिय विभूति भए, लडाइँ जित्ने, भू-भाग जोगाउने महान सपूतहरू, पर्दा पछाडि नै रहे । हारलाई गर्न गरी आनन्द मानी इतिहास लेख्ने कहिले ? वीरहरूका पनि वीर उजिर सिंह थापालाई ऐतिहासिक न्याय दिने कहिले ?

**सन्दर्भ सामग्री :**


अर्याल, ईश्वरराज(२०४३) नयाँ नेपालको इतिहास, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

गाहा, पदमबहादुर(२०७४) नालापानी र बलभद्र, जनता स्मारिका (२०७४, पृष्ठ ८(१०, पाल्पा : जनता आधारभूत विद्यालय ।

बानियाँ, कर्णबहादुर(२०७०) नेपालको इतिहासमा उजिरसिंह थापाको योगदान, पाल्पा : धवल पुस्तकालय ।

रेग्मी, पुष्कर अथक(२०७६) ऐतिहासिक नाटक सङ्ग्रह अमर पात्र, पाल्पा : पाल्पा साहित्य समाज ।





# कृषि उत्पादन र वातावरण



सदानन्द अभागी

**परिचय**

नेपाल एउटा कृषि प्रधान देश हो । नेपालका कृषकको मुख्य आए स्रोत पनि कषि नै हो । यो समुद्री सतह ७० मिटरको उच्चाई देखि ८८४८ मिटरसम्म फैलिएको छ। संसारको सबै भन्दा अग्लो चुचुरो सगरमाथा (८८४८) मिटर. यसै देशमा पर्दछ । भौगोलिक रूपमा हेर्दा नेपालको पूर्व, पश्चिम र दक्षिणी भाग भार तले घेरेको छ  भने उत्तरी क्षेत्र चिनले घेरेको छ । विशाल दुई देशको बीचमा नेपाल अवस्थित छ । हावापानी र उत्पादनको हिसावले उच्चपहाड, पहाड र तराई क्षेत्र गरी तीन भागमा बाँडिएको छ। पुरानो नक्सा अनुसार नेपालको कुल क्षेत्रफल : १४७१८१ वर्ग किलोमिटर हो र यसमा हिमाली क्षेत्र (उच्च पहाडी ) ५१,८१७ वर्ग किलो मिटर(२५ प्रतिशत), पहाडी क्षेत्र ६१३४५ वर्ग किलो मिटर( ४२ प्रतिशत) र तराई क्षेत्र ३४०१९ वर्ग किलो मिटर (२३ प्रतिशत) पर्दछ ।

**नेपालका प्रचलित बालिहरू**

खाद्यान्न बाली (धान, गहुँ मकै, कोदो, जौ फापर ), औद्योगिक बाली (सुर्ती, कपास, उखु, जुट, अदुवा), दलहन बाली ( भटमास, मुसुर, चना, बोडी, रहर, मास आदि ) तेलहन बाली ( बदाम, तोरी, रायो, तील), तरकारी बाली (आलु, काउली, मुला, सलगम, रायोसाग, प्याज, गोलभेडा, गाजर, बन्दा, तनेबोडी, घिउसिमी, केराउ, भेडे खुर्सानी, खुर्सानी, भण्टा, घिरौला, काको, स्क्वास फर्सी स्वीस चार्ड तीतेकरेला आदि बालीहरू) बालीको रुपमा लगाएका हुन्छौं भने  रेशम खेती, मौरी पालन, माछा पालन, च्याउ उत्पादन, चिया खेती, कफी खेती, पशुपालन समेत गरिन्छ। हामीले धेरै बाली त लगाउँछौं तर उत्पादनमा भने विकसित देशको तुलनामा निकै कम उत्पादन लिन्छौं । किनकी हामीले उत्पादन बढाउनको लागि बाली उत्पादनमा असर पार्ने तत्वहरूलाई ध्यान दिन सकेका छौनौं ।

**उत्पादनमा असर पार्ने तत्वहरू**

उत्पादन लिने भन्ने वित्तिकै विभिन्न उत्पादनमा असर गर्ने तत्वहरूको जानकारी हुन आवश्यक छ । बालीको उत्पादन तथा उत्पादकत्व बढाउनको लागि माटो, मल, विउ, सिँचाई, प्रविधि र बाली संरक्षणमा ध्यान दिनु, पर्दछ। यी उत्पादन तत्वको संतुललित प्रयोग नै उत्पादनको कडी हो । यी उत्पादन तत्वलाई हामीले सही मात्रामा प्रयोगमा ल्याउन सकेनौ भने आशातित उत्पादन लिन सक्दैनौ । कृषकलाई कृषिमा जागरुक बनाउनको लागि अर्को महत्व पूर्ण पक्ष भनेको बजार हो । उत्पादनलाई बजारमा सहजै उचित मूल्यमा बिक्री गर्न सकिएन भने कृषक घाटामा जान्छ र अर्को वर्ष कृषकले त्यो बाली लगाउँदैन । त्यसोहुँदा नेपाललाई खाद्यान्न तथा अरुवालीमा आत्मनिर्भर गराउने हो भने सरकारले उच्च मूल्यमा कृषकबाट उत्पादन किनेर उपभोक्तालाई सहज मूल्यमा बिक्री वितरण गर्नु पर्छ। बिरुवाले माटोबाट आवश्यक खाद्यतत्वहरू लिएर आफ्नो जीवनचक्र पूरा गर्दछ। बिरुवालाई आवश्यक पर्ने खाद्यतत्व १६ ओटा छन् । यी कार्वन, अक्सिजन र हाइड्रोजन, नाइट्रोजन, फस्फरस, पोटास, क्याल्सियम, म्याग्नेसियम, गन्धक, फलाम, तावा, जस्ता (जिङक), बोरन (सुहाग), म्याङ्गानिज, मोलिबडेनम र क्लोरिन हुन्। खाद्य तत्वका स्रोत ( अक्सिजन कार्वन र हाईड्रोजन तत्वहरू प्राकृतिक स्रोतबाट रुवाले लिन्छ। यी बाहेकका १३ तत्वहरू विरुवाले माटोबाट लिन्छ। यी तत्वहरू माटोमा हुनुपर्छ र आवश्यकता अनुरूप भएनन् भने बाहिरी स्रोतबाट माटोमा थप्नु पर्दछ । यी तत्वहरूका स्रोत दुई प्रकारका छन् । **प्राङ्गारिक स्रोत** जस्तै गोबर मल, कम्पोष्टमल, हरियो मल, पिनाहरू, मानिसको दिसापिसाब, भेडाबाखाको जुतो, कुखुराको सुली, एजोला, माछा, मासु, रगत आदिको मल र **रसायनिक स्रोतहरूमा** रसायनिक मलहरू जस्तै युरिया, डि.ए.पि., पोटास र सूक्ष्म तत्वयुक्त मलहरू पर्दछन् । यी सबै मलका स्रोतको प्रयोग गर्नुपर्छ । बिरुवालाई चाहिने जति हुन सकेन भने उत्पादन कम हुन्छ र बढ्ता भए चुहिएर सतह मुनीको पानी प्रदुषण हुन्छ र उडेर वायुमण्डल नै प्रदुषण पार्दछ अनि बढी भएमा बिरुवा ढल्छ। कम भएमा उत्पादन घट्छ। प्राङ्गारिक मल मर्न लागेको माटोको (उत्पादन दिन नसक्ने अवस्थाको माटो) लागि सञ्जिवनी बुटी हो । यसले माटोलाई मलिलो बनाइ राख्छ। माटो स्वस्थ हुनु पर्छ । किनकी मानिस, पशुपंछी बिरुवा र माटो एक आर्कामा सम्बन्धित छन् । यिनीहरू एक अर्कामा आश्रित छन् । माटो एउटा प्राकृतिक पिण्ड हो । माटोबाट हामीले गास बास र कपास उत्पादन गर्छौं ।  यो चक्रमा मानिस एउटा सचेत प्राणी हो । वातावरणमा यसले यस्ले गहन भूमिका खेल्छ । मानिसले वातावरणलाई सपार्ने र विगार्ने दुबै काम गर्दछ। माटोलाई मलिलो बनाए वनस्पतिहरू (बिरुवाहरू) उत्पादनशिल बन्छन् । माटोबाट उत्पादित बस्तु मानिस र पशुपंछीले खान्छन् । मानिस, पशुपंछी र वनस्पतिको अवशेष माटोमा गएर मिल्छ र माटो उत्पादनशील बन्दछ। मानिस, पशुपंछी, वनस्पति र माटो मध्ये कुनै एक प्रदुषित

भयो भने सारा 'इकोसिष्टम' नै प्रदुषण हुन्छ । माटोको प्रदुषण हुनमा धेरै कारणहरू छन् । आज नेपालको जनसंख्या बढ्दो क्रममा छ । साथै सहरीकरण पनि बढ्दो क्रममा छ । यसको प्रत्यक्ष प्रभाव माटो र वातावरणमा परेको छ । अर्थात् वातावरणमा प्रदुषण बढ्दो क्रममा छ । यसको प्रभाव जलचर, स्थलचर र नभचरमा प्रत्यक्ष रूपमा देखापर्न थालेको छ । सहरीकरण र जनसंख्या बढ्दा सहरको फोहोर मैला पनि बढ्दो क्रममा छ । सहरीकरणले गर्दा खेती योग्य जमिनहरू आवाशमा परिणत भएका छन् । सहरको फोहोरमैलामा विभिन्न किसिमका जैविक, अजैविक, धातु जन्य पदार्थ, मिसिएका हुन्छन् । यी फोहोर मैलालाई हामीले सकेसम्म घटाउनु पर्छ । विभिन्न अध्ययन प्रतिवेदनलाई हेर्दा घरबाट निस्कने फोहोर मैला ६०-७०% प्रतिशत जैविक फोहोर हुन्छन् । यी फोहोरलाई पुन प्रयोगमा ल्याएर अर्थात् कम्पोष्ट आदि बनाएर पुनः प्रयोग गर्न सकिन्छ । केही प्लाष्टिक र धातुजन्य वस्तुहरू संकलनमा ल्याउने बाँकी फोहोर डेम्पिङ साइडमा हाल्नु पर्छ । सहरी फोहोरलाई मोहोर मा परिणत गर्ने नारा पनि जन्मियो । सहरी कम्पोष्ट बनाउने काम पनि भयो तर फोहोर संकलनमा धातुजन्य र प्लाष्टिकजन्य बस्तु पूर्णरूपले अलग्याउन नसके पछि मलको गुणस्तर घटेर प्रयोग योग्य बनाउन सहज भएन । घर घरमा जनचेतना आयो भने प्लाष्टिक र धातुहरू अलग गर्न सकियो भन, राम्रो कम्पोष्ट बनाउन सकिन्छ र सहरको फोहोर मैलालाई मोहोरमा परिणत गर्न सकिन्छ साथै घटाउन सकिन्छ । माटो रुखो हुनमा तलका तत्वहरूले असर पारेका छन् ।

**माटोको भ-क्षय र माटो प्रदुषण**

नेपालमा हावाबाट हुने भू-क्षय र पानीबाट हुने भू-क्षय दुबैले वातावरणमा असर गरेका छन् । समतल तराई क्षेत्र, मध्य पहाड, उच्च पहाड र हिमाली क्षेत्रसम्म भू-क्षय भएको पाइन्छ । हावा र पानीबाट यति नै माटो क्षती हुन्छ भन्नु गाह्रो छ । बाढी, पहिरो, हावाको वेग आदिको प्रभावबाट माटोको क्षय कम या वेसी हुने गर्दछ । राम्रोसँग संरक्षित वन क्षेत्रमा कम्तिमा ५ टन प्रतिवर्ष माटो क्षय हुन्छ भने क्षतीग्रस्त भूमिमा २००-२४० टन भन्दा बढी माटो प्रतिवर्ष प्रतिहेक्टर क्षती भएका विवरणहरू विभिन्न वैज्ञानिका लेखरचना तथा प्रतिवेदनमा पढ्न पाइन्छन् । भूक्षयले माटो काटेर , उडाएर, बगाएर, उर्वरक माटोमा लगेर थुपार्छ । यस्तो अवस्थामा उर्वरक माटो उत्पादनहीन हुन पुग्दछ । साथै पानी पनि प्रदुषित हुन्छ । कार्सनले (१९९२) भनेका छन् कि प्रति वर्ष ५ टन प्रति हेक्टर माटो क्षती हुँदा करिब ७५ के.जी प्राङ्गारिक पदार्थ ३.८ के.जी नाइट्रोजन, १० के.जी पोटास र ५ के.जी फस्फरस क्षती भएर जान्छ । यसो हुँदा माटोलाई सधै बालीबाट ढाकिराख्नु पर्दछ । भूक्षयलाई कन्ट्रोल गर्नु पर्दछ । कृषिवनको उपयोग, जङ्गलको संरक्षण र वृक्षारोपण, बालीचक्र जोतखनमा ध्यान दिएर भूक्षय कम गर्न सकिन्छ । छापो राख्दा पनि भू-क्षय कम गर्न सकिन्छ ।

**प्राङ्गारिक पदार्थ रित्तिदै जानु**

माटोमा भएको प्राङ्गारिक पदार्थ विघटित हुँदै जान्छ । बिरुवालाई चाहिने खाद्य तत्वहरू दिँदै जान्छ । यसरी प्राङ्गारिक पदार्थ विघटित हँदै जाँदा माटोमा भएको प्राङ्गारिक पदार्थ घट्दै जान्छ । प्राङ्गारिक पदार्थ माटोमा थप्दै जानु पर्छ । **प्राङ्गारिक पदार्थ भनेको माटाको मुटु हो** । सबै खाद्य तत्वको स्रोत हो । नेपालको उत्पादनशिल क्षेत्र तराईमा यसको मात्रा निकै कम छ । माटो उत्पादनशील बनाई राख्न माटोमा प्राङ्गारिक पदार्थको मात्रा २.५% भन्दा माथि कायम गर्नु पर्छ ।

**माटोमा अम्लिय र क्षारिय पना बढ्नु**

माटोमा अम्लिय पना बढ्नु अर्को समस्या हो । नेपालको मध्य पहाड र पूर्वी नेपालको माटो अम्लिय प्रकारको छ । माटो अम्लिय बन्नुको कारणमा माटो बन्ने शिलामा निर्भर रहन्छ । अम्लिय प्रकारको शिला वा खनिजबाट निर्मित माटो अम्लिय हुन्छ भने क्षारिय प्रकारको शिला वा खनिजबाट बनेको माटो क्षारिय प्रकारको हुन्छ । धेरै वर्षा हुने ठाउँको माटोमा क्याल्सियम ($Ca^{++}$), म्याग्नेसियम ($Mg^{++}$), सोडियम ($Na^{++}$) र पोटासियमजस्ता क्षारयुक्त खाद्यतत्वहरू सतहबाट पखाली दिन्छन् र माटो अम्लिय बन्छ । माटो अम्लिय बन्नुको अर्को कारण नेपालमा प्रयोग गरिने रसायनिक मलहरू पर्छन् । माटो धेरै अम्लिय बन्दा फलाम, तावाँ, म्याग्नेज र जस्ता बढ्ता घुलनशिल बन्दछन् बढ्ता घुलनशील भएर बिरुवालाई आवश्यक भन्दा बढ्ता भएमा विषालु बन्दछन् यस्तो अवस्थामा फस्फरस बिरुवाले लिन सक्दैन । यसरी नै माटोको सतह क्याल्सियम र म्याग्नेसियमका कार्वोनेट जस्ता क्याटआयन जम्मा हुँदा माटो क्षारिय बन्दछ । यस्तो अवस्थामा माटोमा क्याल्सियम, म्याग्नेसियम र सोडियम बिरुवाले बढ्ता लिन्छन् र विषाक्त पार्दछ भने फलाम, तावाँ, जस्ता(जिंक), जस्ता खाद्य तत्वलाई बिरुवाले लिन नसक्ने अवस्थामा पुऱ्याउँछ । त्यसो हुँदा अम्लिय माटोमा कृषि चुन र क्षारिय माटोमा जिप्सम प्रयोग गर्नु पर्दछ । माटोमा भएको अम्लिय र क्षारिय पना पि.एच मिटरले जाँचिन्छ । यस्को इकाईलाई पि.एच. भन्दछन् । ७ पि.एच तटस्थ मानिन्छ । ७ भन्दा माथिको पि.एच मापलाई क्षारिय र ७ भन्दा तलको पि.एच मानलाई अम्लिय मानिन्छ । सबै खाद्य तत्वहरू उपलब्ध बनाउन बिरुवाले लिने अवस्थामा राख्न पि.एच मान ६ देखि ७ को बीचमा हुनुपर्दछ ।

**अवैज्ञानिक खनजोत**

नेपालको अधिकांश भूभाग पहाडी छ । जमिनको भिरालोपना हेर्दा १ डिग्री भन्दा तलदेखि लिएर ४० डिग्री भन्दा माथि छ । धेरै भिरालो जमिनमा जोत खन गर्न हुँदैन । यस्तो जग्गामा खनजोत गर्दा माटो बग्ने कर्म तीव्र हुन्छ । यस्ता जग्गामा घाँसे बाली, फलफूल खेती, वृक्षरोपण गर्दा माटो जोगिन्छ ।

**खोरिया प्रणाली** (Shifting cultivation)

यो खोरिया फाँडेर खेती गर्ने चलन नेपालको मध्य पहाडी क्षेत्रमा देखिन्छ। एक वर्ष एक ठाउँको जंगल फडानी गरिन्छ। अनि अर्को वर्ष अर्को ठाउँमा फडानी गरिन्छ र खेती लगाइन्छ यस्ले वन मासिन्छ। भूक्षय बढ्छ र प्रदुषण निम्त्याउँछ। अर्थात वातावरणमा असर पार्दछ। यस्तो क्रियाकलापलाई रोक्नु पर्छ। जङ्गल फडानी गरेर खेती नगरे खान नपाउनेहरूलाई सरकारले अर्को विकल्पमा व्यवस्थित गर्नु पर्दछ।

**मरुभूमिकरण र वातावरण**

नेपालका उच्च पहाडी क्षेत्र जस्तै डोल्पा, मुस्ताङ र मनाङ जिल्लाहरूमा मरुभूमिका लक्षण देखिएका छन्। मरुभूमिकरण भएको ठाउँमा माटो व्यवस्थापन र बाली व्यवस्थापनमा ध्यान दिनु पर्छ। सुख्खा जग्गामा लगाउने बालीका जात प्रयोग गर्ने, प्राङ्गारिक मलको मात्रा बढाउने, सकेसम्म जमिनलाई हराभरा बनाएर ढाक्ने, पानी र हावाबाट हुने भूक्षय घटाउने काम गर्नु पर्छ।

**रसायिनिक मल बिषादिको प्रयोग र वातावरण**

माटो र वातावरणमा असर पर्ने काम आजको बढ्दो रसायनिक मल, किटनासक विषादि, रोगनाशक, ढुसिनासक, झार नाशक र माटोको जुकानाशक विषादिको प्रयोगले गरेको छ। प्रयोग गर्दा सावधानी अपनाइएन भने प्रयोग कर्तामा नै घातक बन्न जान्छ। यो प्रयोग गरेको ठाउँको घाँस तत्काल प्रयोग भयो भने पशुहरूमा घातक परिणाम निस्कन सक्छ। माटोको सतहमा गड्यौला कीराहरू चराले खाए भने चरा नै मर्न सक्छन्। प्रयोग गरेका यी रसायनहरू जमिन भित्र प्रवेश गरे भने जमिन भित्रको पानी विषाक्त हुन्छ र उडेर वायुमण्डलमा प्रवेश गर्‍यो भने वायुमण्डल नै प्रदुषित हुन्छ। त्यसो हँदा प्रयोग गर्नु पर्‍यो भने सुरक्षित मात्रा रोग कीराको पहिचान गरेर मात्र गर्नु पर्दछ। आजभोली बजारमा प्राङ्गारिक स्रोतका बिषादि किन्न पाइन्छन्। रसायिनिक मल र विषादि घटाउने प्राङ्गारिक मल र जैविक विषादिको प्रयोग बढाउने र अन्तत रसानयनलाई प्राङ्गारिक चीजको प्रयोगले प्रतिस्थापन गर्नु पर्छ।

**कृषि वन र वातावरण**

कृषि वन र वातावरण एक अर्कामा सम्बन्धित छन् जति वन मासिदै जान्छ वातावरणमा त्यस्को असर पनि बढ्दै जान्छ। वनले वर्षालाई बढाउँछ। वर्षा भएपछि घाँस पात रुख बिरुवा खेतीपाती सबै उत्पादन हुन्छन्। वनले माटोको छादनको काम गर्छ। भू-क्षय रोक्छ। रुखका जराले माटो बलियोसँग समाउँछ र माटो बग्नबाट जोगाउँछ। दाउँरा, घाँस, घर गोठ बनाउने काठ प्रदान गर्छ। माटोमा प्राङ्गारिक पदार्थ थप्ने काम गर्दछ। बालीमा कीरा प्रकोप र बाली जोखिम हुनमा कमी ल्याउँछ। कृषिवन पद्धति अपनाउदा कृषि उत्पादन उत्पादकत्वमा बृद्धि मात्र नभै उत्पादकत्वमा निरन्तरता भू-उपयोगमा स्थायित्वताको साथै आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउँछ। वनले वातावरणमा सुधार ल्याउँछ। माटो र पानीको संरक्षण गर्छ। रुखले कार्वनडाईअक्साइडलाई कार्वनको रूपमा प्रयोग गर्छ र हाम्रो लागि अक्सिजन (प्राणवायु) दिन्छ। अक्सिजन अरु रुख भन्दा बढ्ता फाल्ने भएकोले नै होला पिपल रोप्ने र विष्णु भगवानको अवतार भनेर पूजा गरिन्छ। हरेक बोट बिरुवा प्राणीजगतको लागि पूज्य छन् र सबैलाई संरक्षण गर्नु पर्दछ।

आज आएर वन विनास गर्ने कामको नतिजाले उपरोक्त सबै चिजमा असर परेको छ। पानीका मुहान सुक्न थालेका छन्। भू-क्षय बढी रहेको छ। वर्षामा कमी आएको छ। जलवायु परिवर्तन भएको छ र खेती योग्य जमिन मरुभूमिमा परिणत हुदैछन्। वनमा आगो लगाउँदा वनका पातहरू, साना साना रुखहरू, वनमा भएका पशुपंछीका आवासहरू, फुलहरू, वच्चाहरू जलेर नोक्सान हुन्छन्। वनमा आगो लगाउनु र खेतीपातीमा विविध खाले विषादि प्रयोगको नतिजा कतिपय पशुपंक्षीहरू लोप हुन थालेका छन्। संरक्षणको आवश्यक्ता भएको छ। वनमा आगो लगाउने घृणित काम रोक्ने वित्तिकै जंगली जनावर र पंछीहरूमा वृद्धि आउँछ र वातावरण मैत्री बन्दछ। वनको डढेलोको रोकावट हुने वित्तिकै लोपोन्मुख पशुपंक्षीलाई संरक्षण गर्नको लागि खर्चिने बजेट अर्को क्षेत्रको विकासको लागि खर्च गर्न पाईन्छ। वन जोगाउन र कृषकलाई आफ्नै जग्गाबाट सबै सुविधा लिन कृषिवन प्रणालीलाई अपनाउन अति आवश्यक छ।

**कृषिवन प्रणाली अपनाउँदा लिनु पर्ने सावधानी**

कृषिवन प्रणाली गहिरिएर हेर्दा नयाँ प्रविधि नभएर कृषकहरूले परम्पराबाट अपनाउँदै आएको प्रणाली हो। त्यसो हुँदा यहाँ के प्रष्ट पार्न थालिएको हो भने कृषकले अवैज्ञानिक तथा अव्यवस्थित रूपले प्रयोगमा ल्याएका छन्। यसलाई व्यवस्थित रूपमा लगाउनु पर्छ भन्न मात्र खोजिएको हो। जुनसुकै बाली तथा वन्यवनस्पति डालेघाँस, भूइघाँस आदि सबै लगाउँदा तथा रोप्दा स्थानीय हावापानी तथा वातावरणमा मेलखाने खालको हुनुपर्दछ। कृषिवन प्रणालीमा सकेसम्म सीमान्त जग्गा छान्नु पर्छ। सीमान्त जमिन छान्दा खेर गइरहेको जमिन प्रयोगमा आउँछ। भू-क्षय हुनबाट जोगिन्छ। यस्तो जग्गामा माटोलाई मलिलो पार्ने खालका बाली लगाउनु पर्दछ। कुनै बाली माटोमा भएका खाद्यतत्व लिने र माटोमा भएको उर्वरा शक्तिलाई लिएर मात्रै उत्पादन दिन्छन् भने कुनै यस्ता बाली छन् जस्ले माटोबाट खाद्य तत्व लिने मात्र हैन माटोमा खाद्य तत्व पनि थप्दछन् जस्तै कोशेबाली समूह इपिलइपिल, टाँकी, कोइरालो सबै किसिमका दाल बाली घाँसे बालीहरू जस्तै क्लोभर, ढैंचा, स्टाइलो, अल्फा आदी प्रयोग गरिन्छ। दोस्रो कुरा कृषिवन प्रणाली अपनाउँदा वनका बोट र लगाएको बालीले खाद्य

तत्व लिन प्रतिस्पर्धा गर्दछन् । बाली र वनले खाद्यतत्व लिने गरी सन्तुलन मिलाउनु पर्छ । तेस्रो कुरा कृषिवन प्रणालीमा रुख भित्र लगाउने बालीले कुनै बालीले छाया मन पराउँछन् । कसैले छाया मन पराउँदैनन् । छाया चाहिने बालीमा चिया कफी जस्ता बोट पातलो छायामा लगाउन सकिन्छ । कृषिवनले सकरात्मक र नकरात्मक दुबै पक्षमा असर पार्ने भएकोले सकरात्मक पक्षलाई बढावा दिने गरेर योजना बनाएर बिरुवा लगाउनु पर्दछ ।

**एकीकृत खाद्यतत्व व्यवस्थापन र वातावरण** (Integrated plant nutrients system and Enviroment)

रसायनिक मल, रसायनिक रोग किरा र माटोको जुका मार्ने बिषादिको प्रयोगले निम्त्याएको प्रदुषणलाई न्यूनिकरण गरेर उत्पादन लिनको लागि एकीकृत खाद्यतत्व व्यवस्थापन पद्धती ( Integrated plant nutrients system), एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated pest mamament) र एकीकृत बाली व्यवस्थापन (Integrated Crop mamament) जस्ता कार्यकम सञ्चालनमा आएका छन् । तर जे जती सक्रीय हुने हो त्यति सकृय देखिदैनन् । यी कार्य पद्धतिको सबैको उद्देश्य भने दीगो कृषि उत्पादन र वातावरणीय संरक्षण नै हो । यस लेखमा म भने एकीकृत खाद्यतत्व व्यवस्थापन पद्धती (IPNS) सम्बन्धि केही कुरा प्रष्टयाउन चाहान्छु । एकीकृत खाद्यतत्व व्यवस्थापन पद्धती भनेको यस्तो पद्धती हो जसमा बिरुवालाई आवश्यक पर्ने खाद्यतत्वहरू सकेसम्म प्राङ्गारिक स्रोतबाट बिरुवाको आवश्यक्ता अनुरूप प्रयोग गर्ने यदि प्राङ्गारिक स्रोतबाट आपूर्ति गर्न नसकिएको अवस्थामा मात्र अनुमानित उत्पादनलाई आवश्यक मात्रा रसायनिक मलबाट दिइन्छ । यस पद्धतिमा हामीले माटोको अवस्थाको पहिचान गरी माटोको व्यवस्थापन, बाली व्यवस्थापन, खाद्य तत्व व्यवस्थापनलाई पनि ध्यान दिनु पर्ने हुन्छ । यी सबैको एकीकृत प्रयास गर्दा माटो दीगोरूपमा उत्पादनशील बन्छ र वातावरणमा पनि न्यून असर पर्दछ । यो पद्धति मुल्याङ्कनको आधारमा प्रयोग गरिने भएको हुँदा बालीबाट कति उत्पादन लिने हो, त्यो उत्पादन लिनको लागि कति खाद्य तत्व माटोमा चाहिने हो, हामिले दिने प्रङ्गारिक मलले कति खाद्य तत्व माटोमा थप्ने हो र कति नपुग हुने हो । सोको हिसाब गरेरमात्र नपुग मात्रा रसायनिक स्रोतबाट दिनु पर्छ ।

माटाको अवस्था जानकारी लिन माटो जाँच गर्नु पर्ने हुन्छ । मानौं माटो जाँच गर्दा बलौटे माटो भन्ने जानकारी भयो भने जरा फैलिने बालीलाई प्राथमिकता दिन सकिन्छ । दोमट माटो भयो भने सबै बाली लगाउन उपयुक्त हुन्छ भन्ने जाननकारी हुन्छ । यसरी माटो अम्लिय भन्ने जानकारी भयो भने अम्लियपना मनपराउने खालका बाली लगाउन पर्ने भन्ने सन्देश पाइन्छ । त्यसो हुँदा खेती व्यवस्थापन गर्दा आशातित उत्पादन लिन सकिन्छ, माटोको उर्वरा शक्तिलाई दीगो रूपमा कायम गर्न सकिन्छ । वातावरणमा सकरात्मक असर पर्दछ । माटो व्यवस्थापन, बाली व्यवस्थापन र खाद्यतत्व व्यवस्थापनलाई कृषक स्वयम्ले कुन चीजको कहिले कुन माध्यमबाट गर्ने हो ध्यान दिन सक्यो भने सहजै गर्न सक्दछन् । यसमा निर्णायक अवस्थालाई ध्यान दिनुपर्ने कुरामा कृषक अल्लि चनाखो हुनु पर्छ । किनकी मानिस समाजिक प्राणी हो । त्यसो हुँदा गर्न थालिएको योजनामा समाजको स्वीकार्यता, बजारको सहजता, ज्यामीको उपलब्धता, प्राकृतिक स्रोत र साधनको स्थिति र परमपराबाट प्रयोगमा ल्याइएको ज्ञान र सीपमा कृषकका कार्ययोजनाकारले स्वविवेकको प्रयोग गर्नै पर्ने हुन्छ ।

**वातावरण संरक्षणको लागि प्राङ्गारिक खेती**

विविध खाले रसायनको प्रयोगबाट माटो, पानी, वनस्पति जीव र वायुमण्डलमा निम्त्याइएको वातावरणीय प्रदुषणलाई न्यूनिकरण गर्नको लागि वर्तमान परिपेक्षमा विश्वव्यापी रूपमा प्राङ्गारिक खेतीको अवधारणा आएको छ । प्राङ्गारिक खेती भनेको रसायनिक मल रसायनिक विषादि प्रयोग नगरिने खेती हो । प्राङ्गारिक खेती गर्दा मल, बीउ पशुपंछी माटो सबै प्राङ्गारिक स्रोतबाटै प्रयोगमा ल्याउनु पर्छ । वनमा पनि रसायन प्रयोग गर्न मिल्दैन । प्राङ्गारिक खेती शुद्ध प्राकृतिक स्रोतबाट पाइने तथा बनाइने जैविक विषादिको प्रयोगबाट रोग कीराको प्रकोप घटाउने काम गर्नु पर्छ । प्राङ्गारिक खेती कसरी गर्ने भन्ने निर्देशिका र लेखरचनाहरू पनि पाइन्छन् । अत विश्वव्यापी देखिएको वातावरणीय प्रदुषणलाई प्राङ्गारिक खेतीले न्यूनिकरण गर्छ । हामी सबै प्रकृतिका वरदान हौं ।त्यसो हुँदा प्रकृतिक सम्पदालाई प्रयोगमा ल्याउने मात्र हैन यसको संरक्षण सम्बर्धन पनि गर्नु पर्छ । यसैमा हामी स्वस्थकर जीवन बिताउन सक्छौ । अन्त्यमा प्रकृतिक सम्पदालाई बचाउँ र यसैमा रमाउँ, स्वस्थ वातावरणको सिर्जना गरौं र शुद्ध वातावरणमा बाचौं, बचाउँ र नाचौं ।

**सन्दर्भ सामाग्री**

BCarson B 1992, The Land, The Farmer and The Future , ICMOD, Occasional paper 102. ICMOD, Kathmandu, Nepal


कृषि डायरी २०७६, कृषि सूचना तथा संचार केन्द्र, हरिहर भवन, ललितपुर

कृषिवन व्यवस्थापन, दिगो भूव्यवस्थापन कार्यक्रम हेल्भेटास नेपाल (२०६९)

सदानन्द जैसी एकिकृत खद्यतत्व व्यवस्थापन कार्यपुस्तिका , माटो परिक्षण सेवाशाखा हरिहरभवन काठमाडौ नेपाल(२०५८)

सदानन्द जैसी( भिरालोखेती प्रविधि, कृषि सूचना तथा संचार केन्द्र हरिहर भवन ल.पु., २०७१/७२

# पाल्पाले बालेको ज्योति कहिल्यै निभ्ने छैन ।



सूब सेन

पाल्पा पश्चिम नेपालको स्वयं ज्योति हो । यसलाई प्रज्जवलित गर्ने पाल्पालीहरू धन्य हुन् । पाल्पा प्राचीन कालदेखि नै आफ्नै सभ्यता संस्कृति र पहिचानको स्थापना, संरक्षण र सम्बर्द्धन गरिआएको क्षेत्र हो । समय समयमा शासक-प्रशासक,शासन-सत्ता परिवर्तन आएता पनि आफ्नो पहिचानप्रति गर्व गर्ने स्वाभिमानी पाल्पालीमा कहिल्यै पनि आफ्नो अहम्मा कमी, सोच-विचारमा र परिपालन गर्नुपर्ने काम-कर्तव्यमा कमजोरी आएन । यसैकारणले पाल्पा आफ्नो स्वत्को संरक्षण गर्दै आयो ।

तब त प्राचीन अर्वाचीन मध्यकाल तथा आधुनिक जुनसुकै समयको पहिचानका रूपमा रहे-भएका सांस्कृतिक, ऐतिहासिक, कला, बास्तुकला सम्बन्धित सम्पदाहरू धेरैजसो सुरक्षित र महिमा मुक्त छन् । पाल्पा-पाल्पाली सभ्यता,ऐतिहासिकता बारे यिनै बोलिदिन्छन्, सुन्नेले अरूलाई सुनाउँछन् । लेख्नेले लेखिदिन्छन् । बुझ्नेले नबुझ्केकालाई बोलाइ-बोलाई बुझाउँछन् ।

पाल्पाली चिना-पर्चीमा गरिखाने स्वभाव छ, परिखाने छैन । यसैको नाम 'पौरख' हो । पौरखीका(महिला पुरुष दुवै) लागि समुद्र कहाँ गहिरो ? हिमाल कहाँ अग्लो ? आकाश कहाँ बन्द ? संसार कहाँ अगम ? सबै त सम्मै छ, गन्तव्य भित्र, पहुँचभित्र । यो हो पाल्पाको परिभाषा ! अनि हो पाल्पाली परिचय !!

रिब्दीकोटदेखि टिस्टापारिसम्म, हिमालयदेखि गङ्गासम्मका मठ मन्दिर, मस्जिद, गुम्बा, स्तुपा, हृषिकेश स्थापना मुक्तिनाथ( मर्मत सम्भार), पाल्पा भैरव, तानसेन भगवती (पाल्पा भगवती), भैरवनाथ, मुकुन्देश्वर, शिवालयहरू, देवघाट, बराह क्षेत्र, टिस्टापारि कपिलमुनि ऋषि आश्रम आदि, पाल्पाका सुपुत्र अरनीको जस्ता महान कलाकारहरूदेखि आजका भावी सन्तति हुन् । कर्ता हुन्, कर्मवादी छन् । यसैले मूल्याङ्कनमा आकाश पाताल, हिमाल, समुद्र सबै सम्मै छ, पाल्पालीलाई ।

जुनबेला राजा रणबहादुरदेखि, बालक राजा गिर्वाण, नामर्द राजा राजेन्द्र, उद्दण्ड तथा घामड् राजा सुरेन्द्रहरूले नेपाली जनतालाई पोई को रूपमा बोकाइदिएको पारिवारिक राणा शाहीले देशलाई बन्द गरेर नेपालीलाई आँखामा पट्टि बाँधेर अन्धा बनाई राखेको बेला पनि पाल्पा क्षेत्र जसको प्रतिनिधि तथा प्रतिक तानसेन शहर, शहर बासी बाहिर अन्धा र बन्द जस्तै लागे पनि भित्रैदेखि सुक्ष्मदर्शी थिए, भविष्यद्रष्टा थिए, आफ्नो स्वाभिमानको संरक्षक र अरू निर्माता थिए । जाँगरिला थिए । यसमा गाउँ/गाउँ बासीहरू समावेश थिए, शहरबासीहरू पनि गाउँ/गाउँबासीमा सम्मिलित थिए । अतः पाल्पाली जनबल आपसमा एक थियो । वर्णाश्रम व्यवस्था थियो तर हरेक निर्माणमा परि आउँदा प्राकृतिक, मानवीय घटना वा दुर्घटनामा सब एक थिए । आपसमा जातीय, वर्णीय क्षेत्रीय तथ सांस्कृतिक समन्वय थियो । अगुवाले "होस्टे" भन्दा सबैले "हैंसे" भन्थे । जे गर्नुपर्ने बेला थियो त्यो पूरा गर्थे ।

राणा शासकहरूले तानसेन दरबार बनाए जनताको झरालीबाट, रानीमहल बनाए जनताको झरालीबाट, जुद्धसमशेरले अर्गली दरबार बनाए झरालीबाट । त्यो दरबार बनाउन त्यसबेलाको पूरा पाल्पा क्षेत्रबाट खच-पर्च बोकेर अर्गलीमा पुगेका थिए झारा लगाएका जनता । तानसेन शहरबासीले आफू जान नसक्ने अशक्त बूढाबूढी, एकल महिला/पुरुषहरू तथा चौधबर्ष पुगेकी टुहुरी बालिका तथा सोह्रवर्ष पुगेका/टुहुरा बालकहरूले समेत आफ्नो सट्टामा ज्यालादारी कामदार (खेताला) खोजी पठाउनु पर्थ्यो । गाउँ गाउँका तालुकदारहरू झारा लगेर जान्थे, काम गर्ने ठाउँमा हाजिरी लिन्थे ।

यस्तो बेलामा पनि पाल्पाली जनता ! धन्य थिए कहिले पुस्तक पढ्ने 'दलान' कहिले व्यायाम गर्ने व्यायामशाला बनाउने, योग, प्राणायाम गर्ने गराउने कार्यहरू गर्दै तानसेन शिक्षा, स्वास्थ्य, इलमको क्षेत्रमा जनजीवनको फाँटमा सुतेर बसेन, बसेर सुतेन, जाग्यो, ब्यूँझियो । मन र मुटु र पौरख लगायो । सामान्य व्यक्ति मात्र होइन पाल्पा, पाल्पाली जनजीवनमा निहित ज्योति जगायो बाल्यो । पाल्पा पुरा उज्यालो ।

यस्तो ज्योति जगाउने महान पाल्पाली हुनुहुन्थ्यो; ध्रुवघाट निवासी हिराराज शर्मा, तानसेन शहरबासी अयोध्याप्रसाद प्रधान, सेठ भगवतीप्रसाद प्रधान, अम्बिकाप्रसाद लाकौल, गुरुप्रसाद मैनली, माधवप्रसाद देवकोटा, कृष्णकुमार राजलवट, श्रीमती घनेश्वरीदेवी शर्मा (पुस्तकालय बनाउन दिएको जग्गामा धवल पुस्तकालय छ ।

यसरी पाल्पालीले बालेको ज्योतिले उज्यालिएको पाल्पामा

वि.सं २००७ सालमा कपिलवस्तु निवासी भोलानाथ शर्मा, दयाशंकर मुन्सी, तानसेन निवासी डा. चिरञ्जीवीलाल श्रेष्ठ, गुल्मी निवासी प्रयागलाल श्रेष्ठहरूले उल्लेखित उज्यालो पार्नु भयो, पाल्पा क्षेत्रका वासिन्दाका आँखा खोलिदिनु भयो । जन मानसिकताको तयारीको अवस्थामा तानसेन निवासी कमलराज रेग्मीले तानसेन पाल्पामा क्रान्तिको नेतृत्व गरेर पाल्पा एक, पाल्पाली जनबल एकको दवावले पाल्पाबाट (२००७मा) राणा शासन समाप्त भयो । ( यो नामावली जगत बहादुर जोशीज्यूको 'प्रजातन्त्रोन्मुख पाल्पाको इतिहास' शीर्षकको लेख 'पाल्पामा २००७को आन्दोलन' प्र. स्याटर्डे क्लब तानसेन, पाल्पा २०५३ बाट लिएको छ ।)

यद्यपि पाल्पाले बालेको ज्योति कहिल्यै निभ्दैन/निभ्ने छैन । यसको व्यापक रूप नेपाल राष्ट्र हो । यो ज्योति नेपाल राष्ट्र कहिल्यै निभ्ने वाला छैन । तथापि, युवा पींढीको बसाई सराई, नेपाल नेपालीहरूमा प्राकृतिक रूपमै रहे, भएको सुन्दरता, सभ्यता र सम्पन्नताप्रति अनमत्त बैंशालुहरूले आँखा लगाई(लगाई हैरान पारिरहेका छन् । यसर्थ उल्लेखित महानहरूको महानतालाई नमन गर्दै ज्योतिमा घीउ तेल थप्दै महा ज्योति बनाउन र बन्न पाल्पा, पाल्पाली समक्ष आफ्ना भावना बिसाउन चाहन्छु । इति ।

■■


विगत दश वर्षदेखि पाल्पाबाट निरन्तर रुपमा प्रकाशित हुँदै आइरहेको उत्तरदायित्व त्रैमासिक पत्रिकाले जनपक्षीय विचार सम्प्रेषण गर्न सकोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**बाबुराम रणपाल**
**प्रोपाईटर**

**फेमस कलेक्सन**

सर्टिङ्, सुटिङ एण्ड टेलरिङ्ग
तानसेन नगरपालिका-४, सिलखानटोल, पाल्पा
सम्पर्क नं: ९८४९७३३४७५

हाम्रा सेवाहरुः कोट पाइन्ट, दौरा सुरुवाल, सफारी सुट, निजामती कर्मचारी पोशाक, स्कुल कलेजका पोशाक बनाइनुका साथै सुपथ मुल्यमा तयार गरिन्छ ।



# कोरोना संक्रमणपछि कतिमा कालो फङ्गस देखिँदैछ



गोम विक्रम

वृद्ध,बालक भनेन मान्छे लगातार खायो सानो विषाणुले
अर्थतन्त्र ढलायो , हाहाकार मच्चायो सानो विषाणुले
डाक्टर,वैद्य,शास्त्र,विज्ञान सब निरीह बने यस्को सामु
मन्दिर जस्तो घर कारागार बनायो सानो विषाणुले ।

-आर.पी.सी.'संगम' (पर्वत)

साँच्चै कोरोनाको कारण विश्वका सबै मुलुक आक्रान्त भएका छन् । जनजीवन अस्तव्यस्त भो, अर्थतन्त्र ढल्यो, अस्पताल र घाटमा ठाउँ नपाइने अवस्था आयो । विज्ञान र प्रविधि पनि यसका अघि निरीह बन्न पुगे । आइसोलेसन, भेन्टिलेटर मात्र नभइ घर आएर पनि क्वारेण्टाइनमा बस्नु पर्दा धेरैको जनजीवन निकम्मा हुन पुग्यो ।

कोभिड - १९ ले यसरी प्रभाव पार्‍यो कि कुनै जाति वर्ग र पेशा र देश कतै अछुतो राखेन । रेडियो, टिभी र सामाजिक सञ्जालभरी संक्रमित, भर्ना र मृत्युका खबरहरू आइरहे आइरहे । कतिले कैयौं खर्च, समस्या र जटिलता भोगेर घर आइपुगे पनि ढुक्क छैनन् । किनकी त्यसपछि पनि विभिन्न समस्याहरू देखिन छाडेनन् । ती विभिन्न समस्याहरू मध्ये यहाँ एउटा समस्या बारे जानकारी दिलाउन खोजिएको छ त्यो हो कोभिड - १९को संक्रमणपछि देखा पर्ने कालो ढुसीको समस्या ।

हजुरहरूलाई थाहै होला पोके मकै, प्याजको बोक्रा वा रेफ्रिजरेटरभित्रको रबर इत्यादिमा देखिने कालो वस्तु, त्यसैलाई ब्ल्याक फङ्गस भनिन्छ तर हाम्रो शरिरलाई असर गर्ने ब्ल्याक फङ्गस भने अलि बेग्लै हो । तर यहाँ कुरो छ हाम्रो स्वास्थ्यमा असर गर्ने म्युकर नामक ढुसीको जुन हाम्रै वरिपरि रहेको, जताततै सजिलै पाइने कुहिएको खाना, पानी बग्ने धारा, माटो, घाँस-पतिङ्गर, फोहोर लगायतका ओसिला कुराहरूमा उब्जिन्छ । यही म्युकर प्रजातीको फंगस (ढुसी) को संक्रमणले उत्पन्न हुने एक प्रकारको जटिल समस्या हो । जुन मानिसहरू ओसिलो वातावरणमा रहेका फंगल (ढुसी) को सम्पर्कमा आएर म्युकरमाइकोसिस समात्छन् वा छोइन्छन् तिनको छालामा चोटपटक, स्क्राच (कोतरिएको), जलन वा अन्य प्रकारका छालामा हुने आघातको माध्यमबाट प्रवेश गरेपछि छालाको सोही भागमा विकासित हुन थाल्दछन् ।

यसरी ढुसी (फङ्गस) वा म्युकर शरिरभित्र प्रवेश गरेपछि त्यसले कुनै अंगको छालामुनीको मासु बिगार्दै बिगार्दै हयीसम्मै पुग्छ, अनि कोषिकाहरूलाई खाँदै जान्छ र गहिरो घाउ बनाउँछ । त्यो घाउ चाहीँ कालो-कालो देखिने भएकाले नै यसलाई ब्ल्याक फङ्गस भनिएको हो तर यो आफैंमा कालो भने हुँदैन ।

**कस्तालाई देखिन्छ त कालो फङ्गस ?**

खास गरी यो समस्या चाहीँ कोभिड-१९ निको भइसकेका वा त्यसबाट पुनश्च बिरामी भएकामा देखिएको पाइएको छ । त्यसबाहेक मधुमेह रोगी, प्रतिरक्षा प्रणाली कमजोर रहेकाहरूमा बढी देखिएको बताइन्छ । अर्थात् खासगरी :

-अनियन्त्रित मधुमेह भएकाहरू, अस्पतालमा मधुमेह भएका व्यक्ति, संक्रमित भएर होम आइसोलेसनमा बसेका थप समस्या आएका बिरामीहरू,

-स्टेरोइड औषधीको लामो समयको प्रयोगका कारण प्रतिरक्षा प्रणालीको कमजोर भएकाहरू,

-आईसीयूमा वा भेन्टिलेटरमा लामो समय अक्सिजनको सहायताले उपचारमा बसेकाहरू,

-अंग प्रत्यारोपण गरेका तथा क्यान्सरमा केमोथेरापी गराएकाहरू खासमा दीर्घरोगी जस्तै क्यान्सर, मृगौला, मुटु, अंग प्रत्यारोपण गर्नेहरू,

-भोरिकोनाजोल थेरापी (गम्भीर फङ्गल संक्रमणको उपचार गर्न प्रयोग गरिने) लिएकाहरू,

नेपालमा शुरूमा बैशाखको तेश्रो हप्तामा विरगञ्जका एक जना वृद्धमा देखा परेको र तत्पश्चात बाँके र अहिले काठमाडौंको त्रिवि शिक्षण अस्पताल, वीर अस्पतालका बिरामीहरूमा समेत देखा परिसकेको छ । भारतको दिल्ली, गुजरात, मुम्बई क्षेत्रमा त १२ हजारभन्दा बढीको मृत्यु भैसकेको छ ।

**कालो फङ्गस किन कोभिड-१९ सँग सम्बन्धित छ ?**

प्रायः माटोमा र पात, कम्पोष्ट र कुहिने जैविक पदार्थहरूमा देखा पर्ने यसको सूक्ष्मजीवहरूको समूहलाई म्युकोरामाइट्स भनेर चिनिन्छ, जुन वातावरणमा प्राकृतिक रूपमा उपस्थित हुन्छन् ।

हाम्रो शरीरको प्रतिरक्षा प्रणालीले सामान्य अवस्थामा त सफलतापूर्वक त्यस्ता फङ्गल संक्रमणहरूसँग लड्दछ । हामी जान्दछौं

कोभिड-१९ ले हाम्रो प्रतिरक्षा प्रणालीलाई असर गर्छ । यसबाहेक कोभिड-१९ बिरामीहरूको उपचारमा डेक्सामेथासोन जस्तै औषधीहरू समावेस गराई नियमित सेवन गरिन्छ । यसले हाम्रो प्रतिरक्षा प्रणालीको प्रतिक्रियालाई दबाउँछ । यसैले पनि कोभिड-१९ बिरामीहरूलाई म्युकोरामाइट्स जस्ता जीवहरूको जोखिमको सामना गर्नुपर्छ । त्यसै गरी कोभिड बिरामीहरू जो आईसीयूमा अक्सिजन थेरापीमा हुन्छन्, अनि जहाँ ह्युमिडिफायर प्रयोग गरिएको हुन्छ, ओसको जोखिमको कारण पनि फङगल संक्रमणको उत्तिकै खतरा हुन्छ । तर यसको अर्थ यो होइन कि प्रत्येक कोभिड बिरामीलाई म्युकरमाइकोसिसले संक्रमण हुनेछ । मधुमेह नभएको व्यक्तिहरूमा भने यो समस्या असामान्य हो तर यदि तत्काल उपचार गरेन भने यो घातक हुन सक्छ । पूर्ण रूपमा उन्मुक्ति पाउनका लागि भने प्रारम्भिक निदान र उपचारमा निर्भर गर्दछ ।

बाल, वृद्ध, युवा, प्रौढ सबैमा त्रास भरेको छ,
अस्पताल नै पुगे पनि बाँच्ने आशा मरेको छ,
गाउँ, शहर हुँदै देश नै सोर्त्यान पायी कोरोनाले,
कठै ! शवले पनि जल्न पालो कुर्नुपरेको छ ।
–मन्दा पौडेल (नुवाकोट)

समयमै उचित निदान, उपचार र आवश्यक होशियारी पुगेन भने पुरै गाउँ, शहर र देशै सोर्त्यान नपार्ला भन्न सकिँदैन ।इटली र छिमेकी मुलुकको हविगत देखिएकै हो लाश जलाउने ठाउँ नभएर कन्त बिजोग !!

**कसरी सर्छ होला त यो कालो फङ्गस ?**

कालो फङ्गस खासमा कोरोना भाइरस जस्तो हावाको माध्यमबाट सजिलै सर्ने नभइ बिरामीलाई अक्सिजन दिँदा प्रयोग गरिने उपकरणहरूमा लागेको ढुसी, सरसफाइमा उचित होशियारी र ध्यान नदिँदा अन्यमा पनि सर्न सक्छ । फोक्सोमा कालो फङ्गसले श्वासप्रश्वासको माध्यमबाट क्षति पुऱ्याउन सक्छ । शरीरमा कतै घाउ वा जलेको भए संक्रमण त्यहीबाट शरीरका अन्यत्र शरीरको जुनसुकै अङ्गमा फैलिन सक्छ सो भाग काम नलाग्ने बनाउन सक्छ । अहिलेसम्म नाक, मुख, आँखाको वरिपरिको भागमा लागेकोले अपरेसन गरी हटाएको देखिएको छ । आँखामा भए ज्योति गुम्ने, टाउकोमा भए ब्रेन ट्युमर, दिमागमा भए मृत्यु हुने हुन्छ ।

**सामान्य लक्षणहरू के के हुन् ?**

सामान्यतया कोरोना संक्रमणको लक्षण देखिएको २ देखि ४ हप्तासम्म कालो फङ्गसको समस्या देखिन्छ । यसको संक्रमण भएको ११ देखि ६) दिनसम्म पनि समस्या देखिरहन सक्छ । यो म्युकरमाइकोसिस निधार, नाक, गालाको हयी र आँखा र दाँतको पछाडि रहेको छालाको संक्रमणको रूपमा देखिन थाल्छ । यो त्यसपछि आँखा, फोक्सोमा फैलिन्छ र दिमागमा पनि फैलिन्छ । आँखा रातो हुने सुन्निने, दुख्ने लगायत बान्ता पखाला चल्ने, संक्रमण भएको अनुसारको एकापट्टीको पाटोले छोएको थाहा नपाउने वा कम हुने जस्ता लक्षणहरू देखिने हुन्छ । नाक बन्द हुने, पँहेलो, पीप र रगत मिसिएको खकार आउने मुख बाङ्गो हुनेसम्म हुन्छ । आँखाको दृष्टी धमिलो हुने वा डबल देखिने तथा दृष्टि क्षमता कमजोर हुने हुन्छ । त्यसैगरी छाती दुख्ने, सास फेर्न गाह्रो र रगतको खोकी गराउँदछ। छालाको रंग रातो, निलो वा अन्तिममा कालो जस्तो देखिन थाल्छ । मुखको भित्रपट्टी माथिल्लो भाग तालुमा पनि कालो देखिन थाल्छ ।

अरू थप लक्षणहरू निम्न प्रकार छन :

–कोभिडपछि टाउको दुख्ने तरोताजा अनुभव नहुने
–नाक वा वरिपरिको भाग वा साइनसमा दुख्ने
–मुखको माथिल्लो भागमा कालो धब्बा देखिने
–आँखामा दुखाइ र कहिलेकाहीं दृष्टि हराउने
–अनुहारको दुखाई हुने इत्यादी

**रोकथाम तथा उपचार के छ होला ?**

डरै डरको पहाड चुलियो आज कोरोनाको नाउँले
लाशको गन्ती दिनहुँ बढाउँछ उस्तै शहर र गाउँले
हातमुख धुनु संक्रमितलाई छोएँ भन्ने सोचेर बारम्बार
नत्र बचाउँदैन हामीलाई विश्वको कुनै पनि ठाउँले ।
–हिरा शर्मा (बिश्वनाथ, असम)

साँच्चिकै हिरा शर्माजीले भन्नू भए जस्तै हरेक पटक संक्रमितलाई छोएँ भन्ठानेर हातमुख धोए जस्तै उपयुक्त सचेतता अपनाउन सकिएन भने लाशको गन्ति बढाउनु शिवाय केही हुँदैन । कोभिड-१९ को संक्रमण पछि अन्य होशियारी भएन भने ब्ल्याक फङ्गसको समस्या बिस्तारै बढ्दै जान थाल्छ । तर कोभिड-१९ पछि अनिवार्य देखिने पोष्ट रोग नभई पुरानै रोग हो र प्रतिरोधात्मक क्षमता कमजोर हुनेमा प्रायः देखिन्छ ।

–छालाको संक्रमणबाट सुरू हुने यस प्रकार कालो फङ्गस बिस्तारै बिस्तारै शरीरको अन्य भागहरूमा फैलिन सक्छ । उपचारमा शल्य चिकित्सकले अवस्था हेरिकन सबै मृत र संक्रमित तन्तु हटाउनु पर्ने हुन्छ त्यस्तो अवस्थामा कतिपय बिरामीहरूमा माथिल्लो बङ्गाराको समस्या वा कहिलेकाँही आँखाको समस्या भएमा अवस्था अलि जटिल पनि बन्न सक्छ ।

–मधुमेह नियन्त्रण भनेको सबैभन्दा पहिले रोकथाम विधिहरू मध्ये एक हो । यसैले, कोभिड-१९ बिरामीहरू जो मधुमेह रोगीहरूले अत्यन्त सावधानी अपनाउनु पर्छ ।

–यसले शरीरका विभिन्न अंगहरूलाई असर गर्ने भएकोले यसको उपचारको लागि सूक्ष्म जीवविज्ञानी, आन्तरिक चिकित्सा विशेषज्ञ, इन्टीभेसिस्ट न्यूरोलोजिस्ट, इ।एन।टी। विशेषज्ञ, नेत्र रोग विशेषज्ञ, दन्त चिकित्सक, शल्यचिकित्सक र अन्यहरूको समूह चाहिने पनि हुन्छ ।

–स्टेरोइड बाहेक, कोभिड-१९ औषधीहरू ( जस्तै Tocilizumob, Itolizumab) को प्रयोगले प्रतिरक्षा प्रणालीलाई दबाउने र उचित प्रयोग नभएमा जोखिम बढ्छ फलस्वरूप शरीरको प्रतिरक्षा प्रणाली फङ्गल संक्रमणसँग लड्न असफल हुन्छ ।

–अक्सिजन थेरापीमा बिरामीहरूका लागि यो सुनिश्चित गर्नुपर्दछ कि ह्युमिडिफायरमा पानी सफा छ र नियमित रूपमा रिफिल हुन्छ। पानीको चुहावट नभएको कुरा सुनिश्चित गर्न ध्यान दिनुपर्दछ । बिरामीहरूले आफ्नो हात र शरीर सफा राखेर उचित स्वच्छता कायम गर्नुपर्दछ ।

बाँच्न पाउँ भन्ने केवल एक मात्र छ रहर मान्छेलाई
लहर बनी आइरहेको छ विषाणु जहर मान्छेलाई
मृत्युसँग लडेका छन् अस्पतालका शय्या शय्यामा
विश्वयुद्ध भन्दा कम छैन कोरोना कहर मान्छेलाई ।

-प्रदीप प्रखर पोखरेल (रेसुङ्गा,गुल्मी)

साँच्चै कोरोना बिषाणुको लहरले मान्छेहरूलाई मृत्युसँग लड्न बाध्य बनाएको छ। दुनियाँले चिनेकै छ विश्वयुद्ध भन्दा कम छैन कोरोना कहर । त्यसैले पनि यसबाट बच्नका लागि मास्क , जुत्ता, लामो खालको ट्राउजर, लामै खालको स्लीभ शर्ट र पञ्जाको चलन गर्नुपर्छ । बगैँचामा जाँदा, खेतबारीमा काम गर्दा लामो बाहुला भएका कपडा लगाउने गर्नुपर्छ । दिनको तीन चार पटक तातो पानीको साथै प्रोभिडोन आयोडिन प्रयोग गरेको मन तातो पानीले नियमित रूपमा गार्गल गर्नुपर्दछ । त्यसैगरी व्यक्तिगत सरसफाईमा सदैव सचेत रहनु अति आवश्यक छ ।

–तर चिकित्सकको निगरानी बेगर आफूखुशी स्टेरोइड औषधी प्रयोग गर्नु हुँदैन । मुखलाई बेटाडिन वा नून पानीले गार्गल गर्ने र नियमित दाँत माझेर मुखको सफाईलाई अपडेट गरिरहनु पर्दछ । मधुमेह वा सुगरको रोगी भए त्यो पनि नियन्त्रित रहनै पर्छ ।

–पिनास जस्तो समस्या भए सुरूमै उपचार गरे जोगिन सजिलो हुन्छ त्यसका लागि सिगानमा रगत आउने आँखा सुन्निने भए बेलैमा उपचार गरिहाल्नुपर्ने हुन्छ नत्र चुप्प लागेर बस्दा जटिल अवस्थामा पुगेका भए शल्यक्रिया गरी फङ्गसले खाएका भागहरू जस्तै मासु, आँखा समेत निकाल्नु पर्ने हुन्छ ।

वरपर चारैतिरको वातावरण सुख्खा र सरसफाइयुक्त राखिरहनु पर्दछ । कोभिड-१९ का रोगीको उपचारमा खटिएका भए निकै सतर्क रहनुपर्छ । अक्सिजनको ट्युब, मास्क, बिरामी बिरामीमा साटिनु हुँदैन ।

भेन्टिलेटरमा राखिएको बिरामीको ह्युमिडिफायरको पानी हरेक दिन फेरिदिइरहनुपर्दछ नत्र त्यसैमा ढुसी (फङ्गस) पलाएर नाकबाट छिरेर समस्या सुरू भैहाल्दछ ।

**सन्दर्भ सामग्रीः**


(१) के हो'ब्ल्याक फङ्गस' ? कसरी बच्ने?
डा. बिनिता शर्मा, डा. खेमराज भुषाल

हिमाल खबरपत्रिका, बिहीबार, १३ जेठ, २०७८

(२) सावधान, ब्ल्याक फङ्गसबाट संक्रमितमध्ये ५० प्रतिशतको ज्यानै जान सक्छ ! माया श्रेष्ठ, रातोपाटी, जेठ १८, २०७८

(३) कोभिड भारतः कोरोना भाइरस भएका मानिसमा 'औषधिले काम नगर्ने सेतो ढुसी सङ्क्रमणको जोखिम' सौतिक विश्वास बिबिसी न्युज, भारत संवाददाता, २ जुन २०२१



*विगत दश वर्षदेखि पाल्पाबाट निरन्तर रुपमा प्रकाशित हुँदै आइरहेको उत्तरदायित्व त्रैमासिक पत्रिकाले जनपक्षीय विचार सम्प्रेषण गर्न सकोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।*



**नवराज शर्मा**
**प्रोपाईटर**

**आदर्श मोटर पार्ट्स**

***मैनाबगर(क)लाईन, बुटवल, रुपन्देही***

*मोबाईल: ९८४७०४७६३२ फोन: ०७१-५५०६३२*

*हामीकहाँ महेन्द्रा गाडिको सम्पूर्ण पार्ट्सहरु पाउनुका साथै मर्मत तथा डेन्टिङ, पेन्टिङ गरिन्छ ।*

गायत्री लम्साल

# कुर्चीखेलको रमिता



सम्माननीय, माननीय अनि आदरणीय मेरा समस्त महानुभावहरूमा यो लकडाउनको घरमै बसीबसी हुनेले खाउन र नहुनेले दुःख पाउनको  समयमा कुर्चीखेलको रमितामा रमाउनु हुन विनम्र अनुरोध गर्दछु । अचम्मकै छ यो खेल ।  खेल्नेले खेले भयो, हेर्नेले हेरे भयो, पेल्नेले पेले भयो यत्ति मात्र कहाँ हो र हजुर । हारिन्छ कि जस्तो छनक आयो भने संविधान र कानुन नै फेरे भयो । खेलहरूमा सबैभन्दा उत्तम खेल हो क्या कुर्चीखेल । हाम्रो देशको भूगोल अनि यहाँको समग्र परिस्थितिलाई मध्यनजर लगाउँदा यस कुर्चि खेललाई राष्ट्रिय खेल बनाउँदा कतैबाट पनि विरोध नहुने कुराको तातोमिठो अनुभव  हामी सबैलाई भैरहेको छ ।

कसलाई के को सूर्ता कसलाई के को सूर्ता भनेको त परापूर्वकालदेखि नै सुन्दै आइरहेका हौं । आज आएर देशका सम्माननीय, माननीय अनि उच्च पदस्थ आदरणीयहरूलाई कुर्ची जोगाउनकै सूर्ता भएकोमा कसैले पनि टाउको दुखाउने बिर्ता पाएका छैनौं । हामी सबै वैज्ञानिक युगका आधुनिक नागरिकहरू राष्ट्रियताको मूल मर्म, राष्ट्रप्रेम र राष्ट्रभक्तिको केन्द्रबिन्दु भनेको नै आफू र आफ्नाको कुर्ची बचाउनु हो भन्ने कुरा यो कोरोना महामारीको विपदको समयमा सबैलाई चेतना भयो । देश मरेन केही हुँदैन, नागरिक मरेर केही हुँदैन मर्न नहुने भनेको नै आफू र आफ्नाको कुर्ची हो । कोही पनि हार्न नहुने खेल भनेकै कुर्ची खेल हो ।

वा ! कमालको छ खेल । यो खेल खेल्न थालेपछि जीवनभरि कोही पनि विश्राम लिन जान्दै जान्दैनन् । उमेरले पाँचबीस पुग्न लाग्दा पनि खेलाडिहरू थाक्दै थाक्दैनन् । आफू बसेको कुर्ची आफू बाँचुन्जेल अरुलाई दिन मान्दै मान्दैनन् । यदि मानिहाले भने पनि सम्पूर्ण रुपमा आफ्नो जस्तै रुप, गुण, क्षमता र बंश भएकालाई मात्र मुश्किलले दिन्छन् । यो खेलको केन्द्रिय विशेषता भनेको नै यही हो । यी र यस्तै यस्तै विशेषताहरूको धनीभएकोले नै अबको राष्ट्रिय खेल बन्ने पालोमा यो खेल अग्रपङ्तिमा रहेको छ । सबैले रुचाउने खेल । सबैलाई हेर्दा आनन्द लाग्ने खेल । देशका सम्पूर्ण नागरिकहरू केही न केही रुपमा समेटिन सक्ने बहुआयामिक गुण भएको खेल हो क्या यो ।

सदाबहार खेल हो यो । जुनसुकै मौसम, ऋतु, परिस्थिति, अवस्था जे जस्तो सुकै भए पनि आनन्दले, निकै जुक्ति, बुद्धि लगाएर खेलिन्छ यो खेल । सके आफ्नो कुर्ची आजीवन मात्र होइन पुस्तौ पुस्तालाई जोगाएर राख्ने नसके अरुलाई, अर्कोलाई दिनुभन्दा बरु भाँचेर फाल्नु उत्तम मानिन्छ यस खेलमा । यो खेल खेल्ने नियम, विधि र पद्दतिहरू ठ्याक्कै यस्तै छ भन्नलाई तपाइँ हामीलाई समस्या नै पर्दछ । साँझसम्म भएको नियम रातारात फेरिन्छ । दिउसोमा हारेको कुर्चीले भोलिपल्ट उज्यालो हुँदा पुनः जितेको हुन्छ । जे जसरी भएपनि साम, दाम, दण्ड भेद सबै हत्कडी उपयोग गरेर यो खेल खेलिन्छ । अरु खेलमा त एउटाको जित र अर्कोको हार निश्चित हुन्छ तर यो खेलमा भने त्यसको सुनिश्चितता हुँदैन । हार्नेले पनि हड्ताल, आन्दोलन, चक्का जाम, नेपाल बन्द, पुनःचुनावको धन्दा गरेर भएपनि जित्छ । सबैको जित हुने अचम्मको खेल हो यो ।

यो खेल खेल्नमा रहर लागेपछि कसैको कोहीको केही तागत चल्दैन । देशमा आगलागी होओस् कि महामारीले थलापारोस् । कसैलाई केहीको पर्वाह हुँदैन । नागरिक आधाआधी मरे पनि खेलाडीलाई केही चासो हुँदैन । नागरिकहरू रोग, भोक र शोकले ग्रसित हुँदापनि खेल निरन्तर अझ उच्च रफ्तारमा चलिरहन्छ । अजम्बरी खेल हो यो हाम्रो देशको । नागरिक मर्दा, देश मर्दा, सभ्यता र संस्कृति मर्दा समेत यो खेल रोकिदैन । यस खेलका खेलाडीहरूको एउटा रौँलाई समेत असर पर्दैन । यसको प्रत्यक्षदर्शी त अहिले तपाइँ हामी बनिरहेका छौं ।

देश कोरोना महामारीले थला परेको छ । रोग, भोक र शोकमा देश लखतरान परेको छ । उपचारको अभावमा, अक्सिजनको अभावमा नागरिकहरू मरिरहेका छन् । राज्यको लागि जम्मा यति जना भन्ने भएता पनि परिवारको सदस्य गुमाएका परिवारको लागि त्यो सर्वस्व हो भन्ने कुरा खेलको रमितामा कसले चेतोस् ? यस्तो अवस्थामा पनि कुर्चीखेल निकै चर्को गतिमा खेलिरहेका छन् । खेलाडीहरू खेल्नकै लागि रातारात नियम फेरेका छन् । कुन कानुनको कुन दफा संसोधन गर्दा आफ्नो कुर्ची जोगिन्छ त्यही दफा र बुँदा फेरिरहेका छन् ।

कुर्ची खेलको रमितामा कोही पनि पछि छैनन् । सरकार मात्र होइन प्रतिपक्ष, अतिपक्ष, खति पक्ष, मति पक्ष लगायत आउरे, बाउरे,

चाउरे सबै पक्षहरू सबै एकनासका छन् । सबैलाई चाहिने कुरो भनेको कुर्ची नै हो । नोट खर्च गरेर पाएका भोटको सदुपयोग गर्ने भनेको कुर्चीले हो भन्ने कुरा सबैले बुझेका छन् । त्यसैले हुनुपर्छ कुर्चीका लागि तछाड मछाड गर्दै सबै भिडेका छन् । कुर्चीको र मितामा सबै कुरा छुट छ । सयौं जना माक्स चिउँडोमा लगाएर सर्वोच्चको ढोगभेट सबैलाई पाच्य छ । सांसद एउटा पार्टीको,भोट अर्को पार्टीलाई त्यो पनि ठीक छ । एउटै पार्टीका एक दुई तीनचार पाँच....फुट, झुट अनि लुट त्यो पनि प्रशंसनीय ....अरु के नै पो बाँकी रह्यो र ?

साँच्चै हो यस खेल खेल्ने खेलाडीहरू बत्तिस होइन चौसट्ठी गुणले भरिपूर्ण छन् । नत्रभने यस्तो महामारीको बेलामा खेल लाई निरन्तरता दिन अन्य खेलमा भएको भए कसले पो सक्थ्यो होला र ? निषेधाज्ञाको बेलामा पनि निरन्तर चलिरहेको छ खेल । नागरिक घर घरमा थुनिएका छन् । देशभित्रका सबै व्यापार व्यवसायहरू बन्द छन् । यो खेल बाहेक अन्य खेलहरू पनि सबै बन्द छन् । तर अन्य सामान्य अवस्थामा दिउसोमा बढी फस्टाउने यो कुर्चीखेल यो समयमा त झन् दिउसोमा दुई गुणा अनि रातमा छ गुणा फस्टाएको छ । एकै रातमा तौलिनै नमिल्ने गरी मोटाएको छ । कसैले समेल्नै नसक्ने गरी मातेको छ । सर्वोच्चले समेत गाँठो फुकाउन नसक्ने गरी कूर्चिलाई जोगाउने गाँठो कसेको छ ।

यस खेलको चर्तिकला त मैले भन्दा बढी हजुरहरूले हेर्नुभएको छ । सबैले सबैलाई चिन्नुभएको छ । यस खेलमा भागलिने जुनसुकै क्षेत्रका, भेगका अन्य मिल्ने जति सबैका खेलाडीहरू कोही पनि कमजोर छैनन् । मात्र सबैले आफूलाई गतिलो अन्यलाई अगतिलो भन्न जानेका छन् । आफूलाई बलियो र अन्यलाई निर्बलियो भनेका छन् । राम्रो काम जति आफ्नो कुर्चीले गरेको अनि नराम्रो काम जति अर्कोको कूर्चिले गरेको भन्नमा निकै सिपालु छन् । आफ्नो गल्ति देख्दै नदेख्ने, आफ्नो कमजोरी महशुस गर्दै नगर्ने यो खेलको सबैभन्दा उत्तम विचार हो । खेलाडीहरू जुनसुकै वाद र विधाबाट आएका भएता पनि सबैको वादले सिकाएको मूल विचार भनेको,मूल सिद्धान्त भनेको,मूल घोषणापत्र भनेको आफ्नो गल्ति र कमजोरी नस्वीकार्नु हो । सबैको सिद्धान्त र विचारको प्रतिनिधित्व गर्ने कुरामा भाषणवाद, आसनवाद र आदर्शवादप्रमुख स्थानमा पर्दछ ।

यस खेल खेल्नको लागिचाहिने खेलाडीहरूमा चाहिने गुणहरू केही निम्न प्रकार रहेका छन् । निरन्तर ढाँटिरहन सक्ने गुण । आवश्यकता अनुसार मारकाट, झैझगडा गर्न सक्ने गुण । परेको खण्डमा आफ्नै टिमका साथीलाई घात र प्रतिघात गर्न सक्ने गुण । समय परिस्थिति अनुसार खेललाई आफ्नो पोल्टामा पार्नको लागि साम, दाम, दण्ड भेदले भरिपूर्ण भएकादर्जनौ सुन्ड,मुण्ड र मुन्द्रेहरूलाई पाल्न सक्ने क्षमता भएको गुण । कुर्ची जोगाउनको लागि सबैले हुकुमको एक्कालाई बचाएर राख्न सक्ने गुण । चाकरी र चाप्लुसी गर्न निकै भरिपूर्ण गुण । यस्तै यस्तै अरु खेलमा प्रयोग कहिल्यै नहुने हजारौं गुणहरू हुनुपर्छ यस खेलमा विजयी हुनलाई । तपाइँ हामी जस्ता सीधा साधाहरू कहिल्यै यस खेलमा भाग लिन योग्य हुँदैनौ । कहीं कतैबाट नाम परिहाल्यो भने पनि लेखेर राख्नोस् विजयी त कहिल्यै हुँदैनौ । अझ भन्दा दिउसोमा विजयी भइयो भने पनि त्यही राती हार भएको प्रमाणपत्र दिन्छन् । इतिहास साक्षी छ नपत्याउने हिम्मत नगर्नुभए हुन्छ ।

हजुरहरूलाई थाहा नै छ खेल खेल्नु स्वास्थ्यको लागि निकै लाभदायक हुन्छ । आ-आफ्नो शरीरको आवश्यकता अनुसार सबैलाई फरक - फरक खेल खेल्न मनपर्छ । तपाइँ हामीमध्ये पनि कसैलाई फुटबल मन पर्ला त कसैलाई भलिबल । त्यस्तै कसैलाई अन्य धेरै खेलहरू मनपर्न सक्छ । संविधानले दिएको स्वतन्त्रतालाई कुर्ची खेलको रमिताले छेकेन भने तपाइँ हामी पनि कुर्चीखेलमा सहभागी हुन मिल्छ । खेलाडी बन्ने कि रमिते यहाँहरूको इच्छा अनुसार हाजिर हुनुहोला ।

■■


***क्यामपसका विशेषताहरू :***

*-दक्ष तथा अनुभवी प्राध्यापकबाट पठनपाठन हुने ।*

*-कम्प्युटर तथा इन्टरनेटको सुविधा सम्पन्न ल्यावको व्यवस्था ।*

*-सबै विद्यार्थीहरुका लागि पाठ्यपुस्तकहरुको व्यवस्ता ।*

*-सुविधा सम्पन्न भवन, खेल मैदान साथै आउन जानका लागि यतायातको व्यवस्था ।*

***संचालन भएका संकायहरू :***

*- व्यवस्थापन* *- शिक्षा*

*- मानविकी* *- समाजशास्त्र*

*- पत्रकारिता*

**राधेश्याम ज्ञवाली**
**क्यामपस प्रमुख**

**तानसेन बहुमुखी क्यामपस**

*तानसेन नगरपालिका-७, काजिपौवा,पाल्पा*

*फोन:* ०७५५२२४५०,०७५-५२०५९७
*फेसबुक:* facebook.com/tansenmultiple
*ईमल:* tansenmultiple@gmail.com

स्वच्छ,सुन्दर,मनोरम,ऐतिहासिक,कला,धर्म,संस्कृतिले भरिपूर्ण यो हो हाम्रो पर्यटकीय स्थान पाल्पा भैरवस्थान

**मन्दिरका विशेषताहरु:**

- १६ औं शताब्दीका राजा मणिमुकुन्द सेनद्वारा स्थापित
- एसियाकै सबैभन्दा ठूलो, सुनौलो रङको त्रिशुल भएको मन्दिर
- अखण्ड धुनी जलिरहने अखण्ड दीप बलिरहने मन्दिर
- जयमुनि ऋषिद्वारा जल उत्पन्न गरिएको प्राचीन जयधारा
- एक माना, एक मुठी र एक पाथी रोट चढ्ने
- चामल तथा गहुँको पिठोबाट बनाउने प्रसादी (रोट)
- नाथ सम्प्रदायका योगी (पुजारी) द्वारा पूजा आराधना
- जुनसुकै वार वा तिथिमा पनि पूजा चलिरहने
- काल भैरव, वटुक भैरव र काली देवी (माई) को पूजा अर्चना
- नेपालकै शक्ति पिठहरु मध्येमा परिचित पाल्पा भैरव
- भाकल अनुसार पञ्चेबाजा सहितको पञ्चबली दिइने

**मन्दिरबाट प्राप्त हुने सेवाहरु:**

- चढाउन ल्याएका बलीका टाउका लिने व्यवस्था
- विवाह, पिकनिकको लागि आवश्यक सामग्रीको व्यवस्था
- अर्डर अनुसार माना, पाथिको रोट तयार गरिदिने व्यवस्था
- रात्री बास तथा खानाको व्यवस्था
- शौचालय तथा स्नान घरको व्यवस्था
- उडाउनका लागि परेवा पाउने व्यवस्था
- चढाएका बली सफा गरिदिने (पोली दिने) व्यवस्था
- रुद्री, लक्ष्यवर्ती, ब्रतबन्ध, विवाहको लागि पण्डित व्यवस्था
- माना तथा पाथीको रोट पकाइदिने व्यवस्था
- अर्डर अनुसार बलीको लागि बोका, कुखुरा, राँगा आदिको व्यवस्था
- मन्दिर दर्शन, पूजा गर्न आउने अशक्त, अपाङ्ग दर्शनार्थी भक्तजनको लागि विशेष दर्शनको व्यवस्था

**श्री भैरवनाथ मन्दिर व्यवस्थापन समिति**

रिब्दीकोट-४,भैरवस्थान, पाल्पा,लुम्बिनी प्रदेश

कार्यालय फोन नं:०७५-६९०६७७,९८५७०६५९०९,९८४७१०३६६६

Email:palpabhairavtemple@gmail.com

Website: www.palpabhairavtemple.org

विगत १० वर्ष देखि पाल्पाबाट नियमित रुपमा प्रकाशित उत्तरदायित्व त्रैमासिकले राष्ट्र र जनताको सेवामा समर्पित भई जनपक्षीय विचारलाई सम्प्रेषण गर्न सकोस् अनि जनताको पत्रिका बन्न सकोस् भन्दै उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

जितमान श्रेष्ठ
सचिव

एवं

मिन बहादुर बुढाथोकी
अध्यक्ष

**पाल्पा भैरव लियो क्लब**

रिब्दीकोट-४,भैरवस्थान, पाल्पा

विगत १० वर्ष देखि पाल्पाबाट नियमित रुपमा प्रकाशित उत्तरदायित्व त्रैमासिकले राष्ट्र र जनताको सेवामा समर्पित भई जनपक्षीय विचारलाई सम्प्रेषण गर्न सकोस् अनि जनताको पत्रिका बन्न सकोस् भन्दै उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

महेन्द्र खाती
प्रोपाईटर

**लिपिन्देवी ट्रेडर्स एण्ड लाईट हाउस**

तानसेन-४,विशालबजार, पाल्पा

सम्पर्क नं: ९८५७०६५७१८,९८४७००३७१८

हामीकहाँ लाईट,डुमलाईट,झुमरलाईट,तार लगायत बिजुलीका सम्पूर्ण सामानहरु थोक तथा फुटकर मुल्यमा उपलब्ध गराइनुका साथै हाउस वायरिङ पनि गरिन्छ ।

प्राकृतिक जीवन, बैकल्पिक चिकित्सा पद्धति

योग तथा प्राकृतिक चिकित्सा अस्पताल




प्राकृतिक उपचारको सिद्धान्तबाट २१औं शताब्दीको बहुआयामिक स्वास्थ्य सेवाका लागि वैकल्पिक चिकित्सा पद्धतीलाई अंगालौं कुनैपनि जीर्ण रोगबाट मुक्ति पाऔं ।

हामीकहाँ एकीकृत उपचार प्रणालीद्वारा पुराना रोगहरुको उपचार गरिन्छ ।

## हाम्रा सेवा तथा सुविधाहरु

- ढाड, कम्मर तथा जोर्नी दुख्ने
- हातगोडा लुलो, झमझम गर्ने
- हातगोडा माथि उठाउन नमिल्ने
- पाठेघरको खराबी
- सेतो पानी बगिरहने
- अनिन्द्रा, कम्पन, मतिभ्रम, बिर्सिने बानी
- प्यारालाईसिस, पक्षघात
- मुख बाङ्गिने
- दाद, उकत, पत्थरी
- सुन्निने वा कक्रक्क पर्ने
- बाथ, दम, पिनास
- पाईल्स, ग्याष्ट्रिक, कब्जियत
- ब्रोङकाईटिस













ओम कालिका होमियोप्याथिक अस्पताल प्रा.लि.

**Om Kalika Homoeopathic Hospital (P.) Ltd.**

बुटवल उप-म.न.पा.-१३, कालिकानगर, रुपन्देही, नेपाल, फोन: ०७१-४१५२३७

मो.: ९८४७५८६१६१, ९८५७०३४२९७, ९८४७०५९४९९, ९८४७१९५५०८